बर्ष १ अंक ६

# महान्यायाधिवक्ताको कार्यालयको
# बुलेटिन

## २०६८, फाल्गुण/चैत्र

**प्रकाशक**

महान्यायाधिवक्ताको कार्यालय

रामशाहपथ, काठमाडौं

**संरक्षक**

महान्यायाधिवक्ता

श्री मुक्तिनारायण प्रधान

**सल्लाहकारहरु**

नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला

नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्की

नायब महान्यायाधिक्ता श्री राजनारायण पाठक

**सम्पादन समिति**

नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला - संयोजक

उपन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी - सदस्य

शाखा अधिकृत श्री सोमकान्त भण्डारी - सदस्य सचिव

मुद्रणः- गणपति अफसेट प्रेस, फोनः ४२४८२६९

प्रकाशन संख्याः ५०० प्रति

# विषय - सूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यको विवरण | ५ |
| २. | पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण | ६ |
| ३. | जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण | ७ |
| ४. | गतिविधिहरू | १० |
| | (क) सरकारी वकीलका लागि आधारभूत प्रशिक्षण कार्यक्रम | १० |
| | (ख) वैदेशिक तालिममा सहभागिता | १२ |
| | (ग) नेपाल न्याय सेवा सरकारी वकील समूहका अधिकृतहरुको बढुवा | १२ |
| | (घ) नयाँ वर्षको शुभकामना कार्यक्रम | १३ |
| ५. | फौजदारी कानून सम्बन्धी विधेयकहरूको सम्बन्धमा आयोजित अन्तरक्रियात्मक कार्यक्रमहरू | १४ |
| | (क) काठमाडौं, (अनुसन्धान अधिकृतसँग) | १४ |
| | (ख) धनगढी | १९ |
| | (ग) दाङ | २२ |
| | (घ) काठमाडौं, (न्यायाधीश र सरकारी वकीलसँग) | २५ |
| ६. | बहस नोट | २९ |
| ७. | पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यलयहरूको मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरू | ४५ |
| | (क) पुनरावेदन सरकारी वकील कार्यालय | ४५ |
| | (ख) जिल्ला सरकारी वकील कार्यालय | ५२ |
| ८. | मासिक तथा वार्षिक प्रतिवेदन फाराम भर्ने निर्देशिका,-२०६९ | ५८ |
| | (क) पुनरावेदन सरकारी वकील कार्यालय | ५८ |
| | (ख) जिल्ला सरकारी वकील कार्यालय | ६५ |

## १. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यको विवरण, २०६८ फाल्गुण/चैत्र

| सि.नं. | पद | सरकारी वकिलको नाम | बहस पैरबी संख्या | |
|---|---|---|---|---|
| | | | फाल्गुण | चैत्र |
| १ | महान्यायाधिवक्ता | श्री मुक्तिनारायण प्रधान | ७ | १० |
| २ | नायब महान्यायाधिवक्ता | श्री पुष्पराज कोइराला | ५३ | ८५ |
| ३ | नायब महान्यायाधिवक्ता | श्री सूर्यप्रसाद कोइराला | १३८ | २२२ |
| ४ | नायब महान्यायाधिवक्ता | श्री प्रेमराज कार्की | ९२ | ५३ |
| ५ | नायब महान्यायाधिवक्ता | श्री राजनारायण पाठक | २९ | १०२ |
| ६ | सहन्यायाधिवक्ता | श्री युवराज सुवेदी | ६३ | ९४ |
| ७ | सहन्यायाधिवक्ता | श्री सरोजप्रसाद गौतम | ४७ | ५३ |
| ८ | सहन्यायाधिवक्ता | श्री ठोकप्रसाद शिवाकोटी | १११ | ८० |
| ९ | सहन्यायाधिवक्ता | श्री महेशकुमार थापा | ५२ | ५० |
| १० | सहन्यायाधिवक्ता | श्री किरण पौडेल | ५६ | ११३ |
| ११ | सहन्यायाधिवक्ता | श्री समीर सिलवाल | ३३ | २५ |
| १२ | सहन्यायाधिवक्ता | श्री महेश शर्मा पौडेल | १२४ | १३४ |
| १३ | सहन्यायाधिवक्ता | श्री कृष्णजीवी घिमिरे | १५८ | १७० |
| १४ | सहन्यायाधिवक्ता | श्री कृष्णप्रसाद पौडेल | ५७ | ६० |
| १५ | उपन्यायाधिवक्ता | श्री योगराज बराल | ८९ | ९६ |
| १६ | उपन्यायाधिवक्ता | श्री धर्मराज पौडेल | ७१ | २९ |
| १७ | उपन्यायाधिवक्ता | डा. टेकबहादुर घिमिरे | ४४ | १० |
| १८ | उपन्यायाधिवक्ता | श्री सूर्यनाथप्रकाश अधिकारी | ० | ३ |
| १९ | उपन्यायाधिवक्ता | श्री तेजनारायण पौडेल | २० | १८ |
| २० | उपन्यायाधिवक्ता | श्री भरतलाल शर्मा | | ७४ |
| २१ | उपन्यायाधिवक्ता | श्री रमेश शर्मा पौडेल | १०७ | ९ |
| २२ | उपन्यायाधिवक्ता | श्री रेवतीराज त्रिपाठी | ११० | १०२ |
| २३ | उपन्यायाधिवक्ता | श्री खेमराज ज्ञवाली | २२ | ० |
| २४ | उपन्यायाधिवक्ता | श्री हरिप्रसाद रेग्मी | ५२ | ५४ |
| २५ | उपन्यायाधिवक्ता | श्री गंगाप्रसाद पौडेल | ० | १४ |
| २६ | उपन्यायाधिवक्ता | श्री मदनबहादुर धामी | ६ | १४ |
| २७ | उपन्यायाधिवक्ता | श्री शंकरबहादुर राई | ४६ | ७१ |
| २८ | उपन्यायाधिवक्ता | श्री उद्धवप्रसाद पुडासैनी | ५२ | ७१ |

**नोट : एउटा मुद्दामा एक भन्दा बढी सरकारी वकील खटिएकोमा खटिएका सरकारी वकीलले बहस पैरवी गरेको मानी बहस पैरवी संख्या उल्लेख गरिएको ।**

## २. पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण, २०६८ फाल्गुण

| सि नं. | कार्यालयको नाम | मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण | | | | | | | | पेशी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लागत | फछ्र्यौट: कसूर वा दावी कायम | फछ्र्यौट: कसूरमा सफाई वा दावी खारेज | फछ्र्यौट: मुल्तवी /तामेली | फछ्र्यौट: मुद्दा फिर्ता | फछ्र्यौट: मिलापत्र | जम्मा | बाँकी | पेशीमा चढेको मुद्दा संख्या | बहस पैरवी गरेको संख्या | सरकारी वकीलबाट स्थगित संख्या |
| १ | पु.स.व.का. इलाम | १४४ | ३५ | १७ | ० | ० | ० | ५२ | ९२ | ४०३ | २६८ | ५५ |
| २ | पु.स.व.का. विराटनगर | ११०३ | १०१ | १६२ | ० | ० | ० | २६३ | ८४० | | | |
| ३ | पु.स.व.का. धनकुटा | ११८ | १८ | २१ | १ | ० | ० | ४० | ७८ | २३० | १५३ | ६४ |
| ४ | पु.स.व.का. राजविराज | ७०२ | १३६ | १३३ | २४ | ० | ० | २९३ | ४०९ | | | |
| ५ | पु.स.व.का. जनकपुर | ६६० | १४३ | ५८ | ० | ० | ० | २०१ | ४५९ | १४७४ | ९६७ | १५८ |
| ६ | पु.स.व.का. हेटौंडा | ७६० | १७७ | १३९ | १२ | ० | ० | ३२८ | ४३२ | | | |
| ७ | पु.स.व.का. पाटन | | | | | | | ० | ० | | | |
| ८ | पु.स.व.का. पोखरा | ५०० | ९५ | ४८ | ० | ० | ० | १४३ | ३५७ | ८७० | ६७४ | १६० |
| ९ | पु.स.व.का. बाग्लुङ | ९९ | ९ | १ | ० | ० | ० | १० | ८९ | २०६ | १५४ | ३८ |
| १० | पु.स.व.का. बुटवल | ३५८ | ४६ | २१ | ५ | ० | ० | ७२ | २८६ | | | |
| ११ | पु.स.व.का. तुल्सिपुर | २०२ | ३८ | १८ | ० | ० | ० | ५६ | १४६ | ४७२ | १६८ | ३९ |
| १२ | पु.स.व.का. सुर्खेत | १९३ | ४१ | ८१ | ० | ० | ० | १२२ | ७१ | | | |
| १३ | पु.स.व.का. नेपालगंज | ४१० | १०१ | २२ | १ | ० | ० | १२४ | २८६ | | | |
| १४ | पु.स.व.का. जुम्ला | ३९ | २ | २ | ० | ० | ० | ४ | ३५ | ४४ | ३६ | ८ |
| १५ | पु.स.व.का. दिपायल | ११२ | ० | ० | ० | ० | ० | ० | ११२ | | | |
| १६ | पु.स.व.का. महेन्द्रनगर | १०० | १९ | २२ | ३ | ० | ० | ४४ | ५६ | २७४ | २१४ | १४ |
| | जम्मा | ५५०० | ९६१ | ७४५ | ४६ | ० | ० | १७५२ | ३७४८ | | | |

**नोट : सम्बन्धित कार्यालयहरूबाट तथ्यांक प्राप्त नभएको हुँदा खाली राखिएको छ।**

## ३. जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण, २०६८ फाल्गुण

| सि नं. | कार्यालयको नाम | मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण | | | | | | | | पेशी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | फछ्र्यौट | | | | | | | | | |
| | | लागत | कसूर वा दावी कायम | कसूरमा सफाई वा दावी खारेज | मुल्तवी /तामेली | मुद्दा फिर्ता | मिलापत्र | जम्मा | बाँकी | पेशीमा चढेको मुद्दा संख्या | बहस पैरवी गरेको संख्या | सरकारी वकीलबाट स्थगित संख्या पेशी |
| १ | ताप्लेजुङ | | | | | | | ० | ० | | | |
| २ | पाँचथर | ११३ | २१ | ३ | ० | ० | ० | २४ | ८९ | २७३ | ७४ | ८ |
| ३ | इलाम | १७० | ७८ | ६ | ४ | ० | ० | ८८ | ८२ | २३० | २०१ | २९ |
| ४ | झापा | ६२७ | ४९ | २ | ० | ० | ० | ५१ | ५७६ | ६८२ | ६३६ | १० |
| ५ | तेह्रथुम | ८८ | ६१ | ४ | १ | ० | ० | ६६ | २२ | ४२ | २५ | १८ |
| ६ | संखुवासभा | ८० | १९ | २ | ० | ० | ० | २१ | ५९ | २०४ | १३९ | २८ |
| ७ | भोजपुर | ६४ | १० | १ | ० | ० | ० | ११ | ५३ | १४७ | ७३ | ९ |
| ८ | धनकुटा | ७० | २३ | ० | ० | ० | ० | २३ | ४७ | १७१ | १२६ | ४५ |
| ९ | मोरङ्ग | | | | ० | ० | ० | ० | ० | | | |
| १० | सुनसरी | | | | | | | ० | ० | | | |
| ११ | सोलुखुम्बु | ३० | ४ | १ | ० | ० | ० | ५ | २५ | | | |
| १२ | ओखलढुङ्गा | ५७ | ११ | ८ | ३ | ० | ० | २२ | ३५ | | | |
| १३ | खोटाङ | ५९ | ४ | ० | ० | ० | ० | ४ | ५५ | | | |
| १४ | उदयपुर | १९४ | ३६ | १६ | ६ | ० | ० | ५८ | १३६ | | | |
| १५ | सप्तरी | ६०४ | ० | ० | ० | ० | ० | ० | ६०४ | | | |
| १६ | सिराहा | ८०१ | ४२ | ४३ | ० | ० | ० | ८५ | ७१६ | | | |
| १७ | रामेछाप | | | | ० | ० | ० | ० | ० | | | |
| १८ | सिन्धुली | १०२ | २० | ० | १ | ० | ० | २१ | ८१ | | | |
| १९ | धनुषा | ७७९ | २४ | ३ | ० | ० | ० | २७ | ७५२ | | | |
| २० | महोत्तरी | ३५० | ५४ | ७ | ० | ० | ० | ६१ | २८९ | | | |
| २१ | सर्लाही | | | | ० | ० | ० | ० | ० | | | |
| २२ | रौतहट | ४९० | ४९ | ३२ | ० | ० | ० | ८१ | ४०९ | | | |
| २३ | बारा | ३१४ | ५६ | १४ | १ | १ | ० | ७२ | २४२ | | | |
| २४ | पर्सा | ६९५ | १६९ | ३९ | २ | ० | ० | २१० | ४८५ | | | |
| २५ | मकवानपुर | ४४५ | ० | ० | ० | ० | ० | ० | ४४५ | | | |
| २६ | चितवन | ५३५ | ४७ | ३० | ० | ० | ० | ७७ | ४५८ | | | |
| २७ | दोलखा | १०९ | ३४ | २ | १ | ० | ० | ० | १०९ | | | |
| २८ | सिन्धुपाल्चोक | १५० | ७ | ० | ० | ० | ० | ७ | १४३ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | काभ्रेपलाञ्चोक | २५३ | ० | ० | ० | ० | ० | ० | २५३ | | | |
| ३० | भक्तपुर | | | | ० | ० | ० | ० | ० | | | |
| ३१ | ललितपुर | | | | | | | ० | ० | | | |
| ३२ | काठमाडौं | ४७७५ | ५६२ | ३५३ | ८ | ० | ० | ९२३ | ३८५२ | २०४१ | १९०५ | ७६ |
| ३३ | नुवाकोट | १८० | ३७ | ७ | ० | ० | ० | ४४ | १३६ | | | |
| ३४ | रसुवा | ४२ | ८ | १ | ० | ० | ० | ९ | ३३ | | | |
| ३५ | धादिङ | २९२ | १ | ० | ० | ० | ० | १ | २९१ | | | |
| ३६ | गोर्खा | १४७ | २७ | २ | ० | ० | ० | २९ | ११८ | २२२ | २०५ | १७ |
| ३७ | तनहुँ | २२३ | ७२ | ८ | १ | ० | ० | ८१ | १४२ | ४१८ | ८१ | ६७ |
| ३८ | लमजुङ | २२१ | १४ | १ | १० | ० | ० | २५ | १९६ | | | |
| ३९ | मनाङ | ५ | ३ | ० | ० | ० | ० | ३ | २ | | | |
| ४० | कास्की | ९५५ | २३४ | ३१ | ३० | ० | ० | २९५ | ६६० | | | |
| ४१ | स्याङजा | १२५ | ५६ | ९ | ० | ० | ० | ६५ | ६० | २५० | २४३ | ७ |
| ४२ | मुस्ताङ | ९ | ३ | २ | ० | ० | ० | ५ | ४ | ९ | ७ | ० |
| ४३ | म्याग्दी | ६२ | १० | ३ | ० | ० | ० | १३ | ४९ | १४९ | १४० | ९ |
| ४४ | वाग्लुङ | १९८ | ३४ | ६ | ० | ० | ० | ४० | १५८ | १९८ | ६२ | ११ |
| ४५ | पर्वत | ७१ | ४ | ० | ० | ० | ० | ४ | ६७ | १४८ | ५९ | ७ |
| ४६ | पाल्पा | ९० | २४ | ० | ० | ० | ० | २४ | ६६ | | | |
| ४७ | गुल्मी | ७८ | २१ | १ | ० | ० | ० | २२ | ५६ | | | |
| ४८ | अर्घाखाँची | | | | ० | ० | ० | ० | ० | | | |
| ४९ | नवलपरासी | ३३२ | ५९ | ५ | ० | ० | ० | ६४ | २६८ | | | |
| ५० | रुपन्देही | ७६४ | ० | ० | ० | ० | ० | ० | ७६४ | | | |
| ५१ | कपिलवस्तु | ३९१ | ६३ | ३ | ० | ० | ० | ६६ | ३२५ | | | |
| ५२ | दाङ | ५५६ | १७२ | ५१ | १ | ० | ० | २२४ | ३३२ | ३१८ | २०६ | ८ |
| ५३ | सल्यान | ४६ | ११ | ५ | ० | ० | ० | १६ | ३० | १०१ | ६५ | ४८ |
| ५४ | प्युठान | ४२ | १३ | ० | ० | ० | ० | १३ | २९ | ९० | ५१ | ० |
| ५५ | रुकुम | ५० | ३ | १ | २ | ० | ० | ६ | ४४ | ९१ | ८७ | ४ |
| ५६ | रोल्पा | ५१ | १० | ३ | ० | ० | ० | १३ | ३८ | ९२ | ८१ | १ |
| ५७ | सुर्खेत | ३३४ | ७२ | १६ | ० | ० | ० | ८८ | २४६ | | | |
| ५८ | दैलेख | ५६ | ११ | ३ | ० | ० | ० | १४ | ४२ | | | |
| ५९ | जाजरकोट | | | | ० | ० | ० | ० | ० | | | |
| ६० | बाँके | ११७५ | १०४ | ३३ | ० | ० | ० | १३७ | १०३८ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | बर्दिया | २२४ | ७७ | १८ | ० | ० | ० | ९५ | १२९ | | | |
| ६२ | डोल्पा | २० | ६ | ० | ० | ० | ० | ६ | १४ | ११ | १२ | ० |
| ६३ | जुम्ला | २३ | २ | २ | ० | ० | ० | ४ | १९ | २२ | ११ | २ |
| ६४ | मुगु | २३ | ३ | ० | ० | ० | ० | ३ | २० | २ | ३ | ० |
| ६५ | हुम्ला | २० | ० | ० | ० | ० | ० | ० | २० | ० | ० | ० |
| ६६ | कालिकोट | १४ | ३ | ० | ६ | ० | ० | ९ | ५ | २५ | २२ | ५ |
| ६७ | बझाङ | ६९ | ४ | २ | ० | ० | ० | ६ | ६३ | | | |
| ६८ | बाजुरा | २५ | ११ | ० | ० | ० | ० | ११ | १४ | | | |
| ६९ | अछाम | ३९ | ८ | ६ | ० | ० | ० | १४ | २५ | | | |
| ७० | डोटी | २० | ८ | २ | ० | ० | ० | १० | १० | | | |
| ७१ | कैलाली | ५२१ | ५८ | २ | ० | ० | ० | ६० | ४६१ | | | |
| ७२ | कञ्चनपुर | | | | ० | ० | ० | ० | ० | | | |
| ७३ | डडेल्धुरा | ४७ | १८ | १ | ० | ० | ० | १९ | २८ | ७६ | ५३ | २ |
| ७४ | वैतडी | २८ | ० | ० | ० | ० | ० | ० | २८ | ३४ | २१ | ४ |
| ७५ | दार्चुला | ३६ | ८ | ४ | ० | १ | ० | १३ | २३ | ३० | ३० | ० |
| | जम्मा | | | | | | | ० | ० | | | |

नोट : सम्बन्धित कार्यालयहरूबाट तथ्यांक प्राप्त नभएको हुँदा खाली राखिएको छ।

## ४. गतिविधिहरू

### (क) सरकारी वकीलका लागि आधारभूत प्रशिक्षण कार्यक्रम

मिति २०६८।११।०१ गते सोमबार देखि २०६८।११।०६ शनिबारसम्म महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत राजपत्रांकित द्वितीय तथा तृतीय श्रेणीका सरकारी वकीलहरूका लागि आधारभूत प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा पुनरावेदन, दोहोऱ्याई पाउने मस्यौदा, प्रस्ताव विषयमा सहन्यायाधिवक्ता श्री रमेशकुमार पोखरेल, सफल अभियोजनमा अनुसन्धान अधिकृतको भूमिका विषयमा प्रहरी नायब उपरीक्षक श्री मुकुन्द आचार्य, देवानी मुद्दाको जाँचबुझ र फिरादपत्र विषयमा सहन्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी र प्रभावकारी अभियोजनको रणनीति सम्बन्धी विषयमा पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौलाले प्रशिक्षण प्रदान गर्नु भएको थियो ।

अभियोगपत्र लेखन शैली र ढाँचा विषयमा सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, अभियोगपत्र लेखन, व्यावहारिक अभ्यास विषयमा उपन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, पुनरावेदन, दोहोऱ्याउने र अन्य निवेदन विषयमा उपन्यायाधिवक्ता श्री लक्ष्मीराम ढुंगाना, बहस व्यवस्थापन तथा  बहसकला विषयमा सहन्यायाधिवक्ता श्री युवराज सुवेदी, अभियुक्तको बयान (प्रामाणिक मूल्य र अभियुक्तका अधिकारहरू) विषयमा उपन्यायाधिवक्ता श्री मदनबहादुर धामी, विधि विज्ञान सम्बन्धी आधारभूत ज्ञान विषयमा डा. तुलसी कंडेल र विशेषज्ञको प्रतिवेदन (Report), प्रतिवेदनको व्याख्या र पारिभाषिक शब्द सम्बन्धमा डा. हरिहर वस्तीले प्रशिक्षण संचालन गर्नु भएको थियो ।

यसैगरी रिट निवेदन, प्रतिरक्षा र लिखित जवाफ सम्बन्धमा सहन्यायाधिवक्ता श्री किरण पौडेल, बहस नोट विषयमा उपन्यायाधिवक्ता श्री धर्मराज पौडेल, कानूनी राय विषयमा श्री योगराज बराल, अनुसूची बाहिरका मुद्दाको अभियोजन र प्रतिरक्षा विषयमा सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल, अपराधको अनुसन्धान र निर्देशन विषयमा डा. रजितभक्त प्रधानाङ्ग, साक्षी र विशेषज्ञको परीक्षण विषयमा सहन्यायाधिवक्ता श्री महेशकुमार थापा र कार्यालय व्यवस्थापन र नेतृत्व विकास विषयमा नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला र नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्कीले सहभागीहरूलाई प्रशिक्षण दिनु भएको थियो ।

छ दिन सम्म संचालन भएको प्रशिक्षण कार्यक्रममा प्रशिक्षकहरूबाट प्रशिक्षणका क्रममा सैद्धान्तिक र व्यावहारिक ज्ञान समेत प्रदान गरिएको र विभिन्न सरकारी वकील कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको कार्य अनुभव आदान प्रदान र समस्या समाधानका सम्बन्धमा गरिएको छलफल समेतले भावी दिनमा सरकारी वकीलहरूबाट सम्पादन हुने कार्य सहज, सरल, गुणस्तरीय, प्रभावकारी हुने महसुस गरिएको छ । प्रशिक्षण कार्यक्रमको संयोजन महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल, व्यवस्थापनकर्ताको रूपमा महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता द्वय श्री धर्मराज पौडेल, श्री रेवतीराज त्रिपाठी, प्रतिवेदकमा शाखा अधिकृत श्री सोमकान्त भण्डारी रहनु भएको थियो भने कार्यक्रमको अन्य व्यवस्थापनमा नायब सुब्बा श्री नारायणप्रसाद घिमिरे, टा.ना.सु. श्री गजेन्द्रकार के.सी., श्री दीपक पुडासैनी, श्री प्रकाश घिमिरेले गर्नु भएको थियो । यसैगरी आर्थिक प्रशासन सम्बन्धी कार्य महान्यायाधिवक्ताको कार्यालयका लेखापाल श्री उमेश्वर काफ्लेले गर्नु भएको र कार्यक्रम संचालन र व्यवस्थापनका लागि प्रशासन महाशाखा आवश्यक सहयोग प्राप्त भएको थियो ।

महान्यायाधिवक्ताको कार्यालय, अभियोजन प्रशिक्षण केन्द्रद्वारा आयोजित महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको आधारभूत प्रशिक्षण कार्यक्रम (२०६८/११/०१-०६) मा सहभागीहरूको नामावली देहाय बमोजिम रहेको छः

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री देवकुमार गिरी | जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.धादिङ्ग |
| २ | श्री टेकेन्द्रप्रसाद सुवेदी | जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.उदयपुर |
| ३ | श्री कृष्णजंग शाह | उप न्यायाधिवक्ता | पु.स.व.का.जनकपुर |
| ४ | श्री ध्रुबकुमार चौहान | उप न्यायाधिवक्ता | पु.स.व.का.हेटौंडा |
| ५ | श्री नारायणबहादुर थापा | उप न्यायाधिवक्ता | पु.स.व.का.राजविराज |
| ६ | श्री केशवप्रसाद पन्त | शाखा अधिकृत | पु.स.व.का.विराटनगर |
| ७ | श्री उमाकान्त पौडेल | शाखा अधिकृत | म.न्या.को कार्यालय |
| ८ | श्री मनोजकुमार आचार्य | जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.पाँचथर |
| ९ | श्री केशवप्रसाद रेग्मी | सहायक जिल्लान्यायाधिवक्ता | जि.स.व.का.झापा |
| १० | श्री चन्द्रकुमार पोखरेल | शाखा अधिकृत | अ.दु.अ.आयोग |
| ११ | श्री आनन्दप्रसाद शर्मा | शाखा अधिकृत | पु.स.व.का.बुटवल |
| १२ | श्री कृष्णचन्द्र पाण्डे | शाखा अधिकृत | म.न्या.को कार्यालय |
| १३ | श्री रत्नप्रकाश गिरी | जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.अछाम |
| १४ | श्री फटिकराज मुडभरी | जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.बझाङ |
| १५ | श्री कृष्णबटु भण्डारी | जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.संखुवासभा |
| १६ | श्री एकराज अधिकारी | सहायक जिल्लान्यायाधिवक्ता | जि.स.व.का.महोत्तरी |
| १७ | श्री जयप्रसाद श्रेष्ठ | सहायक जिल्लान्यायाधिवक्ता | जि.स.व.का.स्याङजा |
| १८ | श्री भोलानाथ निरौंला | जिल्ला न्यायाधिवक्ता | जि.स.व.का.ताप्लेजुङ |
| १९ | श्री रमेशकुमार कटुवाल | शाखा अधिकृत | पु.स.व.का.जनकपुर |
| २० | श्री बद्रीप्रसाद नेपाल | शाखा अधिकृत | जि.स.व.का.काभ्रेपलांचोक |
| २१ | श्री रामहरि भट्टराई | शाखा अधिकृत | पु.स.व.का.विराटनगर |
| २२ | श्री विजयकुमार श्रेष्ठ | शाखा अधिकृत | जि.स.व.का.सुनसरी |
| २३ | श्री कृष्णप्रसाद बराल | शाखा अधिकृत | जि.स.व.का.सिन्धुली |
| २४ | श्री महेशप्रसाद खत्री | शाखा अधिकृत | जि.स.व.का.बाजुरा |
| २५ | श्री द्रोणदत्त पौडेल | शाखा अधिकृत | जि.स.व.का.डडेल्धुरा |
| २६ | श्री रामइश्वर राय यादव | शाखा अधिकृत | जि.स.व.का.महोत्तरी |
| २७ | श्री तारानाथ शर्मा | शाखा अधिकृत | जि.स.व.का.वाग्लुङ |
| २८ | श्री प्रकाशबहादुर भण्डारी | शाखा अधिकृत | जि.स.व.का. कञ्चनपुर |
| २९ | श्री गोपीकृष्ण श्रेष्ठ | शाखा अधिकृत | पु.स.व.का. हेटौंडा |

**(ख) वैदेशिक तालिममा सहभागिता**

भारत सरकारको सहयोगमा Cyber Law, Competition Law तथा Secured Transaction Law सम्बन्धी जनवरी ३० देखि फ्रेबुअरी १७, २०१२ मा सञ्चालन भएको तालिममा महान्यायाधिवक्ता कार्यालय र मातहतका कार्यालयहरूमा कार्यरत सहन्यायाधिवक्ताहरू श्री खगराज पौडेल, श्री शंकरराज बराल, उपन्यायाधिवक्ताहरू श्री राजेन्द्रप्रसाद श्रेष्ठ, श्री रमेश शर्मा पौडेल, श्री खेमराज ज्ञवाली, श्री शंकरबहादुर राई, सहायक जिल्ला न्यायाधिवक्ताहरु श्री बाबुराम अधिकारी, श्री सत्यनारायण यादब र शाखा अधिकृत श्री सन्तोषकुमार गिरी सहभागी हुनु भयो ।

**(ग) नेपाल न्याय सेवा, सरकारी वकील समूहका अधिकृतहरूको बढुवा**

**१. राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८।११।२९ को निर्णयानुसार देहायका नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्रांकित द्वितीय श्रेणीका सरकारी वकीलहरूको सोही सेवा, समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा मिति २०६८।१०।१५ देखि जेष्ठता कायम हुने गरी बढुवा भएको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री नारायणप्रसाद पौडेल |
| २ | श्री धर्मराज पौडेल |
| ३ | श्री विश्वराज कोइराला |
| ४ | डा. टेकबहादुर घिमिरे |

**२. राजपत्रांकित द्वितीय श्रेणीको पदमा बढुवा**

नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्रांकित तृतीय श्रेणीको पदमा कार्यरत राजेशकुमार कटुवाल नेपाल न्याय सेवाबाट संचालित आन्तरिक प्रतिस्पर्धामा सफल भई सोही सेवा, समूहको राजपत्रांकित द्वितीय श्रेणीको पदमा मिति २०६८।०९।०८ देखि जेष्ठता कायम हुने गरी बढुवा हुनु भएको छ ।

यसैगरी नेपाल सरकारको मिति २०६८।११।१९ को निर्णयानुसार देहायका नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्रांकित तृतीय श्रेणीका सरकारी वकीलहरूको सोही सेवा, समूहको राजपत्रांकित द्वितीय श्रेणीको पदमा मिति २०६८।१०।१५ देखि जेष्ठता कायम हुने गरी बढुवा भएको छ ।

| सि.नं. | नाम, थर |
|---|---|
| १ | श्री यदुनाथ शर्मा |
| २ | श्री पुण्यप्रसाद पाठक |
| ३ | श्री हरिशंकर ज्ञवाली |
| ४ | श्री कृष्णराज पन्त |
| ५ | श्री टेकबहादुर कार्की |
| ६ | श्री रमादेवी पराजुली |
| ७ | श्री महानन्द दाहाल |
| ८ | श्री गोविन्दप्रसाद उपाध्याय |
| ९ | श्री हिमालयकुमार त्रिताल |
| १० | श्री रमेशकुमार सुवेदी |
| ११ | श्री एकनारायण लम्साल |

## (घ) नयाँ वर्षको शुभकामना कार्यक्रम

महान्यायाधिवक्ताको कार्यालयमा नव वर्ष २०६९ को पूर्व सन्ध्यामा मिति २०६८।१२।०१ गते शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालय तथा उपत्यकाका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको समेत उपस्थिति रहेको थियो । नव वर्षको उपललक्ष्यमा महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानले आगामी वर्ष नयाँ संविधान निर्माण तथा त्यस संविधानले हाम्रो संस्था र कानूनी व्यवस्थामा पार्ने प्रभावका आधारमा समेत नयाँ वर्ष वास्तवमै नयाँ र महत्वपूर्ण वर्षको रहने छ । नयाँ वर्षको अवसरमा हामीमा रहेका गलत प्रवृत्ति, कार्य शैलीलाई त्यागी आगामी दिनमा नयाँ ढंगले जाने सुअवसरको रूपमा यसलाई लिन सकौं भन्दै सबै सरकारी वकील, कर्मचारी तथा परिवारजनमा समेत नयाँ वर्षको शुभकामना व्यक्त गर्नु भएको थियो । सरकारी वकील तथा कर्मचारीको तर्फबाट नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठकले महान्यायाधिवक्तालाई सरकारी वकील तथा कर्मचारीको तर्फबाट नयाँ वर्षको शुभकामना व्यक्त गर्दै महान्यायाधिवक्ताले ल्याउनु भएका संस्थागत सुदृढीकरणका कार्यक्रम अति नै महत्वपूर्ण रहेका र त्यस अनुसार कार्य गर्न सबैको साथ र सहयोग रहनेछ भन्नु भयो । कार्यक्रमको सञ्चालन तथा उद्घोषण सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेलले गर्नु भएको थियो ।

## ५. फौजदारी कानून सम्बन्धी विधेयकहरूको सम्बन्धमा आयोजित अन्तरक्रियात्मक कार्यक्रमहरू

### (क) काठमाडौं, (अनुसन्धान अधिकृतसँग) कार्तिक ४ र ५

डानिडा ह्यूगोको आर्थिक सहयोगमा महान्यायाधिवक्ताको कार्यालयको तथा कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) को सहकार्यमा कार्तिक ४ र ५ गते काठमाडौंमा व्यवस्थापिका संसदको विधेयक समितिमा विचाराधीन रहेका फौजदारी कानून सम्बन्धी विधेयकहरूका सम्बन्धमा काठमाडौं उपत्यकामा कार्यरत अनुसन्धान अधिकृत (प्रहरी) को सहभागितामा छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको पहिलो सत्रको अध्यक्षता महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानले गर्नु भएको थियो भने दोस्रो सत्र (छलफल सत्र) को अध्यक्षता नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्कीले गर्नु भएको थियो । उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुति पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौला र पूर्व कानून सचिव श्री माधव पौडेलले गर्नु भएको थियो । कार्यपत्र प्रस्तुति र छलफल पश्चात सहभागीहरूबाट प्राप्त भएका सुझावहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः

**१. फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू**

| दफा | सुझाव तथा प्रतिक्रिया |
|---|---|
| दफा ८ | • Disputable Principle.<br>• Degree of Recklessness Mistaken of Fact लाई Specify नगर्दा अनुसन्धान निष्प्रवाही हुने । |
| दफा २७ | • मामुली हानि नोक्सानी भएकोमा कसुर नहुने ।<br>• मालुली हानिको स्पष्ट परिभाषा गरिनुपर्ने ।<br>• मामुली हानिको सन्दर्भमा कुरा गर्दा कतिपय अवस्थामा संवेदनशील स्थानमा सामान्य विषय पनि कुनै परिस्थितिमा कसैका लागि असामान्य हुन सक्छ । ( दफा १८७ सँग बाझिएको छ ।<br>• मामुली भन्ने कुरा विषयगत हो । यो व्यक्ति व्यक्तिबीचमा फरक हुनु सक्छ । कसैलाई कुनै विषय सानो हुन सक्छ भने कसैलाई त्यही कुरा ठूलो पनि हुन सक्छ त्यसैले यो दफालाई स्पष्ट रूपमा व्याख्या हुनु पर्दछ ।<br>• प्रजातान्त्रिक राष्ट्रमा अपराधीकरण गर्ने अधिकार कानूनलाई हुन्छ । अदालतले अपराधकीकरण गर्न सक्दैन । |
| दफा २९ | • स्ट्रिक लायविलिटिमा आपराधिक मनसाय परीक्षण नहुने भन्ने उल्लेख छ तर Absolute दायित्वको फरक नसमेटिएको ।<br>• स्ट्रिक लायविलिटिमा निम्नतम डिग्री आपराधिक मनसाय हुनु पर्दछ । |

| | |
|---|---|
| दफा ३२, ३३, ३४, ३५ | • अपराध अनुसार सजाय हुनुपर्ने सामान्य फौजदारी कानूनको सिद्धान्त विपरीत मतियरलाई मुख्य अपराधी सरह सजाय गर्ने व्यवस्था अवराधको गम्भीरता/सजायको परिमाणको सिद्धान्तसँग बाझिन्छ ।<br>• व्यवहारमा असहज वा समस्या हुने भएकोले अदातलबाट यो दफा पूर्ण रूपमा लागू हुन सक्दैन । |
| दफा ३८ | • तथ्यको भ्रममा आपराधिक मनसाय नभएको अवस्थामा दफा ८ को व्यवस्थासँग बाझिन्छ ।<br>• आपराधिक मनसाय बिना के अपराध गर्न सकिन्छ । |
| दफा ५८ | • राष्ट्रपति उपर आक्रमण गर्न नहुने व्यवस्थाले बाँकीलाई चाँहि आक्रमण गर्न हुने भनेको हो ? यो आफैमा विभेदकारी दफा हो । प्राकृतिक व्यक्ति र कानूनी व्यक्तिको बारेमा स्पष्ट जानकारी हुनुपर्ने । |
| दफा १०१ | • अपराध अनुसन्धाको प्रक्रिया अन्तर्गत अनुसन्धान, निष्कर्ष तत्व वा उपलब्धिको रूपमा रहेने भएकोले सबै अनुसन्धानमा सफलतानै हात लाग्छ भन्ने हुँदैन । त्यसैले यो व्यवस्थाले राजनीतिक चलखेल बढ्ने हुनाले अपराध झन् बढ्ने देखिन्छ । |
| दफा १८७ | • दफा २७ सँग बाझिएको । |
| दफा २०२ | • न्युनतम सुविधा सुनिश्चित गराउने दायित्व कसको हो ? राज्यको हो कि प्रहरीको यो व्यवस्थाले सोझै प्रहरी कर्मचारीको मनोबल घटाउने तर्फ प्रेरित छ । मानव अधिकारको संरक्षण गर्ने पहिलो दायित्व राज्यको हुन्छ । यदि कुनै व्यक्तिले अनैतिक कार्य गऱ्यो भने त्यो अपराध हुन्छ तर राज्यले गऱ्यो भने त्यो मानव अधिकार हनन हुन्छ । |
| दफा २९० | • प्रहरीले केवल सार्वजनिक कानूनको लागू गर्न सक्दछ । तर वैयक्तिक कानूनको लागू गर्न सक्दैन । त्यसैले करार वैयक्तिक कानून हो । जेलको सजाय दिनु भन्दा क्षतिपूर्ति दिनुनै न्यायोचित हुन्छ । |

**प्रतिक्रयाहरू**

- फौजदारी कसुरमा सम्बन्धित कानूनको दफा २ मा जातीय हिंसाका विषय थप गर्न सकिन्छ । साथै मानवीय कानूनका विषयलाई पनि थप गर्ने सकिन्छ । क्षतिपूर्तिसँग व्यवस्थापन पनि आउनु पर्छ । परिच्छेद ४ फौजदारी कसुर सम्बन्धित विधेयकको दफा ३(घ) अन्तर्गतको दफामा सामान्य विषयमा ढुङ्गाले हानेको छ भने क्षम्य हुन सक्छ तर गम्भीर अपराध जस्तै बलत्कार जस्तो अपराधमा क्षम्य हुँदैन । यसैले यो प्रावधान स्पष्ट हुनुपर्दछ,
- दफा १८७ अन्तर्गत दुरुत्साहनको स्पष्ट व्याख्यानै छैन । यो दफालाई स्पष्ट पार्नु पर्दछ ।
- दफा १८८ अन्तर्गत क्षतिपूर्ति भराउने कुरामा स्पष्ट रूपमा कति क्षतिपूर्ति भराउने उल्लेख गरिएको छैन । यसैले व्यवहारमा माग गर्ने र भराउने विषयमा अझै समस्या नै कायम छ,
- जवरजस्ती करणी गर्न नहुने प्रावधान अन्तर्गत उल्लेखित मञ्जुरी लिएर भए पनि १८ वर्ष भन्दा कम उमेरको कुनै नाबालिकालाई करणी गरेमा जबरजस्ती करणी गरेको मानिनेछ । जुन प्रावधान समय सपेक्ष छैन । किनभने अहिले १६ वर्षभन्दा कम उमेरकै महिलाहरूमा वयस्कता आइसकेको हुन्छ । यो biologoical

आवश्यकता हो । स्वेच्छाले गरिएको यौन सम्बन्ध व्यक्तिगत विषय हो । यस्तो स्वेछिक यौन सम्बन्धमा राज्यले हस्तक्षेप गर्नु अनावश्यक मात्र होइन जनतालाई हैरानी दिने काम मात्र हो । महिलाले पनि जबरजस्ती करणी गरेको विषय समावेश गर्न महिला र नाबालिका राखेको ठाउँमा पुरुष शव्द पनि राखिनु पर्दछ,

- दफा २९१ चौपाया सम्बन्धी कसुर अन्तर्गत जव नेपालमा धर्म निरपेक्ष भयो तब देखि गाई गोरुलाई मार्ने कार्यलाई सजाय भएको छैन । त्यसैले संरक्षणको आधारमा हेर्दा गाई गोरु मार्नेलाई तीन वर्ष सजाय तोकी अरु जनावरलाई भेदभाव हुन जान्छ । पहिला स्त्री चौपायाको संरक्षण गरिन्थ्यो भने अहिले सो कुरा उल्लेख गरिएको छैन । तसर्थ, संरक्षणका आधारमा स्त्री चौपायालाई संरक्षण गरिनु पर्दछ ,
- फौजदारी कसुर सम्बन्धी विधेयक अन्तर्गत दफा २९५, २९७, २९८ अन्तर्गत उल्लेखित प्रावधानहरू अनुसन्धानका लागि अवरोध हुन सक्दछ । अहिलेको यचनबलष्शभम अचष्भ को सन्दर्भमा त्यस्तो प्रावधानहरूले अनुसन्धानहरू सफल हुन सक्दैन । बेलुका गस्तीको बेला पक्राउ गर्नु पर्ने अवस्था आएमा अनुमती लिन कहाँ जाने । प्रावधान व्यावहारिक छैन,
- दफा २०१ मा कैद नगरौं भन्ने शब्दलाई थप गर्नु पर्दछ । अदालतको आदेश बेगर कसैलाई अभिभवाकको इच्छा अनुसार कैदमा राख्नु पर्दछ । यस्तो अवस्था उल्लेखित प्रावधानले समस्या समाधान गर्न सक्दैन ।
- दफा २०४ (२) जहाँ गोप्य तरिकाबाट थुनामा राख्न नहुने व्यवस्था छ । तर गम्भीर प्रकृतिको अपराधमा गोप्य तरिकाबाट अनुसन्धान गरिनु पर्दछ । यसरी अनुसन्धानको क्रममा प्रहरिलाई सजाय गर्ने हो भने प्रहरीको मनोबल घट्छ । यसैले नै प्रहरी ऐनले नै हाम्रा काम कर्तव्य र सजाय गर्नु पर्दछ । जुन हाम्रा मदर ऐन हो । त्यस्को रिभ्यु गर्नु पर्दछ ।
- दफा २४८ अन्तर्गत हदम्याद सम्बन्धी प्रावधानमा सरकारी धनमाला चोरी भएको विषयमा हदम्याद राख्नु हुँदैन ।
- दफा २२० जबरजस्ती करणी गर्न नहुने प्रावधान अन्तर्गत बालिका मात्र शब्द छ । त्यसैले बालक शब्द पनि राख्ने र तेस्रो लिंगीको कुरालाई पनि उल्लेखित गर्ने प्रावधान हुनु पर्दछ । सर्वोच्च अदालतले पनि उनीहरूको अधिकारको बारेमा स्पष्ट व्याख्या गरी सकेको छ । त्यसैले उनीको हक अधिकारको संरक्षण गर्ने हाम्रो दायित्व हो ।

## २. फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू

| दफा | सुझाव तथा प्रतिक्रिया |
|---|---|
| ८ (२) | • "तीस दिनभित्र" भन्ने शब्दहरूको सट्टामा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू राखिनु पर्छ । |
| ११, ३६ र अपराध संहिता, २०६७ को दफा ४२का | • व्यवस्थाहरू एक आपसमा बाझिएको र द्विविधापूर्ण रहेको छ ।<br>यसमा फैसला हुँदाको समयमा एकभन्दा बढी कसुरमा सजाय भएकोमा सवैभन्दा बढी सजायमा डेढी बढाई सजाय गर्ने व्यवस्था कायम गरिनुपर्दछ । |
| १२(४)र (५) | • "अभियोजनकर्ता" पछि "सम्बन्धित अनुसन्धान गर्ने प्रहरी कार्यालय" भन्ने शब्दहरू थप गर्नुपर्ने । |

| | |
|---|---|
| १६(२) | • "बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके कसुर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन" भन्ने व्यवस्था र अपराध संहिता, २०६७ को दफा ४४ मा भएको बालबालिकालाई हुने सजाय सम्बन्धी व्यवस्था बाझिन गएको छ। यसमा बालबालिकाले गरेको त्यस्तो कसुरमा कैदको सजाय तोकिनु पर्दछ तर अवस्था हेरी सुधार गृहमा राख्ने वा कैद निलम्बन गर्न सक्ने व्यवस्था राखिनु पर्दछ। |
| परिच्छेद ३ | • जरिवाना सम्बन्धी व्यवस्थामा कसुरदारले जरिवाना नतिरेमा वा जायजात गर्दा पनि असुल उपर हुन नसकेमा सो वापत कैदमा राख्ने वा सामुदायिक सेवामा लगाउने व्यवस्था थप गरिनु पर्दछ। |
| ३२ | • "कारागार बाहिर जान दिन सकिने" भन्ने व्यवस्थामा सुरक्षाको सवाललाई वेवास्ता गरिएको छ। खतरनाक अपराधी, सुरक्षाको दृष्टिले खतरामा रहेको कैदी, जानुपर्ने स्थानको सुरक्षा अवस्था, दुरी र यातायात सुविधा र कैदीले भुक्तान गरेको कैद अवधिको विचार नगरी त्यस्तो सुविधा कैदीलाई दिनु हुँदैन।<br>• सोही दफाको देहाय (क) मा "नजिकको नातेदार" भन्ने शब्द उल्लेख भएको तर कसलाई नजिकको नातेदार भन्ने स्पष्ट नगरिएकोले सो स्पष्ट गरिनु पर्दछ। |
| ३८(२) | • प्रोवेशन तथा प्यारोल बोर्डमा जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सिनियर प्रहरी अधिकृतलाई सदस्यको रूपमा थप गरिनु पर्दछ। |
| ४१(३) | • "पीडितको मृत्यु भएमा सद्गत खर्च र कृया खर्च समेत भराई दिनुपर्ने" भन्ने व्यवस्था अपूर्ण छ।<br>• यसमा त्यस्तो सद्गत खर्च र कृया खर्चको रकम सरकारले तोके बमोजिम हुने व्यवस्था थप गरिनु पर्दछ। |
| ४६ | • "सजाय सुझाव समिति" मा नेपाल प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग प्रमुखलाई सदस्यमा थप गरिनु पर्दछ। |

**प्रतिक्रयाहरू**

- अहिले सम्मको फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयनसँग सम्बन्धित कानूनमा अनुसनधान अधिकृतलाई अनुसनधानमा कुनै कसुर भएमा तीन बर्ष देखि पाँच बर्षसम्म सजाय हुने व्यवस्था रही आएकोमा सो सजाय घटाउनु पर्ने।
- दफा ३७ मा कैद कट्टा हुन सक्ने प्रावधान अन्तर्गत गम्भीर किसिमको अपराधमा कैद कट्टा गनु हुँदैन।
- दफा ३२ अन्तर्गत कारागार बाहिर जान दिन सक्ने प्रावधानमा कस्ता कस्ता किसिमका अपराधीलाई कुन कुन अवस्थामा बाहिर जान दिने वा जान नदिने भन्ने बाध्यात्मक वाक्यांश कतै उल्लेख गरिएको छैन यसैले यो प्रावधानलाई स्पष्ट रूपमा व्याख्या गर्नु पर्ने।
- दफा २३ मा उल्लेखित कैद सम्बन्धी व्यबस्था अन्तर्गत अन्य सजाय प्रयाप्त नभई कैद सजाय गर्नु पर्ने प्रावधान अन्तर्गत सामुदायिक सेवा प्रयाप्त नहुने भएमा मात्र कैदको सजाय गर्नु पर्नेछ भन्ने वाक्यांश आफैमा स्पष्ट छैन।

- प्रहरीको अनुसनधानको क्रममा कानूनी लेखा परीक्षण प्रणाली कही कतै नभएको कारणले गर्दा कार्यको मूल्यांकननै नहुने जसले गर्दा प्रहरीको मनोबल र क्षमतामा वृद्धि भइरहेको छैन यसैले मूल्यांकनको प्रक्रियाको विकास गर्नुपर्छ ।
- लेनदेन मुद्दाको कुरामा धेरै रिशइवी आएको छ त्यसैले यो कुरामा प्रहरीलाई अधिकार दिएमा राम्रो हुन्छ यो प्रहरीले सुनुवाइ र छलफल गर्न सक्ने कुरा यस विधेयकमा राख्दा राम्रो हुने प्रस्ताव राख्नुभयो ।

### ३. फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू

| दफा | सुझाव तथा प्रतिक्रियाहरू |
|---|---|
| दफा २(ख) | अनुसन्धान अधिकारी भन्नाले प्र.अ.म.नि, प्र.ना.म.नि, प्र.ब.उ, प्र.उ, प्र.ना.उ, प्र.नि., प्र.ना.नि, प्र.स.नि. दर्जाको अनुसन्धान कार्यमा दरिएका प्रहरी अधिकृतलाई सम्झनुपर्छ । |
| दफा २(झ) | प्रहरी कार्यालयको सट्टा नेपाल प्रहरीको कार्यालय भन्ने शब्दावली राख्ने |
| दफा ४ | थप गर्नुपर्ने उपदफाहरू<br>११. जाहेरी दर्खास्त उपर प्र.स.नि दर्जासम्मले प्रारम्भिक अनुसन्धान गर्न सक्ने<br>१२. अनुसन्धान अवधि १५ दिनको हुने<br>१३. झुट्टा जाहेरी परेको पाइएमा तामेलीमा प्रहरी कार्यालयमा राख्ने |
| दफा ५ | उपदफा ४, ५ र ६ खारेज गर्ने |
| दफा ९ | उपदफा १ मा अनुसन्धान अधिकृत भन्ने शब्दको सट्टा प्रहरी कर्मचारी भन्ने शब्दावली राख्नुपर्ने ।<br>उपदफा २ मा कुनै पनि कसुरमा संलग्नलाई तत्कालै पक्राउ गरी हाल्नु पर्ने स्थिति सृजना भएमा सोही बखत पक्राउ गरी अन्य अनुसन्धान जारी राख्न सक्ने र अन्य अवस्थामा अदालतको अनुमति प्राप्त गरी पक्राउ समेतको अनुसन्धान गर्ने ।<br>उपदफा १७ (थप गर्नुपर्ने) : किटानी जाहेरी परे पनि अभियुक्तलाई पक्राउ नगरी अनुसन्धान जारी राख्न सक्ने । |
| दफा १०(३)<br>दफा १५(१) | सक्नेछ भन्ने शब्दको सट्टामा पर्नेछ राख्ने<br>सहमति लिई वा नलिई (सरकारी वकील) थुनाबाट छाड्न सक्ने भन्ने प्रावधान राख्नु पर्ने । |
| दफा १६ | उपदफा ८ (थप गर्नु पर्ने) : मौकाको कागज प्रहरीबाट गराउन सकिने<br>उपदफा ९ (थप गर्नु पर्ने) : म्याद थप गर्न लैजाँदा न्यायाधीशको इजलासमा हुने सोधपुछलाई लेखबद्ध गरी मिसिल संलग्न गर्ने ।<br>उपदफा १० (थप गर्नुपर्ने) : अनुसन्धानमा उपयोगी वैज्ञानिक साधन स्रोत परिचालन र मान्यता प्राप्त हुने । |
| दफा २०(९) | प्रहरी कर्मचारीको सट्टा स्थानीय निकाय भन्ने शब्द राख्ने । |
| दफा २४(३) | वस्तु वा दशीको सनाखत ढाँचा अनुसूचीमा थप गर्नुपर्ने । |
| दफा १०८ | जघन्य र गम्भीर प्रकृतिको मुद्दामा थुनछेक आदेशको लगत्तै साक्षीको बकपत्र गराउनु पर्ने । |
| दफा ११३(१) | साक्षीको भत्ता बकपत्र कार्य पश्चात अदालतबाट उपलब्ध गर्ने व्यवस्था हुनुपर्ने । |

**प्रतिक्रियाहरू**

- चौबीस घण्टा समय भनेको अनुसन्धान र अभियोग ठीक छ वा छैन भनेर जाँच्नका लागि छुट्याइएको समय हो, अहिलेको संहितामा सो समय पनि नदिने हो र सबै अधिकार खोस्ने हो भने नङग्रा र हात काटेर काम गर्न जाऊ भनेर पठाएको जस्तो हुन्छ जसले गर्दा अपराधको सम्पूर्ण अनुसन्धान कार्य अपूर्ण हुन्छ ।
- सानातिना कसुरहरूमा प्रहरीलेनै दुवै पक्षका व्यक्तिहरू बीच मध्यस्थकर्ताको रूपमा काम गरी समन्वय गर्ने गरिरहेको छ, यो कार्यलाई राज्यले मान्यता दिनुपर्ने
- प्रहरी बलियो हुनुपर्नेमा झन सबै अधिकार खोसेर प्रहरीलाई एक कठपुतली बनाउन लागेको जस्तो देखिन्छ । दायित्व सबै दिने तर अख्तियारी नदिने भएपछि केही पनि कार्य कार्यान्वयन हुँदैन ।

**(ख) धनगढी, कार्तिक १८ र १९ गते**

डानिडा ह्यूगोको आर्थिक सहयोगमा महान्यायाधिवक्ताको कार्यालयको तथा कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) को सहकार्यमा कार्तिक १८ र १९ गते धनगढीमा व्यवस्थापिका संसदको विधेयक समितिमा विचाराधीन रहेको फौजदारी कानून सम्बन्धी विधेयकहरू सम्बन्धमा जिल्ला न्यायाधीश, सरकारी वकील, कानून व्यवसायी र अनुसन्धान अधिकृत (प्रहरी) को सहभागिता रहेको थियो । उक्त कार्यक्रमको अध्यक्षता पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौलाले गर्नु भएको थियो । कार्यक्रममा कार्यपत्र प्रस्तुति पूर्व महान्यायाधिवक्ता डा. यूवराज संग्रौला र पूर्व कानून सचिव श्री माधव पौडेलले गर्नु भएको थियो । कार्यपत्र प्रस्तुति र छलफल पश्चात सहभागीहरूबाट प्राप्त भएका सुझावहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः

**१. फौजदारी कसुर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू**

१. यस विधेयकको भाग २ को परिच्छेद १ देखि २७ सम्म र भाग ३ को परिच्छेद १,२ गरी जम्मा २९ परिच्छेदमा विभिन्न कार्यलाई कसुरको रूपमा परिभाषित गरी सम्बन्धित दफाको अर्को उपदफामा नै सो कार्यका लागि हुने सजायको व्यवस्था गरिएको देखिँदा ती व्यवस्थाहरू सरसर्ती हेर्दा पूर्ण र पर्याप्त रहेको हामीले महसुस गर्‍यौं ।

२. संहिताको दफा ४४(२) मा कैदको सजाय गर्दा बढीमा ६ महिनासम्म कैदको सजाय गर्न वा कैद नगरी बढीमा १ वर्ष सम्म सुधार गृहमा राख्न सकिनेछ भन्ने व्यवस्था गरिएको छ तर अन्तिम वाक्यांश राखी रहनु उपयुक्त देखिंदैन ।

३. संहिताको दफा ४६(२) (ख) मा जरिवाना वा कैद मध्ये कुनै एक वा दुवै सजाय हुन सक्ने कसुरमा जरिवाना मात्रको सजाय भै सो नतिरे वापतको कैद निर्धारण गर्दा सो कसुरमा हुन सक्ने कैदको उपल्लो हदको आधा भन्दा बढी नहुने गरी कैद गर्नु पर्ने भन्ने व्यवस्था सोही उपदफाको खण्ड (ग) मा रहेको व्यवस्थाको रोहबाट मिल्दो देखिएको छैन ।

४. संहिताको दफा ४८(१) मा रहेको व्यवस्जथा सिद्धान्ततः नमिलेको हो कि भन्ने यस समूहलाई लागेको छ बरु त्यसरी पीडित व्यक्तिलाई तत्काल कुनै राहत उपलब्ध गराउनु पर्ने अदालतले महसूर गरेमा फौजदारी कार्यविधि संहिताले व्यवस्था गरेको पीडित राहत कोषबाट उपलब्ध गराउनु उपयुक्त हुने हो कि ?

५. संहिताको दफा ५३(२) र ५४(४) मा रहेको जन्म कैद वा १५ वर्ष सम्म कैद भन्नुको सट्टा जन्म कैद सम्म भन्ने शब्द मात्र राख्दा पुग्दैन र ?

६. संहिताको दफा ६१(६) मा गैर वासी भेलामा हात हतियार नलिई सहभागी हुनेलाई कैद र जरिवाना दुवै हुने व्यवस्था भएको तर हातहतियार लिई सहभागी हुनेलाई कैद वा जरिवाना मध्ये कुनै एक मात्र पनि

गर्न सकिने गरी भएको व्यवस्था आफैमा मिलेको देखिएन ।

७. संहिताको दफा ६५(२) को पहिलो वाक्यांशमा जरिवाना छुटेको हो वा जरिवाना नगर्ने गरी व्यवस्था गरिएको हो ?

८. संहिताको परिच्छेद (३) मा म्याद तामेली कार्यमा साक्षी बस्न इन्कार गर्ने कार्यलाई पनि कसुरको रूपमा परिभाषित गर्नु पर्ने हो कि ? कसैलाई क्षति पुऱ्याउने वा हैरान गर्ने नियतले कुनै सरकार वादी मुद्दामा कुनै व्यक्ति विरुद्ध कुनै उजूरी वा सूचना दिने कार्यलाई संहिताको दफा १०० ले के छुट प्रदान गर्न खोजिएको हो ?

९. संहिताको दफा १७७(२) मा दुई ओटा अवस्थामा वहुविवाह गर्न सक्ने व्यवस्था गरिएको देखिनु । वर्तमान मुलुकी ऐनको विहावारीको ९ नं. मा रहेका अन्य अवस्थाहरू के आवश्यक नठानिएका हुन ?

१०. संहिताको दफा १८६ को उपदफा (३) मा र त्यसको प्रतिबन्धात्मक वाक्यांसमा फरक सजायको व्यवस्था किन ? यस्तो गरिनु हुंदैन ।

११. संहिताको परिच्छेद १७ मा अपहरण वा शरीर बन्धक सम्बन्धी कसुरको उद्योगको पनि परिभाषित गरी सजायको व्यवस्था गरिनु पर्ने हो कि ?

१२. संहिताको दफा २२०(४) मा केही अवस्थाहरूलाई बाहेक भनी उल्लेख गरिएको देखियो के त्यसो गर्न आवश्यक पर्छ र ?

१३. संहिताको दफा २२८ मा दफा २२१ र २२७ अन्तर्गतको कसुर गर्नेबाट पीडितलाई क्षतिपूर्ति भराउन किन बाहेक गरिएको ?

१४. संहिताको दफा २६२ (१) मा रोक लगाइएको मुद्रा चलन चल्तीमा ल्याउन लिन दिन वा राख्न हुँदैन भन्ने व्यवस्था रहेको छ तर खुला सिमाना भएका कारण नेपाल भारत सिमाना जोडिएका जिल्लामा ती व्यवस्थाहरू निष्प्रयोजन भई रहेको हुन्छ त्यस्लाई कसरी व्यवस्थित गर्ने ?

१५. संहिताको दफा ७७ (३) मा मासी सकेको विगो जफत हुने व्यवस्था रहेको देखियो, मासी सकेको विगो कसरी जफत हुने हो ?

१६. संहिताको दफा २८७(३) (घ) मा कसैको घर, कार्यालय वा कुनै सम्पत्तिमा आगो लगाउनेलाई सजायको व्यवस्था गरेको देखियो । मानिस बसेको घरमा आगो लगाएमा ज्यान मार्ने उद्देश्यले आगो लगाएको मानिने हालको व्यवस्था के परिवर्तन गर्न खोजिएको हो ?

१७. जारी सम्बन्धी कार्यलाई कसुरको रूपमा परिभाषित गरिएको हामीले सरसर्ति हेर्दा देखेनौं ।

**प्रतिक्रियाहरू**

- दफा ५३ (२), ५४ (४), ५७ (२) (ख) जस्ता विधेयकको दफाहरूमा सजाय दिदाँ दुई देखि दश वर्ष भनी उल्लेख गर्नुपर्ने वा १५ देखि ३० वर्ष (जन्मकैद) भनी स्पष्ट उल्लेख गरिनु पर्ने ।
- दफा १७५ वालविवाह गर्न नहुनेमा पुरुषको र महिलाको उमेरमा भेदभावपूर्ण भएको ।
- दफा १७८ मा विवाह सम्बन्धी कसुर सम्बन्धको हदम्याद ३ महिना नाघेपछि भनिएकोमा सर्वोच्च अदालतबाट विभिन्न किसिमका नजिर प्रतिपादन भएको अवस्थामा यस दफा प्रतिपादन नजिर सम्वोधन नभएको ।

**२. फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू**

१ दफा ४(१) मा विद्युतीय माध्यम पश्चात "अन्य कुनै स्रोत" भन्ने शब्द थप गर्नु पर्ने

२ दफा ५ मा माथिल्लो निकायबाट निर्देशन हुँदा पनि जाहेरी दरखास्त दर्ता गरेन भने के गर्ने भन्ने प्रष्ट व्यवस्था गर्नुपर्ने ।

३ दफा १०(१) मा गर्नु पर्नेछ भन्ने शब्द पश्चात "मौखिक जानकारी तत्काल सरकारी वकीललाई दिनु पर्नेछ" भन्ने वाक्य थप गर्नु पर्ने ।

४ दफा १३(४)मा "लिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "लिनु पर्नेछ" भन्ने शब्द राख्ने ।

५ दफा १४(१०) मा नाबालक शब्द पछि "अपाङ्ग" शब्द थप्नु पर्ने ।

६ दफा १५(४) मा "पाँच हजार रूपैया" शब्दहरूको सट्टा "कसुरको गम्भीरता हेरी पच्चीस हजार रूपैयासम्म" भन्ने शब्दहरू राख्ने ।

७ दफा "३६" आवश्यक नरहेकोले झिक्ने ।

८ दफा ४०(२) मा "दिन सक्नेछ" भन्ने शब्दको सट्टा "दिनु पर्नेछ" भन्ने शब्द राख्ने ।

९ दफा ५०(२) मा "सात दिन" को सट्टा "पन्ध्र दिन" भन्ने शब्द राख्ने ।

१० दफा ५३(१) "घ" मा असमर्थ भएको भन्ने शब्द पछि "वा विदेश गई फर्की आउने ठेगान नभएको" भन्ने वाक्यांश थप्ने ।

११ दफा ५५ मा उल्लेखित "५३" को सट्टा "५४" हुनुपर्ने ।

१२ दफा ५४ अझ स्पष्ट हुनुपर्ने ।

१३ दफा ६२(२) अन्तर्गत समाह्वान प्रकाशन वा प्रशारण "सरकारी खर्चमा" गर्ने भनी प्रष्ट व्यवस्था हुनुपर्ने ।

१४ दफा ६७(३)मा "सात महिना"को सट्टा "पाँच महिना" भन्ने शब्द राख्ने ।

१५ दफा ८४ अन्तर्गत उपदफा ३ थप गरी "अदालतले समय जनाएर तारेख तोक्न सक्नेछ" भनी व्यवस्था गर्नुपर्ने ।

१६ दफा १०१(४) को प्रतिबन्धात्मक वाक्यांशमा पक्षले भन्ने शब्द पछि "सोही दिन" थप्नु पर्ने ।

१७ दफा १०३ को प्रावधानलाई परिच्छेद १३ को दफा १२२ अन्तर्गत समावेश गर्नुपर्ने ।

१८ दफा १०६(१) मा साक्षीलाई दिन तोकी क्रमसः उपस्थित गराई वकपत्र गराउने प्रावधान राख्ने ।

१९ दफा ११ अन्तर्गत प्रतिबन्धात्मक वाक्यांश थपी "तर हाजिर भई वकपत्र नगर्ने र प्रतिकूल वकपत्र गर्ने साक्षीलाई भ्रमण भत्ता उपलब्ध गराइने छैन" भनी प्रावधान राख्नु पर्ने ।

२० दफा ११८ अन्तगर्त उपदफा ५ थप गरी मिलापत्र गर्दा लाग्ने दस्तुर वा बक्सौनी सम्बन्धी स्पष्ट प्रावधान राख्नु पर्ने ।

२१ दफा १२० अन्गर्तत उपदफा ६ थपी "मेल मिलाप सम्बन्धी ऐन, २०६८ मा भएको व्यवस्थाको हकमा सोही बमोजिम हुनेछ" भन्ने प्रावधान राख्ने ।

२२ दफा १२२ अन्तर्गत दफा १०३ को प्रावधान पनि समेटिनु पर्ने ।

२३ फैसला लेख्ने समय १५ दिनको सट्टा ३० दिन राख्नु पर्ने (दफा १३१(६)

२४ दफा १३१ मा उपदफा ९ थप गरी "अनुपस्थित पक्षलाई पुनरावेदनको म्याद दिनु पर्ने" व्यवस्था गर्नुपर्ने ।

२५ दफा १३४(१) मा "थाहा पाएको मितिले"

२६ दफा १४० (४) मा "बाटाका म्याद बाहेक" (२७) दफा १४९ (२) "बाटाका म्याद बाहेक" शब्द थप्ने ।

२८ दफा १५२ मा थप गर्ने "कैद जरीवाना लागेको व्यक्तिको हकमा १३६ को उपदफा २ र ४ बमोजिम हुने बाहेकको अबस्थामा फैसला कार्यान्वयन स्थगित हुने छैन ।"

२९ दफा १५३ को (४) मा अनुसूची ४७ को सट्टा ४८

३० दफा १५५(१) मा थप गर्ने "सो आदेशको ब्यहोरा फैसला मै उल्लेख हुनु पर्नेछ ।

३१ दफा १८४ मा "गोपनीयता कायम राख्ने सम्बन्धमा कानून बनेमा सोही बमोजिम र नबनेसम्मका लागि सर्बोच्च अदालतबाट २०६४ सालमा जारी निर्देशिका बमोजिमको कार्यविधि पालन गर्नु पर्ने प्रावधान राख्ने ।

**प्रतिक्रिया**

- o दफा १२४ अस्पस्ट भएको
- o दफा ७१ को उपदफा २ मा रहेको व्यवस्था कार्यान्वयन नहुने र मुलुकी ऐन दफा १८ को उपदफा ७ जस्तै कार्यान्वयनमा नआउने सम्भावना रहेको
- o दफा ११८ उपदफा ४ मा वारेसनामामा शब्दको सट्टा मन्जुरिनामामा लेख्नु पर्ने
- o दफा १३१ को उपदफा २ कार्यान्वयनमा ल्याउन नसक्ने र यस दफालाई योग्य बनाउन तर्फ विचार गर्नु पर्ने
- o दफा १३४ को उपदफा ४ मा फैसला भएको मिति भनि लेखिएको ठाउँमा थाहा पाएको मिति भनी लेखिनु पर्ने

**३. फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू**

१. दफा ९ (१) निश्चित सजाय तोकिएको अवस्थामा समाज निर्धारणको लागि छुट्टै सुनुवाइ आवश्यक नहुने,

२. दफा ९ (२) कसुर ठहर गर्ने न्यायाधीशले नै सजाय निर्धारण गर्नु नपर्ने अवस्थाहरू लचिलो हुनु पर्ने,

३. दफा १२ सजाय पूवको प्रतिवेदन तयार गर्न अदालतले प्रोबेशन अधिकृत वा सामाजिक कार्यकर्ता नियुक्त नभएको अवस्थामा वादी वा प्रतिवादीको कानून व्यवसायीलाई आदेश दिनुपर्ने व्यवस्था उपयुक्त नभएको,

४. दफा १८ :- जरिवानाको सजाय निर्धारण गर्दा कसुरदारको आर्थिक हैसियत र आय आर्जन क्षमतालाई ध्यान दिनुपर्ने व्यवस्था अव्यवाहारिक,

५. दफा २४ कैद सजाय निलम्बन गर्न सकिने सुधार गृहमा पठाउन सकिने आदि व्यवस्था बिना पूर्वाधार लागू गरिए प्रभावकारी हुन नसक्ने,

६. दफा १० (२) :- "वा" को ठाउँमा "र" हुनुपर्ने, कारण :- उपदफा ३ र ४ ले वा नभई र को परिकलपना गरेको,

७. दफा ४६ (ङ) पछि देहाएको (च) थप गर्नु पर्ने महान्यायधिवक्ताले तोकेको सहन्यायाधिवक्ता सदस्य सचिव, कारण :- सदस्य सचिव बिना समिति अपूर्ण हुने र प्रभावकारी काम काज गर्न नसक्ने ।

**(ग) दाङ्ग, कार्तिक २५ र २६ गते**

डानिडा ह्यूगोको आर्थिक सहयोगमा महान्यायाधिवक्ताको कार्यालयको तथा कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) को सहकार्यमा कार्तिक २५ र २६ गते दाङ्गमा व्यवस्थापिका संसदको विधेयक समितिमा विचाराधीन रहेको फौजदारी कानून सम्बन्धी विधेयकहरू सम्बन्धमा जिल्ला न्यायाधीश, कानून व्यवसायी, सरकारी वकील र अनुसन्धान अधिकृत (प्रहरी) समेतको सहभागिता रहेको थियो । नायब महान्यायाधिवक्ता श्री राजनारायण

पाठक अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुति पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौला र पूर्व कानून सचिव श्री माधव पौडेलले गर्नु भएको थियो। कार्यपत्र प्रस्तुति र छलफल पश्चात सहभागीहरूबाट प्राप्त भएका सुझावहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः

**१. फौजदारी कसुर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त सुझावहरू**

- दफा २ (६) मा :- गुफा ओढार वा अन्य कुनै निजी वा सार्वजनिक स्थल थप हुनुपर्ने ।
- दफा २ (ञ) (१) मा :- सम्पत्तिमा सम्पत्ति सम्बन्ध ९स्भबितभम एचयउभचतथ० थप हुनुपर्ने ।
- दफा ८ (१) मा :- अनुसन्धान अधिकारीले प्रारम्भमै सरकारी वकीलको परामर्श लिनुपर्ने थप गर्नु पर्ने ।
- दफा १३ (४) मा :- कसुर प्रमाणित नभएसम्म अदालतको आदेश र सम्बन्धित व्यक्तिको अनुमति बिना तस्वीर सार्वजनिक गरिने छैन भनी प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने ।
- दफा १५ (१) मा :- अनुसन्धान अधिकारी उपस्थित नभएमा सरकारी वकीलले बयान नलिई मिसिल फिर्ता पठाउन सक्नेछ भनी थप गर्नुपर्ने ।
- दफा २४ (१) को प्रतिवन्धात्मक वाक्यांश हटाउनु पर्ने ।
- दफा ३३ (५) को व्यवस्था यो ऐन प्रारम्भ हुनु पूर्वको हकमा लागू नहुने थप गर्नुपर्ने ।
- दफा ३६ (२) को प्रतिबन्धात्मक वाक्यांशमा थप अभियोग फैसला पछि पनि लगाउन सक्ने हुनुपर्ने ।
- दफा ६८ (२) मा थप प्रमाण अदालतमा पेश भएमा सोको जानकारी प्रतिवादीलाई दिई सो सम्बन्धमा अदालतले आवश्यकता अनुसार प्रतिवादीसँग सोधपुछ गर्न सक्नेछ वा प्रतिवादीले प्रतिवाद गर्ने मौका पाउनेछ भन्ने व्यवस्था हुनुपर्ने ।
- दफा ४२ मा क्षतिपूर्ति सम्बन्धमा सम्बन्धित व्यक्तिको मृत्यु भएको अवस्थामा हकवालाले सकार गर्न पाउने व्यवस्था हुनुपर्ने ।
- दफा ४२ (२) मा - दुइ महिनाको सट्टा ३० दिन राख्नु पर्ने ।
- अनुसूची भित्र पर्ने मुद्दाको घटनाबाट पीडित पक्षले अनुसन्धानमा चित्त नबुझेमा उचित कारण सहित आफ्नै तर्फबाट विशेषज्ञ नियुक्ति गरी अनुसन्धान गरी प्रमाण सहित सरकारी वकील समक्ष प्रस्तुत गर्न सक्नेछ र त्यसको सन्दर्भमा अभियोगपत्रमा सम्बोधन हुनुपर्नेछ ।
- अनुसूची भित्रको मुद्दाका सन्दर्भमा पीडित पक्षले वकील नियुक्त गर्ने, बहस पैरवी, अन्तर्कालीन वा अन्तिम आदेश वा फैसला उपर माथिल्लो अदालतमा निवेदन वा पुनरावेदन गर्न पाउने छ। यदि सरकारी वकीलले गरेको खण्डमा साथै राखिनेछ ।
- दफा ४५ मा जिल्ला अदालत भन्नु पर्ने ।
- दफा ३५ मा र ५५ मा स्पष्टता नभएको
- दफा ९९ मा र ३८ (२) मा स्पष्टता नभएको ।

**२. फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त सुझावहरू**

- भाग १ परिच्छेद १ दफा ३ (झ) - स्थानीय निकाय भन्नाले जिल्ला विकास समितिलाई समेत समावेश गर्नुपर्ने ।
- परिच्छेद ३ दफा ३२ (१) (ख) मा - असम्भव शब्दको अर्थ स्पष्ट नभएको ।
- परिच्छेद ५ दफा ४३ (१) - पटके कायम गर्दा समय अवधि ५ वर्ष नराखी जहिले सुकै राख्न उपयुक्त हुने ।

- दफा ४६ (३) (क) - अस्पष्ट रहेको ।
- परिच्छेद ६ दफा ४९ (४) - कसुरदारको सट्टामा हकवालालाई क्षतिपूर्ति दिन पर्ने छैन भन्ने व्यवस्था हुनु उपयुक्त रहेको ।
- भाग २ परिच्छेद १ दफा ५५ (१) - शरण लिई बसेका व्यक्तिहरूको हकमा लागू हुने नहुने अस्पष्ट रहेको ।
- परिच्छेद ४ दफा १०१ (१) - को व्यवस्था अलि कडा (कठोर) भएको ।
- परिच्छेद १२ दफा १८३ (१) - लापरबाहीको परिभाषा स्पष्टीकरणमा खुलाउनु उपयुक्त हुने ।
- परिच्छेद १८ दफा २२० (४) मा सजाय कठोर भयो । एक वर्षसम्म कैदको व्यवस्था हुनु पर्छ कि ?
- सहितामा समावेश गर्नुपर्ने - सवारी सम्बन्धी कसुर ।

**थप प्रतिक्रियाहरू**

- दफा ४३ को उपदफा १ मा पहिलो सामान्य कसुर गर्ने व्यक्तिलाई त्यही व्यक्तिले गम्भीर कसुर गरेमा त्यस व्यक्तिलाई पटके कसरी मान्ने ?
- दफा १०१ मा क्षतिपूर्तिको व्यक्तिबाट लिने हो स्पष्ट नभएको साथै सम्बन्धित अनुसन्धान अधिकृतबाट क्षतिपूर्ति भराउने भनी दफामा स्पष्ट खुलाउनु पर्ने ।
- दफा १५० को उपदफा २ मा सजायको मात्रा सारै न्युनतम रहेको ।
- बालबालिकाले गर्ने अपराधको क्षतिपूर्ति सम्बन्धमा विधेयकको दफामा उल्लेखित अपराध बालबालिकाले गरेमा क्षतिपूर्ति सम्पत्ति नपाएको व्यक्ति (बालबालिका) ले कसरी भराउन सक्ने वा सम्पत्ति पाएको मितिबाट भराउने भनी उल्लेख गर्नु पर्ने ।

**३. फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा प्राप्त सुझावहरू**

- दफा १ को उपदफा (३) मा सुधार गरी "उपदफा (१) मा भन्ने शब्दको सट्टा उपदफा (२) मा भन्ने शब्द राखिनु पर्ने"
- दफा ८ को उपदफा (२) मा रहेको तीस दिन भन्ने सट्टा तीस दिन हुनुपर्ने ।
- दफा ९ को प्रतिबन्धात्मक वाक्यांशलाई हटाउनु पर्ने ।
- दफा १६ (१) को खण्ड (ग) मा रहेको स्पष्टीकरणलाई हटाई मूल रूपमा नै बालबालिकाको उमेर भन्ने शब्द समावेश गर्नुपर्ने ।
- दफा १७ को उपदफा (२) को खण्ड (ख) मा भएको जरिवाना बुझाउनु पर्ने मिति, किस्ता बन्दीमा" भन्ने शब्द हटाउनुपर्ने ।
- दफा १८ (२) खण्ड (क) को व्यवस्था हटाउनु पर्ने ।
- दफा २४ को उपदफा (३) को खण्ड (ङ) थप गरी राज्य विरुद्धको अपराध सम्बन्धी भन्ने शब्द राखिनुपर्ने ।
- दफा ३८ को उपदका (१) बमोजिम गठन हुने केन्द्रीय प्रोबेशन तथा प्यारोल बोर्डमा "सदस्य" को रूपमा नेपालबाट एशोसियन को पनि प्रतिनिधि सम्मिलित गराइनु पर्ने ।
- दफा ३८ (१) को खण्ड (ध) मा रहेको "नेपाल सरकारले तोकेको मनोचिकित्सक (Psychologist) भन्ने शब्दको सट्टा मनोचिकित्सक भन्ने शब्द राखिनुपर्ने ।

- दफा ३८ (२) बमोजिम गठित जिल्ला प्रोवेशन तथा प्यारोल बोर्डमा जिल्ला बारेको प्रतिनिधि पनि सदस्यको रूपमा रहनु पर्ने ।

**प्रतिक्रियाहरू**

- दफा २४ को व्याख्या नपुगेको ।
- दफा २७ को व्यवस्थामा रात्रीकालीन कारागार भनी उल्लेख गर्नु नपर्ने ।
- विधेयकमा यौवन अवस्थाको बन्दीलाई सन्तान पाउने अधिकरको छुट्टै दफामा व्यवस्था गर्नु पर्दछ ।
- कैद र जरिवाना भन्दा अन्य विकल्प पनि लागू गर्नु पर्दछ ।
- विधेयकहरूमा अधिकार क्षत्रको बारेमा अझै व्याख्या गर्नु पर्दछ ।
- सरकारवादी वा दुनियावादी केही केही मुद्दाहरूमा मिलापत्रको व्यवस्था पनि गर्नुपर्दछ । मिलापत्र गर्दा अपराधको बारेमा केही ख्याल गरी दफामा उल्लेख गर्नुपर्दछ ।
- दफा २७ नियमित रूपमा कैदमा राख्न उपयुक्त नदेखिएमा कारण खोली रात्रीकालिन समयमा मात्र कारागार बस्नु पर्ने गरी कैद निर्धारण गर्दा कसुरदारले सजाय भुक्तान गरेको पीडितले अनुभूत गर्न नसक्ने र सजाय कार्यान्वयन निशुल्क लज होटलमा रात्री कालमा समय व्यतीत गरे सरह चुक्ता हुने व्यवस्थाबाट पिडितले न्याय प्राप्त गरेको महसुस गर्न नसक्ने हुँदा उक्त व्यवस्था नराखिनु उपयुक्त हुने ।

**(घ) काठमाडौं, (न्यायाधीश र सरकारी वकीलसँग) २०६८ मार्ग ९ र १०**

डानिडा ह्यूगोको आर्थिक सहयोगमा महान्यायाधिवक्ताको कार्यालयको तथा कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) को सहकार्यमा मार्ग ९ र १० गते काठमाडौंमा व्यवस्थापिका संसदको विधेयक समितिमा विचाराधीन रहेको फौजदारी कानून सम्बन्धी विधेयकहरू सम्बन्धमा जिल्ला न्यायाधीश, सरकारी वकीलको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको पहिलो सत्रको अध्यक्षता महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानले गर्नु भएको थियो भने छलफल सत्रको अध्यक्षता नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठकले गर्नु भएको थियो । उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुति पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौला र पूर्व कानून सचिव श्री माधव पौडेलले गर्नु भएको थियो । कार्यपत्र प्रस्तुति र छलफल पश्चात सहभागीहरूबाट प्राप्त भएका सुझावहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः

## १. फौजदारी कसुर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू

| विधेयकको व्यवस्था | सुझाव तथा प्रतिक्रिया |
|---|---|
| भाग १ परिच्छेद १<br>"क, "ख" "ग" "घ" "झ" | दफा मात्र लेखिएकोमा भाग र परिच्छेद पनि उल्लेख गर्नु पर्ने, परिभाषाको खण्ड "क" मा कार्यालय थप्नु पर्ने, "ख" मा लत्ता कपडा लाई हटाउनु पर्ने, "ग" मा प्रचलित कानून भन्ने थप्ने, "घ" लाई हटाउने, "झ" मा जिल्ला विकास समिति थप्नु पर्ने |
| भाग १ परिच्छेद १ दफा ३. | सरकारी वकीललाई पनि परिभाषित गर्नु पर्ने |
| परिच्छेद २ ,दफा २०<br>दफा २५(१) (क), दफा ३१, दफा २० (घ) | व्यवहार शब्द थप गर्नु पर्ने, दफा २५(१) (क) मा वा अरु कसैको थप गर्नु पर्ने, दफा ३१ मा कसुरको मात्रा हेरी भन्ने थप गर्नु पर्ने, दफा २० (घ) मा अनुचित प्रभावको स्पष्टीकरण थप गर्नु पर्ने |

| | |
|---|---|
| परिच्छेद ३ ,दफा ३२ (२) (ख) र ३३ (२) | दफा ३२ (२) (ख) र ३३ (२) लाई बोधगम्य र सरल बनाउनु पर्ने |
| परिच्छेद ४ दफा ३८ | मा पूर्व आचरण, स्वभाव, चालचलन असल भएको भन्ने थप गर्नु पर्ने |
| परिच्छेद ५ ,दफा ३९(ज), दफा ४८, दफा ४४ | श्रम थप गर्नु पर्ने, उपदफा ३ हटाउनु पर्ने, दफा ४८ मा कसुरदारबाट क्षतिपूर्ति तुरुन्त उपलब्ध नभए पछि सोधभर्ना गर्ने गरी पीडित राहत कोषबाट उपलब्ध गराउने र फिर्ता हुन नसके पनि यसै कोषबाट फिर्ता गरिदिने, दफा ४४ मा सबै उमेर समूहका बालबालिकालाई सुधार गृहमा पठाउनेछ भन्ने व्यवस्था गर्ने |
| भाग २ परिच्छेद १, दफा ५४ (१) र ५५ (१) | दफा ५४ (१) र ५५ (१) मा युद्ध गर्ने उद्योग गर्नेको सट्टा उद्योग गर्न भन्ने राख्नु पर्ने |
| परिच्छेद २, दफा ६१(२)(क) (३)<br>परिच्छेद ४, दफा ९९(१), दफा १०१ | दफा ६१(२)(क) (३) मा विद्युत थप गर्नु पर्ने<br>हक हस्तान्तण भन्ने वाक्य हटाउने, दफा १०१ लाई पुनर्विचार वा स्पष्ट पार्नु पर्दछ |
| परिच्छेद ५ | कृत्रिम अभाव खडा गर्न नहुने, एकाधिकार कायम गर्न नहुने, प्रतिस्पर्धाबाट वंचित गर्न नहुने, |
| परिच्छेद ८, दफा १५०, १(ख), दफा १५१(१)(ख), दफा १५३ | कब्रस्थान, समाधिस्थल शव्द थप्नु पर्ने, दफा १५१(१)(ख) मा गुफा शव्द थप्ने, दफा १५३ .१. को कसुरलाई भाग २ परिच्छेद १ अन्तर्गत राज्य विरुद्धको कसुरमा राख्ने |
| परिच्छेद ९, दफा १५७(१) | दफा १५७(१) मा कब्रस्थान, समाधिस्थल शव्द थप्ने |
| परिच्छेद ११, दफा १७७ (२) | दफा १७७ (२) मा महिलाको कारणले १० वर्ष सम्म निसन्तान भई पत्नीको वा आपसी सहमति लिएर भन्ने शव्द थप्नु पर्ने, विवाह वदर भएको अवस्थामा जन्मिएका सन्तानको वैधानिकता बारे प्रष्ट पार्ने हदम्यादको सम्बन्धमा पीडितले थाहा पाएको भनी प्रष्ट पार्ने |
| परिच्छेद १३, दफा १९०(२) | दफा १९०(२) मा बाध्यता वा परिबन्द भन्ने शब्द थप्ने |
| परिच्छेद १८, दफा २२० (४) को क, ख, ग उपदफा ३(ङ) उपदफा ६, दफा २२४ (१), दफा २२५ | दफा २२०(४) को क, ख, ग मा उल्लेख भएको अवस्थामा भएको जबरजस्ती करणी गरेमा कति सजाय हुने । उपदफा ३(ङ) अनुसार वा त्यसको आधार स्पष्ट पार्नु पर्ने । दफा २२४ (१) मा गराउने स्थानमा भन्ने हटाउने, गराउने विश्वासमा परी भन्ने थप गर्न सकिने, दफा २२५ मा अश्लिल तस्वीर देखाएमा अश्लिल संकेत इसारा गरेमा भन्ने थप गर्ने |
| परिच्छेद २०, दफा २४७ | दफा २४७ मा जो जसले जति विगो खाए मासेको छ सो मुताविक भन्ने थप्ने |
| अन्य दफा ४५ ,दफा २४९ (२) | दफा ४५ को जरिवानाको हद रु ५,००० सम्म राख्ने, सम्पत्ति शुद्धीकरण, बैकिङ्क कसुर जस्ता आर्थिक अपराधलाई पनि संहितामा एकीकृत गर्ने दफा २४९ (२) मा कुनै रीत तरिकाबाट भन्ने थप्ने |

## २. फौजदारी कसुरमा सम्वन्धि प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयकमा प्राप्त सुझावहरू

| विधेयकको व्यवस्था | सुझाव तथा प्रतिक्रिया |
|---|---|
| परिच्छेद २ (८) | नायब प्रहरी निरीक्षकको सट्टा प्रहरी निरीक्षक राख्नु पर्ने । |
| दफा ८३ | फोटो लिनु पर्ने व्यवस्थालाई अनिवार्य बनाइनु पर्ने । |
| दफा ९(१) | भाषा अस्पष्ट भएकाले स्पष्ट पार्नु पर्ने । |
| दफा ९(२) | मुद्दा हेर्ने अधिकारीको सट्टा नजिक पर्ने सोही किसिमको अधिकारी भनी व्यवस्था मिलाउनु पर्ने । |
| दफा १२ (१) | अनुसन्धान अधिकारीको तालुकवाला भन्ने शव्दको सट्टा सम्बन्धित क्षेत्रको प्रहरी नायब महानिरीक्षक भनी मिलाउनु पर्ने । |
| परिच्छेद ६ दफा ५५ | दफा ५५ मा रहेको दफा ५३ उल्लेख भएकोमा दफा ५४ भनी संशोधन गर्नु पर्ने । |
| दफा ६३ (१) | पकाउ पुर्जी सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्नेछ भन्नेको सट्टा पकाउ गर्नु पर्नेछ भन्ने व्यवस्था राख्नु पर्ने । |
| परिच्छेद ८ दफा ८७ | सम्पत्ति रोक्का राख्ने सम्बन्धी व्यवस्थामा आवश्यक सुधार गरी मुद्दाको प्रकृति फरक पर्ने अवस्थामा सम्पत्ति रोक्का समेत फुक्का गरी दिने व्यवस्था गर्नु पर्ने । |
| परिच्छेद ९ दफा ९५ (ख) | दफा ९५ (ख) मा ७५ वर्ष नाघेका र नाबालक पनि समावेश गरिनु पर्ने । |
| परिच्छेद १० दफा ९८ (४) | मुलतवी जगाउने अवधि तीन वर्षबाट घटाएर एक वर्ष कायम गर्नु पर्ने । |
| परिच्छेद ११ | प्रतिवादीको बयान कार्य सम्पन्न भए पछि साक्षीको बकपत्र गराउनु |
| दफा १०१ (२) | पर्नेछ भन्ने व्यवस्था गर्नु पर्ने । दफा १०६ मा पनि यसै अनुसार मिलाउनु पर्ने । |
| दफा १०९ | भिडियो कन्फ्रेन्सिङको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि थप व्यवस्था गनु पर्ने |
| परिच्छेद १२ दफा १३१ (१) | फैसला गर्नु पर्ने एक महिना अवधि अव्यावहारिक भएकाले त्यसलाई आश्यकता अनुसार मिलाउनु पर्ने । |
| परिच्छेद १३ दफा १३३ | मृत्यु मएमा मुद्दा खारेज हुने व्यवस्थालाई अभियोग दाबी लिने सम्बन्धमा पनि मिलाउनु पर्ने । |
| परिच्छेद १४ दफा १३४ | पुनरावेदन गर्ने म्याद एक महिनाको अवधि अपर्याप्त भएकाले थप गर्नु पर्ने । |
| परिच्छेद १५दफा १५९ (४) | माफी दिन नपाइने मुद्दामा मानव बेचबिखन पनि थप गर्नु पर्ने । |

## ३. फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्राप्त भएका सुझावहरू

| विधेयकको व्यवस्था | सुझाव तथा प्रतिक्रिया |
|---|---|
| परिच्छेद १<br>दफा २ | दफा २ मा अदालत शब्दको परिभाषा गरेको देखिएन, अदालत शब्दको परिभाषा गर्नु पर्ने, |
| परिच्छेद २<br>दफा ११ | दफा ११ को उपदफा १ को प्रतिबन्धात्मक वाक्यांशमा एकै समयको सट्टा एकै वारदात राख्नु पर्ने |
| परिच्छेद २ दफा १२ (१) | दफा १२ (१) मा प्रतिवेदन पेश गर्ने दिन तोकिनु पर्ने |
| परिच्छेद २<br>दफा १५ (२) | दफा १५ (२) खण्ड ख मा उल्लेखित व्यवस्था अपराध संहिताको सम्बन्धित परिच्छेदमा राखिनु पर्ने |
| परिच्छेद २<br>दफा १७ (२) | दफा १७ (२) खण्ड ख मा जरिवाना नतिरे वापत कुन सजाय हुने भन्ने प्रष्ट हुनु पर्ने |
| परिच्छेद ३<br>दफा १८ | दफा १८ मा जरिवाना नतिरे वापत एक दिन कैदको कति रकम कट्टा हुने सोही परिच्छेद मा उल्लेख हुनु पर्ने |
| परिच्छेद ४ दफा २२ (१) | दफा २२ (१) मा जरिवाना |
| परिच्छेद ५<br>दफा २४ (३) | नतिरे वापत ६ महिनासम्म कैद हुने व्यवस्था थप हुनु पर्ने दफा २४ (३) को देहायमा अत्यावश्यक सेवा ऐन अन्तर्गतको कसुर थप हुनु पर्ने |
| परिच्छेद ६<br>दफा ४५ (३) उपदफा २<br>परिच्छेद ६ | दफा ४५ (३) को सट्टा उपदफा २ मा जुनसुकै कुरा लेखिएका भएतापनि क्षतिपूर्ति रकमलाई कैदमा परिणत गरी कैद गर्नु पर्दा चार वर्ष भन्दा बढी कैद गर्नु हुँदैन भन्ने वाक्यांश राखिनु पर्ने |
| दफा ४५ (२) | कार्याविधि संहिताको दफा १६६ (१) को व्यवस्था र सजाय निर्धारण संहिताको दफा ४५ (२) को व्यवस्थालाई एक आपसमा मिलाउनु पर्ने |

## ६. बहस नोट

# श्री सर्वोच्च अदालतमा चढाएको

# बहस नोट

रिट नं.०६८-WO-०५९९

बृहत् पूर्ण इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री प्रकाश वस्ती

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की

माननीय न्यायाधीश श्री डा. भरतबहादुर कार्की

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका तर्फबाट
महान्यायाधिवक्ताको कार्यालय, नेपाल ........................................... बहसनोट प्रस्तुतकर्ता

**विरुद्ध**

धनुषा जिल्ला तारापट्टी सिर्सिया गा.वि.स. बडा नं १ बस्ने सुरेशकुमार यादव ...... विपक्षी
रिट निवेदक

**मुद्दाः- उत्प्रेषणयुक्त परमादेश समेत**

सम्मानित अदालतको बृहत् पूर्ण इजलास समक्ष मिति २०६८।११।१८ मा सुनुवाइ भई बहस गर्ने क्रम समाप्त भएको र मिति २०६८।१२।३ मा निर्णय सुनाउने गरी तोकिएको हुँदा प्रस्तुत रिट निवेदनका सम्बन्धमा र संयुक्त इजलासबाट बृहत् पूर्ण इजलास समक्ष अन्तरिम आदेशका सम्बन्धमा मार्ग निर्देशनका लागि उठाइएका प्रश्नहरूमा अन्तरिम आदेश जारी गर्न नपर्ने हुँदा प्रस्तुत रिट निवेदन र मार्गदर्शनका लागि उठाइएका प्रश्नहरूमा अन्तरिम आदेश जारी नगर्ने गरी मार्ग निर्देशनमूलक आदेश गरिपाउन अनुरोध गर्दै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका तर्फबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६६ को उपनियम (३) बमोजिम इजलासका आदेश अनुसार निम्नलिखित व्यहोराको बहस नोट सादर प्रस्तुत गर्दछौ ।

१. निवेदकको माग र अन्तरिम आदेश सम्बन्धी सम्मानित इजलासबाट मार्गदर्शक आदेशका लागि उठाइएका प्रश्नहरू (Issues) सम्बन्धी विस्तृत विवरण रिट निवेदन र संयुक्त इजलासबाट भएको मिति २०६८।१०।४ को आदेशबाटै अवगत हुने हुँदा यहाँ विस्तृत रूपमा उल्लेख गरिएको छैन ।

२ निवेदन संक्षिप्त व्यहोराः- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।४।४ को निर्णयानुसार दुई वर्षको लागि नेपाल रेल्बे कम्पनी लि. जनकपुरको महाप्रबन्धक पदमा पाएको नियुक्तिलाई बिनाकारण केही नसोधी मिति २०६८।९।१२ को निर्णयबाट पदबाट हटाउने गरी भएको निर्णय प्राकृतिक न्याय सिद्धान्त विपरीत भएकाले सो निर्णय बदर गरी पदमा बहाल गरिदिनु भनी परमादेशको आदेश जारी हुन र निवेदनको अन्तिम टुङ्गो नलागेसम्म काम गर्न दिनु भनी अन्तरिम आदेश जारी हुन माग गरिएको ।

**३ संयुक्त इजलासको आदेशको संक्षिप्त ब्यहोरा :-**

अहिले देखिएका नियुक्तिका प्रकृतिको सबै प्रश्न पूर्ण इजलासबाट रिट नं. ०६८–WO–०२५४ को रिट निवेदनमा गरिएको अन्तरिम आदेशको सन्दर्भमा गरिएको उल्लिखित निर्णयले संबोधन नगरेको भई विविध आदेश भई असमाञ्जस्यता कायमा भई रहेका सन्दर्भमा निश्चित मार्गदर्शन गर्न बृहत् पूर्ण इजलास बाट आवश्यक निर्णय हुन अपरिहार्य भएकाले सम्माननीय प्रधान न्यायाधीश समक्ष जानकारी गराई नियमानुसार पेश गर्नु भन्ने मिति २०६८।१०।४ को आदेश ।

**४ निवेदक तर्फबाट रहनु भएका कानून ब्यबसायीले लिनु भएको बहस जिकिर :-**

निवेदकलाई सफाइको मौका बिना हटाएको प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको, वैधानिक अपेक्षाको सिद्धान्त अनुसार पनि प्रतिवादीलाई हटाएको नमिलेको, निवेदकलाई हटाएको सम्मानित अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त विपरीत भएको, आधार कारण नखुलाई हटाएको त्रुटिपूर्ण रहेको भन्ने समेत ब्यहोराको बहस प्रस्तुत गर्नु भएको थियो ।

**५ राजनैतिक नियुक्तिका पदहरूको प्रकृति र विद्यमान कानूनी व्यवस्था :**

सामान्यत नियमित कानूनी प्रक्रियाबाट सेवा सम्बन्धी कानूनद्वारा नै नियुक्तिको विधि, सेवाको सुरक्षा, बचाउ, बढुवा, विभागीय कारबाही जस्ता विषयहरूमा स्पष्ट व्यवस्था गरी नियमित गरिएका कर्मचारीहरू बाहेक सरकारको सरोकार रही सरकारद्वारा सञ्चालित वा कुनै न कुनै रूपमा गठित वा नियमित वा नियन्त्रित हुने स्वायत्त संस्थान, संस्था, निगम, समितिका अध्यक्ष, सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक, सदस्य वा यस्तै प्रकारका पदलाई राजनीतिक नियुक्तिका पदका रूपमा लिने गरिएको छ । यस्ता पदहरू कतिपय कानूनद्वारा नै सृजना गरी, पदावधि निश्चित गरिएका छन् भने कतिपयमा पदावधि निश्चित नगरी खुल्ला छाडिएका छन् ।

खास गरी सरकार मातहतको निजामती सेवा, सुरक्षा सम्वन्धी निकाय, सरकार मातहतमा सञ्चालित शिक्षण संस्थाहरू (विद्यालय स्तरका) र ऐनबाटै छुट्टै रूपमा गठित सरकार मातहतमै रहने सेवा बाहेक सरकारले गर्ने गराउने विविध प्रकृतिका कार्यहरूको सन्दर्भमा गठित निकायहरूका कार्यकारी प्रमुख, प्रशासकीय प्रमुख, सञ्चालक वा कार्यकारी समिति/बोर्डका पदाधिकारीहरूको जुन नियुक्ति सरकारले आफ्नो स्वविवेकमा गर्ने गर्दछ; त्यस्ता पदहरू राजनीतिक नियुक्तिका पद हुन । अर्थात जुन नियुक्ति लोकसेवा आयोग जस्तो संवैधानिक निकायको सिफारिसमा पनि हुँदैन वा सुरक्षा निकायको प्रकृतिको पनि हुँदैन र अन्य कुनै स्वतन्त्र, निष्पक्ष आयोगहरू जहाँ कानूनले नै विशेष प्रक्रियाहरू तोकिदिएको हुन्छ (जस्तो शिक्षा सेवा आयोग), यस प्रकृतिबाट नभै विशुद्ध आफ्नो स्वेच्छामा वा कतिपय अवस्थामा कुनै समितिको सिफारिसमा नियुक्ति गर्ने प्रावधान भए पनि मूलत नियुक्ति भने नियुक्तिकर्ताको इच्छामा नियुक्ति हुने विषयहरू राजनीतिक नियुक्तिका विषयहरू हुन ।

यस्ता नियुक्तिहरूमा सरकारी स्वामित्वका संस्थानहरूको सञ्चालक समिति/बोर्ड/महाप्रवन्धक, सरकारबाट गठित गठन आदेश बमोजिमका समिति/कार्यकारी प्रमुख/प्रशासकीय प्रमुख, सरकार-निजी साझेदारी अर्न्तगत सरकारले नियुक्ति गर्ने आफ्नो आनुपातिक नियुक्ति, कुनै एक ठाउँमा नियमित संयन्त्रमा नियुक्ति पाई लियन राखी अर्को स्थानमा हुने मनोनयन वा नियुक्ति लगायतका विषयहरू राजनीतिक नियुक्ति भित्र पर्दछन् । अर्थात कुनै सेवा सम्वन्धी ऐन, नियम, विनियम बमोजिम छुट्टै प्रक्रिया अन्तर्गत यस्तो नियुक्ति हुँदैन र हटाउने आधार पनि केहीमा प्रष्ट भए पनि केहीमा उल्लेख पनि नभएका यस प्रकृतिका पदहरू यस विषयमा पर्छन । राजनीतिक नियुक्तिका पदहरूको नियुक्ति नियमित कानूनबाट नियुक्त हुने अन्य कर्मचारीहरू भन्दा सामान्यतः निम्न आधारमा फरक रहेको पाइन्छ :

- ☞ नियुक्त हुने पदको लागि सार्वजनिक रूपमा दरखास्तको लागि आव्हान गरिंदैन, प्रस्ताव मागिदैन,
- ☞ न्युनतम शैक्षिक योग्यता त्यो पनि सम्बन्धित विषयको योग्यता हुनुपर्ने गरी तोकिएको हुँदैन,
- ☞ कुनै कामको अनुभव तोकिएको हुँदैन,

- ☞ नियुक्ति हुनेभन्दा तल्लो पद तोकी सो पदमा न्युनतम अवधिको सेवालाई आधार लिइदैन,
- ☞ नियुक्त गर्दा आत्मनिष्ठ आधार मात्र टेकी नियुक्त गरिन्छ,
- ☞ योग्यता जाँच्ने कुनै प्रतियोगिता हुँदैन,
- ☞ पर्न आएको दर्खास्त वा प्रस्तावको मूल्याङ्कन गरिदैन ।

### ६. यस्ता पदमा नियुक्तिको प्रक्रिया :

राजनीतिक नियुक्तिको पदमा नियुक्ति गर्ने प्रक्रिया यही नै हो भन्ने कुनै ठोस आधार सामान्यत रहँदैन । तथापि निम्न बमोजिम केही अवस्थामा योग्यता, कुनैमा समिति गठन गरी त्यसको सिफारिसमा नियुक्ति गर्ने व्यवस्था, केहीमा अनुभव लगायतका केही फरक व्यवस्थाहरू रहेका पाइन्छ :

क. समितिको सिफारिस : नियुक्ति गर्नु अघि नियुक्ति हुने पदका लागि सिफारिस गर्न कुनै समिति गठन गरी त्यो समितिको सिफारिसमा नियुक्ति गर्ने व्यवस्था केही ऐनहरूमा पाइन्छ (जस्तो राष्ट्र बैङ्कको गर्भनर नियुक्तिका लागि नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम गठन हुने समिति, त्रि. वि. का उपकुलपति नियुक्तिका लागि त्रिभूवन विश्वविद्यालय ऐनको दफा १८ (२) बमोजिम सहकुलपति तथा शिक्षा मन्त्रीको अध्यक्षतामा गठन हुने समिति, नेपाल कानून आयोग ऐन, २०६३ को दफा ४ (२) बमोजिम गठन हुने सिफारिस समिति ।

ख. योग्यता तोकिएको नियुक्ति : केही ऐनमा नियुक्तिका लागी निश्चित योग्यता तोकिएको पाइन्छ । जस्तोः नेपाल वायुसेवा निगमको महाप्रवन्धकमा तथा सञ्चालकमा नियुक्ति हुन नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ४.१ बमोजिम को योग्यता हुनुपर्छ ।

ग. नियुक्ति अघि कुनै शर्त, योग्यता पुऱ्याउनु पर्ने विषय प्रकृति :नियुक्तिका लागी निश्चित योग्यता तोकिए पनि कुनै पदमा नियुक्ति हुन सो अगावै कुनै निश्चित शर्त पूरा गर्नुपर्ने कुनै ऐनमा रहेको पाइन्छ जस्तोः नेपाल वायुसेवा निगमको अध्यक्षमा नियुक्ति हुन सो अगावै सञ्चालक भैसकेको व्यक्ति हुनुपर्ने (नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ४(४))

घ. विविध क्षेत्रको प्रतिनिधित्व :उच्च माध्यमिक शिक्षा परिषद्मा नियुक्तिका लागि उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा ४ क मा चन्दादाता लगायत विविध क्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था छ ।

### ७. यस्ता पदमा हटाउने सम्बन्धी प्रचलित कानूनी व्यवस्था

राजनीतिक नियुक्तिका पदमा गरिने नियुक्तिका विविध प्रक्रिया जस्तै हटाउँदाका व्यवस्थाहरू पनि पृथक र विविध प्रकृतिका रहेका छन् । यसमध्ये केही प्रक्रिया यसप्रकार रहेका छन्:

क. संसदीय प्रक्रिया : नेपाल कानून आयोग ऐन, २०६३ को दफा ९ बमोजिम कानून आयोगका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको भनी संविधानसभाको कानून, न्याय तथा संविधानसभा सम्बद्ध समितिका बहुमत सदस्यले निर्णय गरेमा निजको पदावधि समाप्त नहुँदै निजहरू पदबाट हटने व्यवस्था रहेको छ ।

ख. कार्यकारीले हटाउन सक्ने : नेपाल नागरिक उडड्यन प्राधिकरणका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यलाई नेपाल सरकारले हटाएमा पदमा कायम नरहने उल्लेख छ तर यसको प्रक्रिया र आधार ऐनमा उल्लेख छैन ।

ग. अरूको नियुक्ति भएमा स्वतः वदर हुने : राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८(४) मा मनोनित सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने, सञ्चालकको निर्वाचन भई कार्य भार सम्हाले पछि तिनका हकमा नेपाल सरकारबाट मनोनित सञ्चालकहरू स्वतः खारेज हुने व्यवस्था रहेको छ । अर्थात एउटा नियुक्ति वा मनोनयन भएमा पहिलेको मनोनयन वा नियुक्ति स्वतः बदर हुने व्यवस्था रहेको पाइन्छ ।

घ. हटाउने व्यवस्था नै नभएको : प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६(२) बमोजिम काउन्सिलका अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुने उल्लेख छ तर हटाउने व्यवस्था भने ऐनमा छैन ।

ङ. हटाउने आधारहरू ऐनमा उल्लेख भएको : दुरसंचार ऐनको दफा ९ मा दुरसंचार प्राधिकरणका अध्यक्ष र सदस्यलाई पदबाट हटाउने आधारहरू स्पष्ट उल्लेख गरिएका छन् र हटाउनु अघि सफाइको मौका दिनुपर्ने उल्लेख गरिएको छ ।

च. पदावधि संरक्षित नै नभएको : नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ११.३ मा संस्थानको अध्यक्ष र महाप्रबवन्धकको पदावधि नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था भएकाले पदावधि नै ऐनद्वारा संरक्षित रहेको नहुँदा नेपाल सरकारको इच्छा बमोजिम हुने देखिन्छ ।

छ. राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने : नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ६ मा परिषद्का मनोनित सदस्यको पदावधि दुई वर्षको हुने र नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्का सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्ने व्यवस्था छ । यस्तै व्यवस्था राष्ट्रिय दुग्ध विकास वोर्ड ऐनमा, गुम्बा व्यवस्थापन तथा विकास समिति (गठन) आदेश २०४५ को दफा ३.३ मा रहेको पाइन्छ ।

**८. व्याख्यात्मक एकरूपताको प्रश्न र पूर्वावस्था :**

प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेशको निरन्तरता दिने वा नदिने सन्दर्भमा संयुक्त इजलासबाट अहिले देखिएका नियुक्ति प्रक्रियाको सन्दर्भ उठान गर्दै (क) ऐनमा नै किटानी पदावधि रहेको (ख) ऐन अन्तर्गत बनेको नियममा पदावधि किटान रहेको, (ग) विकास समिति ऐन अन्तर्गत गठित समिति गठन आदेशमा नै पदावधि किटान रहेको, (घ) राजपत्रमा प्रकाशित सूचनाद्वारा पदावधि किटान गरेको, (ङ) सरकारी लगानीका कम्पनीको प्रबन्धपत्र नियमावलीद्वारा पदावधि किटान गरेको, (च) सरकारको निर्णयबाट पदावधि किटान गरेको, (छ) सरकारको पत्रद्वारा पदावधि किटान गरेको, (ज) कुनै कानूनी स्रोत नखुलाइएको कार्यविधि/निर्देशिकाबाट पदावधि किटान गरेको, (झ) नेपाल कानूनमा पदावधि किटान गरे पनि सो अवधि मध्ये केही अवधि वा बढीमा भनी नियुक्ति दिइएको र (ञ) सरकारी संस्था/कम्पनीको निर्णयबाट पदावधि किटान गरेको अवस्थाहरू रहेका र यी सबै प्रश्नहरूलाई पूर्ण इजलासबाट रिट नं. ०६८-WO-०५२४ को रिट निवेदनमा अन्तरिम आदेशका सन्दर्भमा गरिएको निर्णयले सम्बोधन गरेको नभई विविध आदेशहरू भई असामञ्जस्यता कायम रहेकाले यी विषयमा निश्चित मार्गदर्शन गर्न आवश्यक निर्णय हुन अपरिहार्य रहेको भनी यी विषयहरू बृहत् पूर्ण इजलासबाट निर्णय हुन पठाइएको देखिन्छ । त्यसैले नियुक्तिको प्रकृतिगत आधारमा नै नियुक्ति हुने पदाधिकारीको वर्खास्त सम्बन्धी अवस्थालाई नै आधार मानेर प्रस्तुत रिट निवेदनका सन्दर्भ समेतमा व्याख्या गरिनुपर्ने भए पनि वर्खास्त गर्ने कानूनी व्यवस्थालाई समेत जोडेर हेर्नुपर्ने हुन्छ । यसरी हेर्दा व्याख्यात्मक एकरूपताको प्रश्नमा सयुक्त इजलासबाट उठाइएका विभिन्न दश प्रश्नहरूलाई निम्न चार प्रश्नमा विभाजन गरी सम्मानित अदालतबाट यस पूर्व भएका व्याख्याहरूको विवेचना गर्नु पर्ने हुन्छ ।

(क) कानूनमा पदावधि किटान भएको पद र नियुक्ति दिँदा पनि सो पदावधि किटान गरेर दिएका नियुक्तिहरूमा कुनै प्रक्रिया र आधार बिना हटाएको अवस्था,

(ख) कानूनमा पदावधि उल्लेख भए पनि नियुक्ति दिँदा र लिँदा “बढीमा” भनी नियुक्ति भएको र हटाएको अवस्था,

(ग) कानूनको स्रोत नभई अन्य प्रक्रियाद्वारा सरकारले पदावधि उल्लेख गरी नियुक्ति भएको र हटाउने अवस्था,

(घ) सरकारी संस्था वा कम्पनीको निर्णयबाट नियुक्त भएको र हटाएको अवस्था,प्रश्न (क) का सन्दर्भमा :

विधायिकाद्वारा निर्मित कुनै ऐन वा सो ऐनको अख्तियारी अन्तर्गत बनेका नियम, विनियम, आदेश पनि नेपाल कानून हुने कुरा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २(ड) मा उल्लिखित नेपाल कानूनको परिभाषामा “यो शब्दले नेपाल ऐन वा नेपालको कुनै भागमा कानून सरह लागू हुने ऐन, सवाल, नियम, आदेश वा उपनियम सम्झनु पर्छ” भन्ने उल्लेख भएबाट देखिन्छ । ऐनको अख्तियारी अन्तर्गत ऐन बमोजिम निकालिएका आदेश इत्यादिको

व्याख्या ती सूचना, आदेश, योजना, नियम, फाराम वा उपनियमहरूको अर्थ सो अख्तियार दिने ऐन वा विनियममा लागे बमोजिमनै हुन्छ भन्ने दफा २० को प्रावधानबाट पनि ऐन वा ऐनको अख्तियारी अन्तर्गत जारी भएका नियम, विनियम, आदेश वा सूचना समेत कानून सरह मान्यता प्राप्त रहेका छन् । ऐनले दिएको अख्तियारी अन्तर्गत बनेको नियमावली नेपाल कानून हुने भनी भरतमणि जंगम वि. मन्त्रिपरिषद् सचिवालय समेत (ने.का.प. २०६० नि.नं. ७१८८ पृ.१८३) र ऐन अन्तर्गत बनेको नियम र सो नियम अन्तर्गत बनेको साझा यातायात कर्मचारीहरूको सेवा शर्त र सुविधा सम्बन्धी विनियमावली, २०५७ लाई कानूनकै संज्ञा दिनुपर्ने भनी होमनाथ शर्मा समेत विरुद्ध श्रम तथा यातायात मन्त्रालय समेत (२०६३ सालको रि.पु.इ.नं २०, निर्णय मिति २०६३।१०।२७, स.अ.बाट प्रतिपादित नजिर, भाग ३ (२०६३) पृ. ४४५) भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट व्याख्या भई सकेको छ ।

उल्लेखित कानूनी व्याख्या र सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट संयुक्त इजलासबाट उल्लेख गरिएका (क) देखि (ङ) सम्म अर्थात ऐनमा नै पदावधि रहेको, ऐन अन्तर्गत बनेको नियममा पदावधि किटान रहेको, विकास समिति ऐन अन्तर्गत गठित समिति गठन आदेशमा नै पदावधि किटान रहेको, राजपत्रमा प्रकाशित सूचनाद्वारा पदावधि किटान गरेको वा सरकारी लगानीको कम्पनीको प्रबन्धपत्र नियमावलीद्वारा पदावधि किटान गरेको पदका सम्बन्धमा कानूनी संरक्षण प्राप्त भएकोले यस्तो अवस्थामा पदावधि किटान गरी नियुक्ति दिएको अवस्थामा कानूनी संरक्षण प्राप्त हुने हुन्छ । उल्लेखित क देखि घ सम्मका विषय कानूनबाट निर्देशित विषय हुन भने सरकारी लगानीका कम्पनीको प्रबन्धपत्र र नियमावली सामान्य रूपमा कानून नभए पनि सो कम्पनीका सन्दर्भमा कानून सरह नै लागू हुने हुँदा प्रबन्धपत्र र नियमावलीबाट पदावधि निश्चित भएकोमा नियुक्ति दिँदा पनि सोही पदावधि उल्लेख गरेको अवस्थामा पनि कानून सरहको समान संरक्षण प्राप्त हुने हुन्छ । यसरी कानूनद्वारा पदावधि निश्चित गरेकोमा पदावधि किटान गरी सो कानूनी व्यवस्थाको उल्लेख गरी नियुक्ति दिएकोमा यस्तोमा पदावधि भन्दा अगावै निश्चित कानूनी आधार, अवस्था र प्रक्रिया बेगर हटाउन नमिल्ने भनी सम्मानित अदालतको फुल बेञ्चबाट समेत विभिन्न मुद्दाहरूमा (टिका पोखरेल विरुद्ध म.प.स. ने.का.प. २०५३ अंक १२ पृष्ठ ८११, रुक्मशमसेर राणा विरुद्ध म.प.स. ने.का.प. २०५४ पृष्ठ ८, गणेश झा विरुद्ध त्रि.वि.वि., ने.का.प. २०५३, पृष्ठ ७६४, लाक्पा लामा विरुद्ध स्थानीय विकास मन्त्रालय समेत, (२०५७ सालको रि.पु.इ.नं. १३१), रत्नबहादुर गाहा मगर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०६६ सालको रि.नं. ०३२) भएको मुद्दाको आदेशमा पनि व्याख्या भैसकेको हुँदा र अन्तरिम आदेशका सन्दर्भमा पनि ०६८ सालको रिट नं. ०५२४ मा व्याख्या भैसकेको हुँदा उल्लेखित प्रश्नमा थप व्याख्या र विवेचना गरिरहनु पर्ने अवस्था छैन ।

**प्रश्न (ख) का सन्दर्भमाः**

कानूनमा पदावधि उल्लेख भए पनि नियुक्तिकर्ताले नियुक्ति दिँदा "बढीमा" शब्द प्रयोग गरी नियुक्ति दिएको र नियुक्ति लिनेले पनि त्यसलाई स्वीकार गरेको अवस्थामा अर्थात कानून बमोजिमको अधिकार परित्याग (Waive) गरेको मान्य हुने वा नहुने भन्ने सन्दर्भमा संयुक्त इजलासबाट बुँदा नं. (झ) मा थप व्याख्याको लागि उल्लेख गरेको पाइन्छ । यस सन्दर्भमा कानूनले पदावधि तोकेको पदमा नियुक्ति वा मनोनयन गर्दा पदावधि उल्लेख नभएको वा पदावधि "बढीमा" उल्लेख हुनुको उद्देश्य र अर्थ नियुक्त गर्ने वा मनोनित गर्ने निकायले उक्त अवधि भित्र जहिले पनि हटाउन सक्दछ भन्ने देखिन्छ । किनभने पदावधिको हकमा "५ वर्ष" र "बढीमा ५ वर्ष" लाई समान अर्थ र समान प्रयोजनको रूपमा ग्रहण गर्न सकिदैन भनी गोविन्द चित्रकार विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार भएको (२०६६ सालको रिट नं ३४९५, आदेश मिति २०६४।३।५।३) मुद्दामा सिद्धान्त प्रतिपादन भैरहेकोमा शिवशरण थापा विरुद्ध पर्यटन मन्त्रालय समेत भएको (२०६४ सालको रिट नं. १०८०, आदेश मिति २०६४।५।२५।३) मुद्दामा कानूनले निश्चित पदावधि चार वर्ष तोकेको पदमा रहन पाउने अधिकार कानूनले दिएकोमा यो पदावधि Non-Negotiable पदावधि हो । नियुक्तिकर्तालाई बढीमा चार वर्षसम्म भनी चार वर्षको पदावधिलाई घटाई आफ्नो इच्छा अनुसारको पदावधिको लागि नियुक्ति गर्ने अधिकार कानूनले दिएको देखिंदैन तर यसमा निवेदक आफैले आफ्नो चार वर्ष पदावधिको अधिकारलाई waive गरी नियुक्तिकर्ताको इच्छा अनुसारको पदावधिको लागि नियुक्ति स्वीकारेको देखिंदा नियुक्तिकर्ताको इच्छा अनुसारको समय मात्र पदमा बस्न स्वेच्छाले जानीजानी मन्जुर गरी नियुक्ति लिइ

सकेपछि निजलाई चार वर्ष बस्ने अधिकार छ भन्ने निवेदकको भनाई युक्तिसंगत नदेखिने । मौलिक हक waive गर्न नसकिए पनि सामान्य कानूनले दिएको कानूनी अधिकार waive गर्न सकिने हुँदा यस्तोमा प्राकृतिक न्यायको सिद्धान्त लागू नहुने भनी व्याख्या गरिएको छ । यसै आधारलाई गोविन्द गुरागाई विरुद्ध बाबुराम श्रेष्ठ भएको (०६६-FN-००८१, रि.न.०६६-WO-०५४८, आदेश मिति २०६६।९।३६) मुद्दामा कार्यावधि ५ वर्ष भनी कानूनले किटान गरे पनि "बढीमा" भनी नियुक्ति दिएकोमा अन्तरिम आदेश जारी नहुने भनि पूर्व निर्णयमा प्रतिपादित सिद्धान्तलाई अनुशरण गरिएको देखिन्छ । यसैगरी राजेशराज दली विरुद्ध नेपाल सरकार (२०६२ को रिट नं. ३१३२ आदेश मिति २०६३।६।२६), इमान सिंह लामा विरुद्ध नेपाल सरकार भएको (ने.का.प. २०६८ नि.नं. ८६१४ पृष्ठ ८०७) मुद्दामा पनि कानूनमा पदावधि उल्लेख भए पनि नियुक्ति दिंदा "बढीमा" उल्लेख गरि दिएकोमा रिट जारी नहुने निर्णय भएका छन् ।

तर मझिलाल थारु थनेत विरुद्ध नेपाल सरकार भएको (संवत्\ २०६६ सालको रिट नं ०१७० आदेश मिति २०६६।९।५।१) मुद्दामा कानूनद्वारा पदावधि किटान भएकोमा कार्यकारिणीले उक्त पदावधिलाई किस्तावन्दीमा प्रयोग गर्ने गरी दिन नमिल्ने भनि निर्णय भएको र डा. शिवहरी श्रेष्ठ विरुद्ध नेपाल सरकार भएको (२०६६ सालको रिट नं. १२६७, आदेश मिति २०६७।११।२) मुद्दामा पनि कानूनद्वारा पदावधि किटान भएकोमा कुनै कानूनी आधार उल्लेख नगरी रीतपूर्वकको स्पष्टीकरण समेत नलिई अर्थ मन्त्रीबाट स्पष्टीकरण लिई मन्त्रिपरिषद्बाट निर्णय भएको देखिंदा कानूनको उचित प्रक्रिया पूरा नगरी अधिकार क्षेत्रात्मक त्रुटि गरी हटाउने गरेको निर्णय बदर गरिएको छ । पछिल्लो मुद्दामा कानूनी पदावधिलाई मात्र आधार नलिई उचित प्रक्रिया र अधिकार क्षेत्रात्मक त्रुटिको आधारमा वदर गर्ने निर्णय भएको हुँदा पदावधि मात्र यसको आधार नभएको देखिन्छ ।

यसरी संयुक्त इजलासबाटै प्रतिपादित सिद्धान्तहरू समान तहकै इजलासबाट अनुशरण नभएको कारण समतेबाट व्याख्यामा एकरूपता कायम गर्न ०६८ सालको रिट नं ०५२४ को मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(च) बमोजिम पूर्ण इजलासमा पेश भएकोमा सो इजलासले ऐनमा पदावधि उल्लेख भए पनि "बढीमा" भनि उल्लेख भएकाको हकमा समेत बुँदा नं. ३ (पृष्ठ २) को विश्लेषण गर्दै कानूनमा पदावधि उल्लेख नगरिएको र उल्लेख गरिए पनि सो भन्दा कम समयका लागि गरिएको नियुक्ति स्वीकार गरी वा बढीमा केही समयको लागि भनी दिइएको नियुक्ति वा गरिएको मनोनयन स्वीकार गरी पदभार ग्रहण गरेको पदाधिकारीले कानूनमा भएको व्यवस्था अनुसार निश्चित अवधिको लागि नियुक्त वा मनोनित भएका पदाधिकारी सरह कानूनी संरक्षण प्राप्त गर्न सक्ने देखिदैन" भनी स्पष्ट व्याख्या भैसकेपछि पूर्ण इजलासबाट प्रतिपादन भएको रुलिङ्गलाई पूर्ण इजलासले नै राय बझाएको वा सो भन्दा माथिल्लो संख्या भएको बृहत्  पूर्ण इजलासले अर्को रुलिङ्ग कायम गरेमा बाहेक पूर्ण इजलासको रुलिङ्ग सबै संयुक्त इजलासहरूलाई फैसला स्थिरताको सिद्धान्त बमोजिम समेत बाध्यकारी हुनेमा सोसँग सहमत नभएको जस्तो आधारमा माथिल्लो संख्या भएको इजलासमा लैजाने र व्याख्या गर्ने अवस्था फैसला स्थिरताको सिद्धान्त र नजिरको सिद्धान्त समेत प्रतिकूल हुने हुँदा स्थापित भैसकेका सिद्धान्तलाई अन्यथा भन्ने अवस्था रहेको छैन ।

**प्रश्न (ग) का सन्दर्भमा :**

कानूनमा पदावधि उल्लेख नभएको तर नियुक्ति दिंदा पदावधि उल्लेख गरी दिएकोमा हटाउन पाउने नपाउने भन्ने सन्दर्भमा हेर्दा कानूनद्वारा पदावधि सुरक्षित भएकोमा मात्रै कानूनी हकको उल्लंघनमा उपचार प्राप्त हुने हो, जव कानूनले नै पदाधिकार संरक्षण गरेको छैन भने यस्तोमा नियुक्तिकर्ताको इच्छा र तजविजमा भर पर्ने भएकाले जहिलेसुकै हटाउन पाउने भनी लवकुमार थापा विरुद्ध नेपाल सरकार भएको (२०५७ सालको रि.पु.इ.नं १७८, आदेश मिति २०५८।५।२१।५) मुद्दामा र हुतराज वस्नेत विरुद्ध नेपाल सरकार भएको (२०५७ सालको रि.पु.इ.नं. १७९ आदेश मिति २०५८।५।२१।५) मुद्दामा पूर्ण इजलासबाटै सिद्धान्त प्रतिपादित भैसकेको छ । सो रुलिङ्गकै आधारमा महेश दत्त विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०६७ सालको रिट नं. ११११, आदेश मिति २०६८।३।१) अजवलाल यादव विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०६८ सालको रिट नं ०४७२, आदेश मिति ०६८।९।१७), भौतिक योजना तथा निर्माण मन्त्रालय विरुद्ध नरेशकुमार चौधरी (२०६८ सालको FN-०१६४, २०६८ को रि.नं. ०४८३ मा अन्तरिम आदेश वदर सम्बन्धमा अन्तरिम आदेश खारेज भएको), धर्मकुमार बजिमय विरुद्ध प्रधानमन्त्री

तथा मन्त्रिपरिषद्को कार्यालय भएको (२०६८ सालको रिट नं.०५८८, आदेश मिति २०६८।१०।८) का मुद्दाहरूमा अन्तरिम आदेश जारी नहुने गरी आदेश भएका छन् ।

प्रस्तुत रिट निवेदनमा संयुक्त इजलासबाट उठाइएका प्रश्न (च) सरकारको निर्णयबाट पदावधि किटान गरेको (छ) सरकारको पत्रद्वारा पदावधि किटान गरेको (ज) कुनै कानूनी स्रोत नखुलाइएको कार्यविधि/निर्देशिकाबाट पदावधि किटान गरेको विषयहरूमा हेर्दा यी विषयहरू कुनै कानूनद्वारा पदावधि सुरक्षित भई कानूनी उपचार प्राप्त हुने नभै सरकारको कार्यकारी अधिकार अन्तर्गत सरकारको इच्छानुसारको अवधिसम्म रहन पाउने इच्छाको सिद्धान्त (Doctrine of Pleasure) मा भर पर्ने पद हुन गएकोले कानूनको उचित प्रक्रिया पुऱ्याएर हटाउनु पर्ने नभै आफ्नो इच्छानुसार काम लगाउन पाउने कुरा करारीय आधारमा तय गरिने विषय सरह हुन जाने हुँदा यस्तोमा माथि उल्लेखित प्रतिपादित सिद्धान्तहरू समेतको आधारमा रुलिङ्ग भैसकेको विषय वस्तु हुन । यस विषयलाई पनि २०६८ सालको रिट नं. ०५२४ को रिट निवेदनमा पूर्ण इजलासले बुँदा नं. ४ मा उल्लेख गरी पुनः एकरूपता कायम गर्ने सिलसिलामा व्याख्या विवेचना गरी यस्तोमा अन्तरिम जारी गर्नुनपर्ने भनी बोलिसकेको हुँदा यसमा थप व्याख्याको आवश्यकता र आधार देखिदैन ।

**प्रश्न (घ) का सन्दर्भमा :**

यस सन्दर्भमा संयुक्त इजलासले बुँदा (ञ) मा सरकारी संस्था/कम्पनीको निर्णयबाट पदावधि किटान गरेको अवस्था बारेमा विवेचना गर्दा त्यस्तो पदहरू पनि संस्थाको कानूनको रूपमा मानिने प्रबन्धपत्र र नियमावलीबाट संरक्षित नभै नियुक्तिकर्ताको इच्छानुसारको पदावधी हुने हुँदा यस्तो पदको नियुक्तिमा नियुक्त गर्नेले आफूखुसी गर्न पाउने हुन्छ । कम्पनी ऐनको दफा ९० मा पनि नेपाल सरकारले नियुक्त गर्ने यस प्रकृतिका पदमा नेपाल सरकारको इच्छानुसार हुने उल्लेख गरिएको छ । यस्ता पदहरूमा नियुक्ति गर्दा कानूनी हक भन्दा पनि करारीय हक प्राप्त हुने हुंदा सम्बन्धित पक्षले करारीय आधारमा उपचार पाउने अवस्था रहन्छ र करारका शर्तबाटै त्यस्तो अवस्थाको प्रत्याभूति हुने हुन्छ । यस्तो नियुक्तिका सन्दर्भमा सम्मानित अदालतको संयुक्त इजलासबाट भैरवबहादुर सिंह विरुद्ध नेपाल सरकार भएको (२०६८ सालको रिट नं. ०३३७, आदेश मिति २०६८।७।३०) र मैराज मुसलमान विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको (२०६८ सालको रिट नं. ३८८, आदेश मिति २०६८।७।३०) मा समेत व्याख्या भई अन्तरिम आदेश जारी नगर्ने आदेश भई राखेको हुँदा यस्तो प्रकृतिका पदहरूको नियुक्तिमा नियुक्तिकर्ताको इच्छा अनुसार हुने भई जहिलेसुकै हटाउन पाउने, हटाउदा कुनै कानूनी कार्यविधि पूरा गर्नुनपर्ने अवस्था देखिन्छ ।

**८. अहिले व्याख्याका लागि प्रस्तुत भएका विषय र व्याख्याका सन्दर्भमा विकास भएका विभिन्न सिद्धान्तहरूको विश्लेषण :**

संयुक्त इजलासबाट उठाइएका प्रश्नहय्का सन्दर्भमा सम्मानित अदालतबाट हालसम्म भएका व्याख्यामा एकय्पता नभएको र पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तलाई संयुक्त इजलासले अनुशरण नगरेका कारण द्विविधात्मक अवस्था देखिएका सन्दर्भमा निम्न संवैधानिक कानूनी तथा यस सन्दर्भमा विकसित सिद्धान्तहय्को विश्लेषणबाट उपर्युक्त निष्कर्षमा पुग्न मद्दत पुग्ने देखिन्छ ।

(क) संवैधानिक कानूनी व्यवस्था र पदावधि संरक्षणको प्रश्न :

राजनैतिक नियुक्ति र वर्खास्त सम्बन्धी प्रश्नमा वर्खास्त पश्चात सो निर्णय विरूद्धमा सम्मानित अदालतबाट प्रस्तुत हुने रिट निवेदनमा अन्तरिम संविधानको धारा १२(२) (च) मा उल्लिखित पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता सम्बन्धी मौलिक हकको उल्लंघन भयो भनी दाबी लिने गरेको पाइन्छ । तर वर्खास्त सम्बन्धी सबै विषय मौलिक हक सम्बन्धी उल्लंघन हो ? भन्ने प्रश्न बारम्बार उठ्ने गरेको पाइन्छ । यस सन्दर्भमा सरकारी सेवाको सञ्चालन सम्बन्धमा अन्तरिम संविधानको धारा १५३ मा ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन् भन्ने उल्लेख भएकाले सेवामा रहन पाउने र सेवाबाट हटाउने बारेमा ऐनद्वारा व्यवस्था भएका कानूनी प्रावधान बमोजिम व्यवस्थित हुने विषय हुन भने अन्य राजनैतिक प्रकृतिका नियुक्तिका सन्दर्भमा संविधानमा कुनै उल्लेख नभएकाले यस प्रकृतिका पदमा नियुक्त भएका व्यक्तिलाई बर्खास्त गर्दा

संवैधानिक उपचारको हक प्राप्त हुने नभई कानूनी उपचार प्राप्त हुने देखिन्छ । यस सन्दर्भमा भारतीय संविधानमा भएको व्यवस्था हेर्दा त्यहाँ संविधानमै स्पष्ट व्यवस्था भएकोले नियुक्ति र वर्खास्त सम्बन्धी कुरा संवैधानिक व्यावस्था बमोजिम निर्देशित हुने विषय हुन भन्ने कुरा भाग १४ मा "Services Under the Union and the States" अन्तर्गत धारा ३०८ देखि धारा ३११ गरिएका प्रावधानबाट स्पष्ट हुन्छ । नेपालको सन्दर्भमा संविधानमा नै यस्तो व्यवस्था नगरिएकोले पेशा र रोजगार सम्बन्धी स्वतन्त्रता उल्लेख गरेकै कारणले संवैधानिक हकको विषय नभई कानूनी हकको विषय हुने स्पष्ट छ ।

कानूनी हकको रूपमा व्यवस्थित हुने विषयमा नियुक्ति र वर्खास्त बारेमा सम्बन्धित ऐन वा सो ऐनको स्पष्ट प्रत्यायोजित अधिकार अन्तर्गत बनेका नियम, विनियम वा आदेशमा उल्लेखित पदावधि नै आकर्षित हुन्छ । त्यस्तो पदमा कानूनतः नियुक्त भएका व्यक्तिहरूलाई हटाउँदा सोही कानूनका प्रावधान विपरीत हटाउन नपाउने गरी त्यस्तो कानूनद्वारा संरक्षण हुने हुन्छ । कानूनी अधिकारका प्रचलनका लागि सोही कानूनमै व्यवस्था भएको प्रावधान बमोजिम नै प्रचलित हुन सक्छ । कानूनी अधिकार मौलिक हक नभएकोले स्पष्ट रूपमा सोही कानूनले परित्याज्य नहुने भनि बर्जित गरेकोमा बाहेक वा त्याग्ने बारेमा सो कानूनले नै कुनै शर्त राखेकोमा बाहेक नियुक्ति दिनेले शर्त राखेर नियुक्ति दिन सक्छ र नियुक्ति लिनेले पनि अधिकार परित्याग गरेर सीमित अधिकारमा चित्त बुझाएर नियुक्ति लिन सक्ने हुन्छ । यस्तो अवस्थामा हटाउनुपूर्व आरोप लगाउनुपर्ने वा स्पष्टीकरण लिनुपर्ने वा सुनवाइको मौका दिनुपर्ने वा नपर्ने भन्ने कुरा सम्बन्धित कानूनमा भएको प्रावधानबाट मात्रै निर्धारित हुने विषय हुन्छन् । पदावधि संरक्षणको प्रश्नलाई कानूनी प्रावधान भित्र भएका व्यवस्थाको अधीनमा मात्र व्याख्या गर्नुपर्ने हुन्छ ।

**(ख) कानूनी अधिकार र करारीय अधिकार :**

नेपालको सन्दर्भमा राजनैतिक तथा सेवा सम्बन्धी नियुक्ति तथा वर्खास्त सम्बन्धी विषय संवैधानिक अधिकारको रूपमा नभई कानूनी अधिकारको रूपमा रहेको हुँदा भारतीय संविधानको धारा ३११ को जस्तो सुरक्षाको हक तथा अधिकार प्राप्त हुँदैन । पदावधि कानूनद्वारा सुरक्षित गरिएका पदमा नियुक्ति दिँदा सोही कानूनी व्यवस्था बमोजिमको पदावधि बमोजिम नियुक्ति दिएकोमा कानूनमा व्यवस्था भए बमोजिमको संरक्षण प्राप्त हुने हुँदा नियुक्ति पाउने व्यक्तिले सबै कानूनी अधिकार उपयोग (enjoy) गर्न पाउँछ । तर कानूनमा पदावधि उल्लेख भए पनि नियुक्ति दिंदा “बढीमा” भनि दिएको अवस्थामा नियुक्ति लिनेले कानूनद्वारा प्रदत्त पूर्ण अधिकार त्याग गरी चित्त बुझाई नियुक्तिकर्ताको इच्छानुसार “बढीमा” भनिएको पदावधिसम्म रहन पाउने गरी कानूनी अधिकार परित्याग गरेको मानिन्छ । मौलिक हक परित्याग गर्न सकिंदैन र सबै कानूनी अधिकार परित्याग गर्न नसकिए पनि जुन सेवाको प्रकृति नै स्थायी प्रकृतिका कर्मचारीतन्त्रको जस्तो सेवा छैन, जुन सेवाको नियुक्ति बढुवा, सरुवा, विभागीय कारबाही जस्ता विषयमा कानूनले व्यवस्था गरी जथाभावी कारबाही विरुद्ध बचाउको अधिकार दिएको जस्तो नभई आफैमा आफूखुसी जस्तो, योग्यता भए पनि नभए पनि कुनै कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने नभई विशुद्ध नियुक्तिकर्तालाई मन लागेको अवस्थामा, उपयुक्त लागेमा नियुक्ति दिन पनि सकिने नदिन पनि सकिने जसरी नियुक्त भएका व्यक्तिले आफ्नो पदमा जसरी जुन शर्तमा रहने गरी प्रवेश गर्छ र आफूलाई मन नलागेको अवस्थामा जसरी छाडन पनि पाउँछ त्यसरी नै कानूनी अधिकार परित्याग गरेको अवस्थामा नियुक्ति गर्नेले पनि कानूनले नै कुनै शर्त राखेमा बाहेक हटाउन पनि पाउने हुन्छ । यस्तो अवस्था भनेको पूर्ण कानूनी अधिकार नभई निहित हुन जाने (Vested) विधिशास्त्रीय मान्यता रहेकोले निहित अधिकारमा चित्त बुझाउने व्यक्तिलाई सम्मानित अदालतले पूर्ण कानूनी अधिकार भएकाको सरहको समानताको हकमा आधारित न्याय प्रदान गर्न सक्दैन । किनकि सम्मानित अदालतले समानता भनेको समान अवस्था (Status) भएकाहरूका बीचमा लागू हुने भनी विभिन्न मुद्दाहरूमा सिद्धान्त प्रतिपादन गरिसकेको छ ।

यसैगरी सम्बद्ध कानूनमा पदावधि नै उल्लेख नभएकोमा भने त्यस्ता पदको अवधि कानूनद्वारा सिर्जित नै नभएकोले कानूनी संरक्षण प्राप्त गर्ने नभई विशुद्ध नियुक्तिकर्ता र नियुक्ति लिने बीचको करारीय प्रकृतिको

हुन्छ । यस्ता नियुक्तिहरू सार्वजनिक निकायमा सरकारले गर्ने भए पनि अरु कानूनी नियुक्तिको जस्तो कानूनमा आधारित नियुक्ति नभई दुई पक्षबीचको करारमा आधारित नियुक्ति हुन्छ । पछिल्लो समयमा सरकारले यसरी संझौता गरी नियुक्ति दिने गरेको पनि पाइन्छ । यस्तो नियुक्ति भएका व्यक्तिलाई हटाउँदा करारमा उल्लेखित शर्तहरूको अधिनमा रही व्याख्या गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा सरकारको संलग्नता हुने वित्तिकै सार्वजनिक सरोकार वा राज्य विरुद्धको विवाद नभई करार विधिशास्त्र (Contract Jurisprudence) बमोजिम पक्षहरूबीचको सहमतिमा आधारित निजी कानूनको अर्थमा व्याख्या गर्नुपर्ने हुन्छ । यस्तो नियुक्ति दिंदा यो यति समयका लागि नियुक्ति गरिएको र हटाउँदा यी शर्त पालना गर्नुपर्ने वा निश्चित समयको सूचना वा क्षतिपूर्ति दिनुपर्ने पाउने भन्ने उल्लेख भएमा सोही बमोजिम केही उल्लेख नभए जसरी नियुक्ति पाउनेले आफ्नो इच्छानुसार छाडन पाउँछ त्यसरीनै नियुक्ति दिनेले पनि मन लागेको अवस्थामा आफ्नो सुविधा अनुसार हटाउन पनि पाउँछ । प्रस्तुत रिट निवेदकको नियुक्ति पनि कानूनी पदावधि भएको नियुक्ति नभएको हुँदा करारीय र प्रशासकीय प्रकृतिको नियुक्तिमा सरकारले आफ्नो इच्छानुसार हटाउन पाउने अधिकार निहित रहेको हुन्छ । अतः कानूनद्वारा संरक्षण नभएका प्रशासनिक विषयमा करारीय मान्यताका आधारमा व्याख्या गर्नु उपयुक्त हुन्छ ।

**(ग) इच्छाको सिद्धान्त (Doctrine of Pleasure)**

बेलायतबाट विकास भएको यस सिद्धान्त बमोजिम नियुक्ति गरिएका कुनै पदमा रहेको व्यक्ति नियुक्ति गर्नेको इच्छामा नियुक्ति हुने हुँदा निजको सेवा पनि नियुक्ति गर्नेको इच्छामा निर्भर रहन्छ । नोकरी दिनेको इच्छामा नियुक्ति हुने हुँदा उसले चाहेको अवस्थामा अवकाश पनि दिन सक्तछ भन्ने सिद्धान्त नै इच्छानुसारको वा आफूखुसीको सिद्धान्त (Doctrine of Pleasure) हो । सुनवाइ बिना नै नोकरीबाट हटाउन पाउने मान्यतामा यस सिद्धान्तको विकास भएको हो । भारतीय संविधानको धारा ३१०(१) मा Except as expressly provided by this Constitution, every person who is a member of a Defence service or of a civil service of the Union or of an All India Service or holds any post connected with Defence or any civil post under the Union holds office during the pleasure of the President, and every person who is a member of a civil service of a State or holds any civil post under a State holds office during the pleasure of the Governor of the State भन्ने उल्लेख गरी केन्द्रीय सेवामा रहने कर्मचारीहरू राष्ट्रपतिको इच्छामा र राज्य सरकारको सेवामा रहने कर्मचारीहरू गभर्नरको इच्छा तथा चाहना रहुन्जेल सेवामा रहन्छन् । तर सेवा सुरक्षाको सम्बन्धमा धारा ३११ मा Dismissal, romoval or reduction in rank of persons employed in civil capacities under the Union or a State अन्तर्गत यस्तो व्यवस्था गरिएको छ :

"(1) No person who is a member of a civil service of the Union or an all-India service or a civil service of a State or holds a civil post under the Union or a State shall be dismissed or removed by an authority subordinate to that by which he was appointed.

(2) No such person as aforesaid shall be dismissed or removed or reduced in rank except after an inquirey in which he has been informed of the charges against him and given a reasonable opportunity of being heard in respect of those charges" भनी उल्लेख गरिएको छ । कसैलाई हटाउँदा कुनै अभियोगको छानबिन गरेर र अभियोगको सूचना दिई सो बारेमा प्रतिवादको उचित मौका दिनुपर्ने कुरालाई उल्लेखित धारा ३११ ले सुरक्षा प्रदान गरेको छ । तर कम्पनी ऐन बमोजिम संस्थापित कुनै कम्पनीका कर्मचारी चाहे ती सरकारद्वारा स्थापित वा नियन्त्रित सरकारी स्वामित्वका संस्था नै किन नहुन तिनीहरूका हकमा धारा ३११ को सुरक्षा प्राप्त नहुने भनी[1] S.L. Agrawal V GM, Hindustan Steel Ltd, (1970) 1 SCC 177, Rajasthan SRTC V. Zakir Hussain, (2005) 7 SCC 447 लगायतका मुद्दामा (V.N. Sukla, Constitution of India पुस्तकको पृष्ठ ८७४ बाट उद्धृत) व्याख्या भएको सन्दर्भमा सरकारी संस्थान वा सरकारद्वारा गठित कम्पनी, संस्था, समितिका पदाधिकारी कर्मचारीको हकमा हटाउनु अघि संविधानको धारा ३११ को सुरक्षा कवच प्राप्त नभई Doctrine of Pleasure को सिद्धान्त लागू हुने स्पष्ट छ ।

1 S.L. Agrawal V GM, Hindustan Steel Ltd, (1970) 1 SCC 177, Rajasthan SRTC V. Zakir Hussain, (2005) 7 SCC 447 **लगायतका** मुद्दामा (V.N. Sukla, Constitution of India पुस्तकको पृष्ठ ८७४ बाट उद्धृत)

नेपालको सन्दर्भमा पनि सरकारी स्वामित्वका वा सरकारद्वारा गठित संस्थान, कम्पनी, संस्था, समितिहरूका राजनैतिक प्रकृतिका नियुक्तिका पदमा हटाउँदा सुनवाइको मौका वा प्रतिवादको मौका लगायतका विषयहरूमा संवैधानिक सुरक्षा प्राप्त नहुने स्पष्ट नै छ । साथै "बढीमा" शब्द प्रयोग गरी नियुक्त गरिएका अवस्था र कानूनमा स्पष्टत पदावधि किटान नगरिएका पदमा नियुक्ति दिंदा किटानी साथ पदावधि उल्लेख गरे पनि वा "बढीमा" शब्द प्रयोग गरे पनि सारत कानूनी रूपमा संरक्षण प्राप्त समेत नहुने स्थिति भई त्यस्तो नियुक्तिहरू करारीय प्रकृतिको भई नियुक्तिकर्ताको विशुद्ध इच्छाधीन हुने हुँदा प्रस्तुत रिट निवेदन जस्ता प्रकृतिका मुद्दामा Doctrine of Pleasure को सिद्धान्त लागू हुने भई हटाउनु अघि कुनै अभियोग लगाई स्पष्टीकरण सोध्ने वा प्रतिवादको मौका दिनुपर्ने भन्न मिल्दैन ।

**(घ) प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural justice)**

## तामेलीमा राख्ने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

| पुनरावेदन सरकारी वकील कार्यालय ............ | बिष खाएर | आगोलागिबाट | झुण्डिएर | हतियारबाट | करेन्ट लागेर | लडेर | पानीमा डुबेर | हाम फालेर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | | | | | | |
| यस महिनाको | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

फाराम नं. ६

जिल्ला सरकारी वकील कार्यालय …………………………

**२० ....... साल ........... महिनाको मासिक / आ.व. ............को वार्षिक प्रतिवेदन**

## कानूनी राय सम्बन्धी विवरण

| जिल्ला सरकारी वकील कार्यालय ............ | कानूनी राय माग गर्ने कार्यालय संख्या | कानूनी राय माग संख्या | कानूनी राय प्रदान गरेको संख्या | कानूनी राय दिन बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | |
| यस महिनाको | | | | | |
| जम्मा | | | | | |

फाराम नं. ७

जिल्ला सरकारी वकील कार्यालय …………………………

**२० ....... साल ........... महिनाको मासिक / आ.व. ............को वार्षिक प्रतिवेदन**

## मुद्दामा महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका विवरण

| जि.स.व.का. | महिला/बालबालिका | ज्यान/ज्यान मार्ने उद्योग, सवारी ज्यान | | ज.क./उद्योग | | मानव बेचविखन | | चोरी | | शरीर बन्धक/ अपहरण | | लागू औषध | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी | पीडित | प्रतिवादी |
| गत महिनासम्मको | महिला | | | | | | | | | | | | | | | | |
| | बालबालिका | | | | | | | | | | | | | | | | |
| यस महिनाको | महिला | | | | | | | | | | | | | | | | |
| | बालबालिका | | | | | | | | | | | | | | | | |
| जम्मा | महिला | | | | | | | | | | | | | | | | |
| | बालबालिका | | | | | | | | | | | | | | | | |

फाराम नं. ८

जिल्ला सरकारी वकील कार्यालय ....................

**आ.व. ............को वार्षिक प्रतिवेदन**

## जिल्ला सरकारी वकील कार्यालयको भौतिक स्थिति

| जि.स.व.को नाम | जग्गाको क्षेत्रफल | कार्यालय | आवास | कम्पाउण्ड वाल | कम्प्युटर संख्या | प्रिन्टर संख्या | इन्भटर संख्या | फोटोकपि संख्या | टेलिफोन संख्या | सवारी साधन संख्या | | | पुस्तकालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | कार | जीप | मोटरसाइकल | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

फाराम नं. ९

जिल्ला सरकारी वकील कार्यालय ....................

**आ.व. ............को वार्षिक प्रतिवेदन**

## जनशक्ति विवरण

| सेवा/समूह | पद | जिल्ला सरकारी वकील कार्यालय .......... | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | पदपूर्ति | खाली | बढुवा* | करार | |
| न्याय सेवा, सरकारी वकील समूह | रा.प.द्वितीय | | | | | | |
| | रा.प.तृतीय | | | | | | |
| | रा.प.अनं.प्रथम | | | | | | |
| | रा.प.अनं.द्वितीय | | | | | | |
| | रा.प.अनं.तृतीय | | | | | | |
| अन्य सेवा/समूह | रा.प.अन.प्रथम | | | | | | |
| | रा.प.अन.द्वितीय | | | | | | |
| | रा.प.अन.तृतीय | | | | | | |
| | कम्प्युटर अपरेटर | | | | | | |
| | सहायक कम्प्युटर अपरेटर | | | | | | |
| | टाइपिष्ट | | | | | | |
| | ह.स.चा. | | | | | | |
| | का.स. | | | | | | |
| | जम्मा | | | | | | |

*नि.से.ऐन, २०४९ को दफा २४घ१ बमोजिम माथिल्लो पदमा विशेष बढुवा भई समायोजन हुन बाँकी संख्या।

## ८. मासिक तथा वार्षिक प्रतिवेदन फाराम भर्ने निर्देशिका,-२०६९

### (क) पुनरावेदन सरकारी वकील कार्यालय

- प्रतिवेदनको फाराम भर्दा निर्धारित फारामले के कस्तो विवरण मागेको हो प्रष्ट हुने,
- फारामले मागे बमोजिमको विवरण नभएमा शुन्य (०) वा ड्यास (-) संकेत गर्ने, वा विषयलाई थप स्पष्ट पार्नु परेमा कैफियतमा उल्लेख गर्ने,
- फारामको शीर्षक समेतमा ध्यान पुर्‍याई विवरण भर्ने,
- एउटा फाराममा उल्लेख गरिएको संख्या अर्को फाराममा पनि मिल्नुपर्ने हुन जान्छ, त्यसतर्फ विचार पुर्‍याउने,
- तथ्यांकको गल्ती पहिल्याउन निकै कठिन हुने हुँदा विवरण भर्दा यसको महत्व र संवेदनशीलतालाई ध्यान दिई तयार गर्ने,
- प्रतिवेदन तयार गर्दा अघिल्लो आ.व./महिनाको प्रतिवेदनमा उल्लेखित विवरण एक आपसमा संख्या मिलान हुनेगरी भर्ने,
- प्रतिवेदन तयार गर्दा मिलेसम्म शब्दमा भन्दा तथ्यांकमा भर्ने र कुनै विषयलाई प्रष्ट पार्नु परेमा कैफियतमा उल्लेख गर्ने,
- **फाराम नं. ७, ८ र ९ वार्षिक प्रतिवेदन तयार गर्दा मात्र भर्ने मासिक रूपमा नभर्ने,**
- कार्यालय प्रमुख आफैले विवरण रुजु गरी ठीक भए नभएको प्रष्ट भई प्रमाणित गरी प्रतिवेदन पठाउने ।

### फाराम नं. १

- यस फाराममा पुनरावेदन सरकारी वकील कार्यालयबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको लगत, फछ्र्यौट र बाँकीको विवरण तथा फछ्र्यौट भएका मुद्दाहरूको कारबाही विवरण समेत उल्लेख गर्ने,
- यस फाराममा सरकारी वकील कार्यालयबाट बहस पैरवी तथा प्रतिरक्षा गरिएका अनुसूची भित्र/बाहिरका तथा नेपाल सरकारलाई विपक्षी बनाएको वा नेपाल सरकार वादी भई चलेका मुद्दालाई सुरु, पुनरावेदन (फौजदारी र देवानी), साधक तथा प्रतिरक्षा गरिएका मुद्दा अनुसार वर्गीकरण गरी पुनरावेदन मध्ये फौजदारी र देवानी समेत छुट्टयाई विवरण भर्ने,
- प्रतिरक्षा गरिएका मुद्दाको महलमा नेपाल सरकारलाई विपक्षी बनाएका मुद्दा वा नेपाल सरकारको तर्फबाट बहस पैरवी, प्रतिरक्षाका लागि अनुरोध भई आएका मुद्दामा सरकारी वकीलबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या उल्लेख गर्ने, साथै राजश्व न्यायाधिकरण विराटनगर, पोखरा, नेपालगञ्जमा सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका राजश्व सम्बन्धी मुद्दाहरूको संख्या समेत यस महलमा उल्लेख गर्ने,
- रिट निवेदनलाई बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषण, निषेधाज्ञा लगायत निवेदनमा माग गरिएको आधारमा विषयगत रूपमा विभाजन गरी विवरण भर्ने,

- मुद्दा तथा रिट निवेदन बाहेक सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अ.व. १७ नं. तथा न्याय प्रशासन ऐनको दफा १६ बमोजिमका निवेदन तथा प्रतिवेदनलाई फारामको अन्त्यमा रहेको कुल जम्माको माथिल्लो लाइन "अ.व. १७ नं., न्या.प्र.ऐनको दफा १६ का निवेदनहरू" को महलमा विवरण भर्ने,

- लगतको महलमा सम्बन्धित महलमा गत आर्थिक वर्षमा बाँकी रहेको संख्या यकिन गरी सोही संख्या उल्लेख गर्ने र यस वर्षको महलमा यस आर्थिक वर्षमा नयाँ दर्ता भएका मुद्दाहरू मध्ये गत महिनासम्म दर्ता भएका मुद्दा तथा निवेदनहरू गत महिनासम्मको र यस महिनामा दर्ता भएका मुद्दा तथा निवेदनहरू यस महिनाको महलमा उल्लेख गरी गत वर्षको बाँकी, यस वर्षको मध्ये गत महिनासम्मको र यस महिनाको संख्यालाई जोड गरी हुन आउने संख्यालाई लगतको जम्माको महलमा उल्लेख गर्ने,

- फछ्र्यौटको कारबाही विवरण अन्तर्गत कसुर वा दाबी कायम, रिट खारेजको कोलममा फौजदारी मुद्दाको हकमा कसुर कायम भएका र देवानी मुद्दाको हकमा दाबी ठहर भएका तथा रिट निवेदनको हकमा रिट खारेज भएका तथा निवेदनमा जिकिर/दाबी बमोजिम आदेश भएको संख्या उल्लेख गर्ने,

- कसुरमा सफाइ, दाबी नपुग्ने, रिट जारीको महलमा फौजदारी मुद्दाको हकमा कसुरमा सफाइ, देवानी मुद्दाको हकमा दाबी नपुगेका र निवेदनको हकमा रिट जारी भएका र निवेदनमा जिकिर/दाबी नपुग्ने गरी आदेश भएका संख्या उल्लेख गर्ने,

- त्यस्तै मुद्दा फिर्ता, मिलापत्र, मुल्तवी वा अन्य तवरबाट फछ्र्यौट भएकोमा सोही बमोजिम मुल्तवी, तामेली, अन्यको कोलममा विवरण भर्ने,

- एक रिट निवेदनमा एक भन्दा बढी आदेशको माग भएकोमा फाराम बमोजिम निर्धारित विषय छुट्टयाउनु पर्दा रिट निवेदनमा मुख्य माग दाबीका आधारमा विषय उल्लेख गर्ने, जस्तैः उत्प्रेषण लगायत परमादेश समेतको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन परेकोमा निवेदनको प्रमुख माग उत्प्रेषण हो र उत्प्रेषणका साथमा परमादेश लगायत अन्य आदेश समेत मागिएको अवस्थामा प्रस्तुत फाराममा त्यो रिटको लगत तथा कारबाही विवरण उत्प्रेषणको महलमा उल्लेख गर्ने,

- मुद्दा र रिट निवेदन तथा अन्य निवेदनहरूको जम्मा संख्या त्यस कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा हुने जम्मा मुद्दा, रिट तथा निवेदनहरूको कुल लगत संख्या कार्यालयको अभिलेखसँग भिडाई मिलाउने,

- बाँकीको महलमा जम्मा लगतबाट फछ्र्यौट भएका जम्मा मुद्दा घटाउँदा हुन आउने संख्या उल्लेख गर्ने,

- २ वर्ष नाघेका मुद्दा, रिट, निवेदनलाई फाराम बमोजिम उल्लेख गर्ने,

- फारामको अन्त्यमा कुल जम्माको महलमा मुद्दा, रिट र निवेदनहरू सबैको कुल जम्मा गरी एकमुष्ठ विवरण भर्ने,

- कार्यालयको अभिलेख अनुसारको कुल लगत, फछ्र्यौट र बांकीसँग प्रतिवेदनमा उल्लेख भएको संख्यात्मक विवरण मिले नमिलेको हेर्ने, मिलाई प्रतिवेदन तयार गर्ने,

## फाराम नं. २

- यस फाराममा सरकारी वकील कार्यालयहरूले कार्य सम्पादन गरेको संख्यात्मक विवरणका लागि तयार पारिएको फाराम भएको हुँदा प्रत्येक सरकारी वकीलको भिन्नाभिन्नै नाम पद र कार्य सम्पादन विवरण उल्लेख गर्ने,
- यस फाराममा सरकारी वकीलहरूबाट मुद्दा चल्ने नचल्ने निर्णय, तामेलीमा राख्ने निर्णय, पुनरावेदन सम्बन्धी निर्णय, पुनरावेदनको मस्यौदा, पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव तथा दोहोऱ्याउने नदोहोऱ्याउने प्रस्ताव, बहस पैरवी तथा प्रतिरक्षा, अ.व. १७ नं. को निवेदन, बयान/बकपत्र, कानूनी राय तथा मानवोचित व्यवहार सम्बन्धमा दिएको निर्देशन सम्बन्धी विवरण भर्ने,
- यस फाराम भर्दा सम्बन्धित सरकारी वकीलले कार्य सम्पादन विवरण भर्दा संख्यात्मक रूपमा विवरण भर्ने, जुन सरकारी वकीलले जे जति संख्यामा कार्य सम्पादन गरेको हो सो बमोजिम प्रत्येकको अलग अलग नाम, पद राखी विवरण भर्ने,
- प्रतिवेदन अवधिमा कार्यरत सबै सरकारी वकीलहरूको छुट्टाछुट्टै महलमा नाम, पद उल्लेख गरी कार्य सम्पादन बमोजिम विवरण भरी गत महिनासम्मको र यस महिनाको जोड गरी जम्मा विवरण भर्ने,
- फाराममा ४ जना सरकारी वकीलका लागि विवरण भर्ने गरी निर्धारित गरिएको र सो भन्दा बढी सरकारी वकीलले प्रतिवेदन अवधिमा कार्य गरेको भएमा पदीय आधारमा अरु सरकारी वकीलको पद, नाम थप गरी कार्य सम्पादन विवरण भर्न मिल्ने गरी फारामलाई विस्तार गरी सि.नं. ५, ६ थप गर्दै विवरण भर्ने,
- फारामको अन्त्यमा सबै सरकारी वकीलहरूबाट सम्मादित कार्यहरूको जम्मा संख्या जोड गरी कुल जम्मा गर्ने र त्यसरी कायम हुन आएको कुल संख्या सरकारी वकीलबाट सम्पादित प्रतिवेदन अवधिको कार्य कुल कार्य हुने,
- तामेलीमा राख्ने निर्णय संख्यामा प्रतिवादी नखुलेका वा नहुने प्रकृतिका मुद्दाहरू (जस्तैः आत्महत्या, भवितब्य आदि) मा मुद्दा नचलाउने निर्णय गरी महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताबाट निकासा भई अन्तिम हुने प्रकृतिका मुद्दाहरूमा निकासा निर्णय भएका संख्या उल्लेख गर्ने,
- मुद्दा चलाउने कोलममा जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने निर्णय भई पुनरावेदन सरकारी वकील कार्यालयमा आएका मुद्दाहरूमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १४(ख) बमोजिम पुनरावेदन सरकारी वकील कार्यालयबाट मुद्दा चलाउने निर्णय भएका संख्या उल्लेख गर्ने,
- मुद्दा नचलाउने कोलममा जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने निर्णय भई पुनरावेदन सकरारी वकील कार्यालयमा आएका मुद्दाहरूमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १४(ख) बमोजिम पुनरावेदन सरकारी वकील कार्यालयबाट समेत नचलाउने निर्णय भई महान्यायाधिवक्ता समक्ष पेश हुने मुद्दाको संख्या उल्लेख गर्ने,
- पुनरावेदन सम्बन्धी निर्णयको महल अन्तर्गत रहेका पुनरावेदन गर्ने निर्णयको कोलममा संख्या उल्लेख गर्दा मिसिल अध्ययन गरी प्रमाण तथा कानूनका आधारमा पुनरावेदन गर्नु पर्ने अवस्थाका मुद्दाको संख्या र नगर्ने निर्णयको कोलममा पुनरावेदन गर्नु नपर्ने गरी भएका आदेश अनुसार मुद्दाको संख्या उल्लेख गर्ने,

- पुनरावेदनपत्रको मस्यौदा संख्यामा पुनरावेदन गर्ने निर्णय भएका मुद्दामा अदालतमा पुनरावेन गर्नका लागि तयार गरिएको पुनरावेदनपत्रको मस्यौदा संख्या (मस्यौदा पश्चात अदालतमा दर्ता भएका/हुने) उल्लेख गर्ने,
- पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव कोलममा पुनरावेदन सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्तको कार्यालयमा पुनरावेदन गर्नु पर्ने प्रस्ताव पठाएको मुद्दा संख्या र पुनरावेदन गर्नु नपर्ने गरी प्रस्ताव पठाएका मुद्दा संख्या उल्लेख गर्ने र यसलाई फाराम नं. ३ मा रहेको पुनरावेदन गर्ने र नगर्ने प्रस्ताव संख्याको जम्मा महलमा कायम हुन आउने संख्यासँग भिडाई समान अंक कायम गर्ने,
- दोहोऱ्याउने तथा नदोहोऱ्याउने प्रस्ताव संख्यामा न्याय प्रशासन ऐन बमोजिम पुनरावेदन अदालतको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने अवस्थाका मुद्दामा पुनरावेदन अदालतबाट भएका निर्णयमा थप दोहोऱ्याई हेर्नु पर्ने अवस्था देखिएको वा पुनः मुद्दा दोहोऱ्याउनु नपर्ने गरी पुनरावेदन सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव गरिएका मुद्दा संख्या उल्लेख गर्ने र फाराम नं. ३ मा रहेको दोहोऱ्याइ पाउँ भन्ने निवेदन प्रस्तावको जम्मा संख्या समान भए नभएको हेरी समान अंक कायम गरी तथ्यांक भर्ने,
- बहस पैरवी संख्याको महल अन्तरगत अन्तर्कालीन तथा अन्तरिम आदेशको कोलममा रिट निवेदनमा हुने अन्तरिम आदेश र मुद्दा, रिट, निवेदनमा फैसला वा अन्तिम आदेश हुनु पूर्व सुनुवाइको विभिन्न चरणमा अदालतबाट आदेशमा गरिएका बहस पैरवी संख्या उल्लेख गर्ने,
- अन्य आदेशको कोलममा अन्तरिम तथा अन्तरकालीन आदेश बाहेक मुद्दा, रिट, निवेदनको सुनुवाइको क्रममा हुने मुल्तवी, तामेली लगायत अन्य आदेशमा गरिएका बहस पैरवी संख्या उल्लेख गर्ने,
- मुद्दाको अन्तिम फैसला वा अन्तिम आदेशको कोलममा जुन बहस पैरवीबाट मुद्दा, रिट तथा निवेदको अन्तिम निर्णय भएको हो सो संख्या उल्लेख गर्ने,
- अ.व. १७ नं. को निवेदन सम्बन्धी कोलममा सुरु मुद्दा हेर्ने निकायबाट भएका थुनछेक आदेश, अन्तर्कालीन आदेश वा अन्य आदेशमा पुनरावेदन सुन्ने निकायमा सुरु निकायबाट भएका आदेश बदर गर्नका लागि पुनरावेदन सरकारी वकील कार्यालयबाट सम्पादन गरिएका बहस पैरवीको संख्या बाहेक अन्य निवेदन सम्बन्धी कार्य संख्या उल्लेख गर्ने,
- बयान/बकपत्र गराएको संख्यामा सरकारी वकीलले बयान बयान/बकपत्र गराएको संख्या उल्लेख गर्ने र संख्या उल्लेख गर्दा मुद्दाको नभई बयान/बकपत्र गराएको व्यक्तिको आधारमा संख्या उल्लेख गर्ने,
- कानूनी राय प्रदान गरेको संख्यामा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ बमोजिम सरकारी वकीलले लिखित रूपमा प्रदान गरेको राय संख्या उल्लेख गर्ने, एउटै कार्यालयबाट भिन्न भिन्न विषयमा राय माग गरिएकोमा माग बमोजिमको संख्या उल्लेख गर्ने,
- मानवोचित व्यवहार सम्बन्धी निर्देशनको कोलममा महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले हिरासतमा रहेका व्यक्तिको मानवोचित व्यवहार सम्बन्धमा सम्बन्धित निकायलाई लिखित रूपमा दिएको निर्देशन संख्या उल्लेख गर्ने,
- गत महिनासम्मको महलमा प्रतिवेदन तयार गरिने महिना भन्दा अघिल्लो महिनासम्मको (असोज महिनाको प्रतिवेदन हो भने भदौ सम्मको) को विवरण उल्लेख गर्ने र यस महिनाको महलमा प्रतिवेदन महिना (असोज

महिनाको) को संख्या उल्लेख गर्ने,

## फाराम नं. ३

- यस फाराममा सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका पुनरावेदन सम्बन्धी, दोहोऱ्याइ पाउने, १७ नं. को निवेदन तथा मुद्दा चल्ने नचल्ने प्रस्तावलाई फाराम बमोजिम विवरण भर्ने,
- दोहोऱ्याउने निवेदन प्रस्ताव महल अन्तर्गत गर्ने प्रस्तावमा दोहोऱ्याई पाउन निवेदन गर्ने गरी प्राप्त प्रस्ताव संख्या र नगर्ने प्रस्तावमा दोहोऱ्याई पाउन निवेदन नगर्ने प्रस्ताव संख्या उल्लेख गर्ने र फाराम नं. २ र यस फारामको दोहोऱ्याउने निवेदन प्रस्तावको कुल जम्मा संख्या समान भए नभएको हेरी समान अंक कायम गरी तथ्यांक भर्ने,
- पुनरावेदन गर्न नपर्ने कोलममा अदालतबाट भएको फैसला माग दाबी अनुकूल भएको मुद्दामा भएको निर्णय उपर पुनरावेदन गर्न नपर्ने अवस्था भई पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव पठाउन नपर्ने मुद्दा संख्या उल्लेख गर्ने,
- पुनरावेदन प्रस्ताव महल अन्तर्गत रहेका पुनरावेदन नगर्ने कोलममा पुनरावेदन सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्तको कार्यालयमा पुनरावेदन गर्नु नपर्ने गरी पठाइएका प्रस्ताव संख्या र पुनरावेदन गर्ने प्रस्तावमा पुनरावेदन गर्नु पर्ने गरी पठाइएका प्रस्ताव संख्या उल्लेख गर्ने र फाराम नं. २ मा उल्लेख भएको पुनरावेदन गर्ने/नगर्ने प्रस्ताव संख्या र यस फारामको पुनरावेदन गर्ने र नगर्ने प्रस्तावको जम्मा संख्या समान भए नभएको हेरी समान अंक कायम गरी तथ्यांक भर्ने,
- अ. व. १७ नं. निवेदनको कोलममा यस सम्बन्धी निवेदनमा पुनरावेदन सरकारी वकील कार्यालयबाट सर्वोच्च अदालतमा निवेदन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव पेश गरिएको संख्या उल्लेख गर्ने,

## फाराम नं. ४

- यस फाराममा पुनरावेदन सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका सबै मुद्दाहरूको विषय अनुसार फाराम बमोजिम विवरण भर्ने,
- यस फाराममा मुद्दाको मात्र विवरण भर्ने, **यस फाराममा रिट तथा निवेदनलाई समावेश नगर्ने**, त्यसो गर्दा फाराम न. १ मा उल्लेखित मुद्दाको (रिट तथा निवेदन बाहेक) जम्मा लगत, फछ्र्यौट र बांकीसँग मिले नमिलेको हेरी फाराम नं. १ को मुद्दाको कारवाही सम्बन्धी सम्पूर्ण संख्या र यस फाराममा उल्लेख हुने संख्यासँग सामाञ्जस्यता ल्याई फाराम तयार पार्ने,
- लगतको महलमा सम्बन्धित महलमा गत आर्थिक वर्षमा बाँकी रहेका संख्या यकिन गरी सोही संख्या उल्लेख गर्ने र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका मुद्दाहरू मध्ये गत महिनासम्म दर्ता भएका मुद्दा तथा निवेदनहरू गत महिनासम्मको र यस महिनामा दर्ता भएका मुद्दा तथा निवेदनहरू यस महिनाको महलमा उल्लेख गरी गत वर्षको बाँकी, यस वर्षको मध्ये गत महिनासम्मको र यस महिनाको संख्यालाई जोड गरी हुन आउने संख्यालाई लगतको जम्माको महलमा उल्लेख गर्ने,
- विषयगत फाराममा सकेसम्म एकै विषय अन्तर्गतका मुद्दालाई सगैं समावेश गर्न फाराममा अंगभंग, आर्थिक,

करणी, चोरी, देवानी, प्रविधि, विवाह आदि समूहमा वर्गीकरण गरिएको छ, उल्लेख गरिएका विषय भित्रका मुद्दाहरूलाई वर्गीकरण अनुसार तथ्यांक भर्ने, विषय उल्लेख नभएको तर त्यही समूह भित्र पर्ने जस्तैः आर्थिकसँग सम्बन्धित मुद्दा तर सि.नं.४ को क देखि च सम्म समावेश गर्न नमिल्नेलाई त्यही समूहको (छ) मा उल्लेख भएको अन्यमा विवरण भर्ने, यस्तै देवानी विषयको विवाद तर सि.नं. ९ को क देखि ग सम्म नपर्नेलाई (घ) मा रहेको अन्यमा विवरण भर्ने,

- माथि उल्लेखित विधिबाट विवरण भर्दा पनि विषयगत रूपमा नछुट्टिएका तर सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने बाँकी मुद्दाहरूलाई सि.नं. २० विविध समूहमा रहेको (ञ) मा उल्लेख गरिएको अन्यको महलमा विवरण भर्ने,
- एउटै मुद्दामा एक भन्दा बढी वारदातमा सजाय माग दाबी गरिएकोमा मूल अपराध वा बढी सजाय हुने मुद्दाको आधारमा विषयगत वर्गीकरण गर्ने, जस्तैः आगलागी र कर्तव्य ज्यानको वारदातमा अभियोग मागदाबी रहेको मुद्दालाई यस फाराम बमोजिम विषय चयन गर्दा कर्तव्य ज्यानको महलमा तथ्यांक उल्लेख गर्ने,
- फछ्र्यौटको कारबाही विवरणमा फौजदारी मुद्दाको हकमा कसुर कायम भएका र देवानी मुद्दाको हकमा दाबी ठहर भएका मुद्दालाई एक कोलममा र फौजदारी मुद्दाको हकमा कसुरमा सफाइ, देवानी मुद्दाको हकमा दाबी नपुगेका मुद्दालाई अर्को कोलममा राखी विवरण भर्ने, त्यस्तै मुद्दा फिर्ता, मिलापत्र, मुल्तवीबाट फछ्र्यौट भएकोमा सोही बमोजिम निर्धारित महलमा विवरण भर्ने,
- धेरै प्रतिवादी रहेका मुद्दामा अदालतबाट वारदात स्थापित भई कसुर कायम समेत भएको अवस्थामा अभियोग लागेका प्रतिवादी मध्ये कुनै प्रतिवादीलाई सफाइ, दाबी नपुग्ने र कसैलाई कसुर कायम वा दाबी कायम भएको सम्बन्धमा मुद्दाको महलमा कसुर कायम उल्लेख गर्ने,
- सुरु सदर र उल्टीको महलमा मुद्दाको सुरु निर्णयमा पुनरावेदन सुन्ने न्यायिक निकायबाट निर्णय हुँदा सुरु निर्णय सदर भई कसुर कायम भएको मुद्दामा सुरु सदरको कसुर कायममा र सफाइ भएकोमा सफाइको कोलममा उल्लेख गर्ने र सुरु निर्णय उल्टी भई कसुर कायम भएको मुद्दामा उल्टीको कसुर कायममा र सफाइ भएकोमा सफाइको कोलममा उल्लेख गर्ने,
- जम्मा लगतमा रहेको मुद्दाको संख्या फछ्र्यौट महलमा उल्लेख भएको जम्मा फछ्र्यौट मुद्दाबाट बाँकी हुन आउने अंक बाँकीको महलमा उल्लेख गर्ने,

## फाराम नं. ५

- यस फाराममा मातहतका जिल्ला सरकारी वकील कार्यालयबाट तामेलीमा राख्ने निकासाका लागि निर्णयार्थ पेश भएका मुद्दाहरूमा पुनरावेदन सरकारी वकील कार्यालयबाट तामेलीमा राख्ने गरी निकासा निर्णय भई पठाइएका मुद्दाहरूको विवरण उल्लेख गर्ने,
- तामेलीमा राख्ने निकासा निर्णय भएका मुद्दाहरूको फाराममा उल्लेखित विषय अनुसार घटित वारदात अनुसार वर्गीकरण गरी फाराम बमोजिम विवरण भर्ने,
- तामेलीमा राख्ने निर्णय भएका तर फाराममा उल्लेख नभएका अन्य वारदातलाई मुद्दालाई अन्यको महलमा उल्लेख गर्ने,

- फाराम नं. २ मा उल्लेख गरिएको तामेली निर्णयको कुल जम्मा संख्या र यस फाराममा रहेको जम्माको महलमा उल्लेखित संख्या समान भए नभएको भिडाई हेरी समान अंक कायम गर्ने,

## फाराम नं. ६

- यस फाराममा पुनरावेदन सरकारी वकील कार्यालयमा आफ्नो क्षेत्राधिकार भित्रका विभिन्न सरकारी कार्यालयहरूबाट कानूनी विषयमा द्विविधा परी कानूनी राय माग गरी आएको संख्या, कार्यालय तथा राय प्रदान गरिएको संख्या उल्लेख गर्ने,
- फाराम नं. २ मा उल्लेख गरिएको कानूनी राय प्रदान गरेको कुल जम्मा संख्या र यस फाराममा रहेको जम्माको महलमा उल्लेखित संख्या समान भए नभएको भिडाई हेरी समान अंक कायम गर्ने,
- कानूनी रायको संख्या उल्लेख गर्दा लिखित रूपमा प्रदान गरिएको राय संख्या मात्र उल्लेख गर्ने,

## फाराम नं. ७

- यस फाराममा पुनरावेदन सरकारी वकील कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयहरूमा भएको अनुगमन तथा निरीक्षण सम्बन्धी संक्षिप्त विवरण भर्ने (निरीक्षण मिति, निरीक्षण गरिएको जिल्ला सरकारी वकीलको कार्यालय वा अरु कार्यालय भए सोही बमोजिम कार्यालयको नाम र निरीक्षण गर्ने सरकारी वकीलको पद सहित नाम उल्लेख गर्ने),

## फाराम नं. ८

- यस फाराममा पुनरावेदन सरकारी वकील कार्यालयको भौतिक स्थिति उल्लेख गर्ने,
- जग्गाको क्षेत्रफल भनेको कोलममा त्यस कार्यालयको नाममा रहेको जग्गाको कुल क्षेत्रफल उल्लेख गर्ने र कोष्ठ भित्र नापको इकाई समेत राखी पठाउने जस्तैः १-२-३-० (रोपनी/विगाहा/वर्गमिटर), यदि एक भन्दा धेरै ठाउँमा जग्गा रहेकोमा सबै जग्गाको कुल योग निकाली एकमुष्ठ रूपमा फाराममा विवरण भरी कैफियतमा कित्ता संख्या उल्लेख गर्ने,
- कार्यालय, आवास नभएमा छैन लेख्ने र भएकोमा छुट्टाछुट्टै महलमा कार्यालय तथा आवासको संख्या उल्लेख गर्ने,
- अरु फाराममा उल्लेख गरिएका भौतिक सामाग्रीहरू के कति संख्यामा छन संख्यामा उल्लेख गर्ने, नभएमा ड्यास (-) वा छैन लेख्ने,

## फाराम नं. ९

- यस फाराममा सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरवन्दी, पदपूर्ति र खालीको विवरण पद, श्रेणी तथा सेवा समूह समेत फाराम बमोजिम छुट्टाएर भर्ने,
- दरवन्दी संख्याबाट पदपूर्ति संख्या घटाई बांकी संख्या उल्लेख गर्ने,
- कार्यालयमा पदाधिकार रही अन्यत्र काजमा गएकोमा सो पदलाई पनि पदपूर्तिमा उल्लेख गरी विवरण भर्ने,

- नि.से.ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवा भएका कर्मचारीको विवरण भर्दा जुन पदमा कार्यरत रही सो दफा बमोजिम बढुवा भएको हो सो पदको दरबन्दी संख्या, पदपूर्ति संख्यामा चढाई फारामको त्यही रोको अन्तिम कोलममा रहेको बढुबा* महलमा सख्या भर्ने, (जस्तै ना.सु.पदबाट शाखा अधिकृतको पदमा विशेष बढुवा भएको सख्यालाई ना.सु. पदको दरवन्दी संख्यामा त्यो संख्या उल्लेख गर्ने, यसैगरी पदपूर्तिमा पनि उल्लेख गरी त्यही पदको अन्त्यमा रहेको बढुबा* लेखेको महलमा त्यसरी विशेष पदमा बढुवा भई समायोजन हुन बांकी संख्या लेख्ने,
- कार्यालयमा दरबन्दी रहेको तर तत्काल करारबाट पदपूर्ति रहेको पदको हकमा जुन पद करार सेवामा लिई काम काज गरिरहेको हो सोही पदको दायाँ पट्टिको करारको कोलममा पद संख्या उल्लेख गर्ने,
- कुनै कुरा थप प्रष्ट उल्लेख गर्नु पर्ने भएमा कैफियत खोली उल्लेख गर्ने,

## (ख) जिल्ला सरकारी वकील कार्यालय

- प्रतिवेदनको फाराम भर्दा निर्धारित फारामले के कस्तो विवरण मागेको हो प्रष्ट हुने,
- फारामले मागे बमोजिमको विवरण नभएमा शुन्य (०) वा ड्यास (-) संकेत गर्ने, वा विषयलाई थप स्पष्ट पार्नु परेमा कैफियतमा उल्लेख गर्ने,
- फारामको शीर्षक समेतमा ध्यान पु¥याई विवरण भर्ने,
- एउटा फाराममा उल्लेख गरिएको संख्या अर्को फाराममा पनि मिल्नुपर्ने हुन जान्छ, त्यसतर्फ विचार पु¥याउने,
- तथ्यांकको गल्ती पहिल्याउन निकै कठिन हुने हुँदा विवरण भर्दा यसको महत्व र संवेदनशीलतालाई ध्यान दिई तयार गर्ने,
- प्रतिवेदन तयार गर्दा अघिल्लो आ.व./महिनाको प्रतिवेदनमा उल्लेखित विवरण एक आपसमा संख्या मिलान हुने गरी भर्ने,
- प्रतिवेदन तयार गर्दा मिलेसम्म शब्दमा भन्दा तथ्यांकमा भर्ने र कुनै विषयलाई प्रष्ट पार्नु परेमा कैफियतमा उल्लेख गर्ने,
- **फाराम नं. ८ र ९ वार्षिक प्रतिवेदन तयार गर्दा मात्र भर्ने मासिक रूपमा नभर्ने,**
- कार्यालय प्रमुख आफैले विवरण रुजु गरी ठीक भए नभएको प्रष्ट भई प्रमाणित गरी प्रतिवेदन पठाउने ।

### फाराम नं. १

- यस फाराममा सरकारी वकील कार्यालयबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनहरूको लगत, फछ्र्यौट र बाँकीको विवरण तथा फछ्र्यौट भएका मुद्दाहरूको (प्रतिवादीको संख्याको आधारमा नभई मुद्दाको आधारमा) कारबाही विवरण समेत उल्लेख गर्ने,
- मुद्दाको महलमा अनुसूची भित्र र बाहिरका मुद्दाहरू, मुद्दाको प्रकृति (देवानी र फौजदारी) र मुद्दा हेर्ने निकायगत रूपमा समेत विभाजन गर्ने,

- अनुसूची भित्रका फौजदारी मुद्दालाई कुन निकायमा मुद्दा दायर भएको छ/हो, सो अनुसार तथ्यांक भर्ने, सम्बन्धित अदालतमा रहेका मुद्दालाई अदालततर्फको लाइन (Row) मा, जिल्ला प्रशासनमा रहेका मुद्दालाई जिल्ला प्रशासन कार्यालयतर्फको लाइनमा र अदालत तथा जिल्ला प्रशासन कार्यालय बाहेक अन्य अर्ध न्यायिक निकायमा रहेका मुद्दाहरू सबैको अन्य निकाय तर्फ उल्लेख गर्ने,

- अनुसूची भित्रका देवानी मुद्दा तथा अनुसूची बाहिर (फौजदारी तथा देवानी) का मुद्दाहरूलाई पनि फाराम बमोजिम माथि उल्लेख गरिए बमोजिम वर्गीकरण गरी तथ्यांक उल्लेख गर्ने,

- फाराममा रहेका बायाँ पट्टिको जम्माको महलमा तीनै निकायमा रहेका (क) देखि (ग) सम्मका मुद्दाको लगत, कारबाही (फछ्र्यौट) र बाँकीको जोड गर्दा आउने अंक उल्लेख गर्ने,

- अनुसूची भित्रका फौजदारी मुद्दाको जम्मा संख्या र देवानी मुद्दाको जम्मा संख्या जोड गरी आउने संख्यालाई अनुसूची भित्रका मुद्दाको जम्मा संख्या उल्लेख गर्ने,

- अनुसूची बाहिरका देवानी र फौजदारी मुद्दाको जम्मा महलमा तीनै निकायमा रहेका (क) देखि (ग) सम्मका मुद्दाको लगत, कारबाही (फछ्र्यौट) र बाँकीको जोड गर्दा आउने अंक उल्लेख गर्ने,

- मुद्दाको कुल जम्मामा अनुसूची भित्रकाको जम्मा महल र अनुसूची बाहिरकाको जम्मा महलमा कायम भएका संख्यालाई जोड गरी हुन आउने संख्यालाई मुद्दाको कुल जम्माको महलमा उल्लेख गर्ने,

- रिट निवेदनको महलमा सम्बन्धित जिल्ला अदालतमा जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाका निवेदनको लगत, फछ्र्यौट (कारबाहीको स्थिति समेत) र बाँकीको संख्या उल्लेख गर्ने,

- रिट निवेदनको जम्मा महलमा बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा दुवै निवेदनको जम्मा संख्या उल्लेख गर्ने,

- फारामको अन्तिम लाइन (Row) मा रहेका कुल जम्माको महलमा मुद्दाको कुल जम्मा (अनुसूची भित्र/बाहिर दुवै) को संख्या र रिट निवेदनको जम्मा संख्यालाई जोड गरी कुल जम्मा संख्या कायम गर्ने,

- लगतको महलमा सम्बन्धित महलमा गत आर्थिक वर्षमा बाँकी रहेको संख्या यकिन गरी सोही संख्या उल्लेख गर्ने र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका मुद्दाहरू मध्ये गत महिनासम्म दर्ता भएका मुद्दा तथा निवेदनहरू गत महिनासम्मको र यस महिनामा दर्ता भएका मुद्दा तथा निवेदनहरू यस महिनाको महलमा उल्लेख गरी गत वर्षको बाँकी, यस वर्षको मध्ये गत महिनासम्मको र यस महिनाको संख्यालाई जोड गरी हुन आउने संख्यालाई लगतको जम्माको महलमा उल्लेख गर्ने,

- फछ्र्यौटको कारबाही विवरणमा फौजदारी मुद्दाको हकमा कसुर कायम भएका र देवानी मुद्दाको हकमा दाबी ठहर भएका तथा निवेदनको हकमा रिट खारेज भएका निवेदनलाई एक कोलममा र फौजदारी मुद्दाको हकमा कसुरमा सफाइ, देवानी मुद्दाको हकमा दाबी नपुगेका र निवेदनको हकमा रिट जारी भएका लाई अर्को कोलममा राखी विवरण भर्ने, त्यस्तै मुद्दा फिर्ता, मिलापत्र, मुल्तवीबाट फछ्र्यौट भएकोमा सोही बमोजिम निर्धारित महलमा विवरण भर्ने, उल्लेखित बाहेक अन्य कुनै तवरबाट मुद्दाको फछ्र्यौट भएको संख्यालाई अन्यको महलमा राखी विवरण भर्ने,

- धेरै प्रतिवादी रहेका मुद्दामा कसैलाई सफाइ र कसैलाई कसुर कायम वा दाबी कायम भएको सम्बन्धमा सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूमा मुद्दा हेर्ने निकायले वारदात/तथ्य स्थापित गरी कसुर कायम, दाबी कायम वा जिकिर नपुग्ने निर्णय गरेकोमा कसुर कायम, दाबी कायम र जिकिर नपुग्ने महलमा संख्या उल्लेख गर्ने र मुद्दा नै सफाइ भएको र रिट जारी भएको अवस्थामा कसुरमा सफाइ, दाबी नपुग्ने, रिट जारीको महलमा संख्या उल्लेख गर्ने,
- बाँकीको महलमा जम्मा लगतबाट फछ्र्यौट भएका जम्मा मुद्दा घटाउँदा हुन आउने संख्या उल्लेख गर्ने,
- २ वर्ष नाघेका मुद्दाहरूलाई मुद्दाको प्रकृति र निकाय गत रूपमा कायम हुन आएको संख्या उल्लेख गर्ने,
- कार्यालयको अभिलेख अनुसारको कुल लगत फछ्र्यौट र बांकीसँग प्रतिवेदनमा उल्लेख भएको संख्यात्मक विवरण मिले नमिलेको हेर्ने, मिलाई विवरण भर्ने,

## फाराम नं. २

- यो फाराम भर्दा सम्बन्धित सरकारी वकीलबाट सम्पादन भएका विवरण संख्यात्मक रूपमा भर्ने, जुन सरकारी वकीलले जे जति संख्यामा कार्य सम्पादन गरेको हो सो बमोजिम प्रत्येकको अलग अलग नाम पद राखी विवरण भर्ने,
- प्रतिवेदन अवधिमा कार्यरत सबै सरकारी वकीलहरूको छुट्टाछुट्टै महलमा नाम, पद उल्लेख गरी कार्य सम्पादन बमोजिम विवरण भरी गत महिनासम्मको र यस महिनाको जोड गरी जम्मा विवरण भर्ने,
- यस फाराममा सरकारी वकीलहरूबाट मुद्दाको सुरु देखि अन्त्यसम्म गरिने कार्यहरू (मुद्दाको अनुसन्धान तथा जाँचबुझ, बयान पश्चात मुद्दा चल्ने नचल्ने निर्णय, बहस पैरवी तथा प्रतिरक्षा, बयान/बकपत्र, कानूनी राय प्रदान गरेको संख्या अ.व. १७ नं. को निवेदन तथा पुनरावेदन प्रस्ताव) को विवरण भर्ने,
- फाराममा २ जना (जिल्ला न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता) सरकारी वकीलका लागि विवरण भर्ने गरी निर्धारित गरिएको र सो भन्दा बढी सरकारी वकीलले प्रतिवेदन अवधिमा कार्य गरेको भएमा पदीय आधारमा अरु सरकारी वकीलको पद, नाम थप गरी कार्यसम्पादन विवरण भर्न मिल्ने गरी फारामलाई विस्तार गरी सि.नं. ३, ४ गर्दै विवरण भर्ने,
- फारामको अन्त्यमा सबै सरकारी वकीलहरूबाट सम्पादित कार्यहरूको जम्मा संख्या जोड गरी कुल जम्मा गर्ने र त्यसरी कायम हुन आएको कुल संख्या सरकारी वकीलबाट सम्पादित प्रतिवेदन अवधिको कार्य कुल कार्य हुने,
- बयान गराएको संख्यामा सरकारी वकीलले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ९ बमोजिम बयान गराएको संख्या उल्लेख गर्ने र संख्या उल्लेख गर्दा मुद्दाको नभई बयान गराएको व्यक्तिको आधारमा संख्या उल्लेख गर्ने,
- अनुसन्धान वा पुनः अनुसन्धान गर्न दिएको निर्देशन संख्यामा अनुसन्धानको क्रममा सरकारी वकीलले अनुसन्धानकर्तालाई प्रारम्भिक प्रतिवेदन पश्चात अनुसन्धानका लागि दिएको निर्देशन वा राय सहितको प्रतिवेदन पश्चात वा अनुसन्धानको चरणमा दिएको निर्देशनको जम्मा संख्या उल्लेख गर्ने,

- मुद्दाको अभियोजन सम्बन्धी निर्णय संख्यामा मुद्दा नचलाउने कोलममा प्रतिवादी भएका तर मिसिल सम्लग्न सबुद प्रमाणका अभावमा सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरेको संख्या उल्लेख गर्ने,

- मुद्दा चलाउने कोलममा अनुसन्धान पश्चात मिसिल सम्लग्न सबुद प्रमाण हेरी प्रमाण र सम्बन्धित कानूनका आधारमा मुद्दा हेर्ने निकायमा मुद्दा चलाउने निर्णय गरेको संख्या उल्लेख गर्ने,

- आंशिक मुद्दाको महलमा अनुसन्धान पश्चात प्राप्त मिसिल सम्लग्न प्रमाणका र सम्बन्धित कानूनका आधारमा सबै प्रतिवादीहरूलाई मुद्दा नचलाई केही प्रतिवादीका हकमा मुद्दा चलाउने र केही प्रतिवादीका हकमा मुद्दा नचलाउने निर्णय भएका मुद्दाहरूको फाराम बमोजिम वर्गीकरण गरी तथ्यांक भर्ने, यसमा मुद्दा संख्याको महलमा आंशिक मुद्दा चलाएको मुद्दा संख्या र प्रतिवादीको महलमा मुद्दा चलाउने निर्णय गरिएको प्रतिवादी संख्या र नचलाउने महलमा मुद्दा नचलाउने प्रतिवादीको संख्या उल्लेख गर्ने,

- तामेलीमा राख्ने निर्णय संख्यामा प्रतिवादी नखुलेका वा नहुने प्रकृतिका मुद्दाहरू (जस्तैः आत्महत्या, भवितब्य आदि) मा मुद्दा नचलाउने निर्णय गरी महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताबाट निकासा भई अन्तिम हुने प्रकृतिका मुद्दाहरूमा जिल्ला सरकारी वकील कार्यालयबाट निर्णय भएका संख्या उल्लेख गर्ने,

- अभियोजन/फिराद संख्यामा अनुसूची भित्रका फौजदारी तथा देवानी मुद्दामा मुद्दा चल्ने निर्णय पश्चात सरकारी वकील आफैले सम्बन्धित मुद्दा हेर्ने निकाय समक्ष अभियोगपत्र वा फिरादपत्र तयार गरी सम्बन्धित न्यायिक निकाय समक्ष दायर गरेका मुद्दाहरूको संख्या उल्लेख गर्ने,

- बकपत्र गराएको संख्यामा सरकारी वकीलले मुद्दा हेर्ने निकाय समक्ष उपस्थित भएका साक्षी, विशेषज्ञ लगायतका व्यक्तिहरूलाई गराएको बकपत्र संख्या उल्लेख गर्ने र संख्या उल्लेख गर्दा मुद्दाको नभई बकपत्र गराएको व्यक्तिको आधारमा संख्या उल्लेख गर्ने,

- कानूनी राय प्रदान गरेको संख्यामा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ बमोजिम सरकारी वकीलले लिखित रूपमा प्रदान गरेको राय संख्या उल्लेख गर्ने, एउटै कार्यालयबाट भिन्न भिन्न विषयमा राय माग गरिए बमोजिमको संख्या उल्लेख गर्ने,

- बहस पैरवी गरेको संख्याको महल अन्तर्गत थुनछेकको आदेशको कोलममा न्यायिक निकाय समक्ष अभियोगपत्र पेश गरे पश्चात थुनमा, धरौटीमा वा तारेखमा राखी मुद्दाको सुनुवाइ गर्ने सम्बन्धमा गरिने बहस संख्या उल्लेख गर्ने,

- अन्तर्कालीन तथा अन्य आदेशको कोलममा बाहेक मुद्दा तथा निवेदनको अन्तिम आदेश वा फैसलामा हुने बहस र थुनछेक बहस बाहेक मुद्दाको सुनुवाइको चरणमा हुने अन्तर्कालीन/अन्तरिम आदेश वा अन्य आदेशमा गरिएका बहस पैरवी संख्या उल्लेख गर्ने,

- मुद्दाको अन्तिम फैसला वा अन्तिम आदेशको कोलममा जुन बहस पैरवीबाट मुद्दा तथा निवेदको अन्तिम निर्णय भएको हो सो संख्या उल्लेख गर्ने,

- अ.व. १७ नं. को निवेदन प्रस्तावको कोलममा मुद्दा हेर्ने निकायबाट भएका थुनछेक आदेश, अन्तर्कालीन आदेश वा अन्य आदेशमा पुनरावेदन सुन्ने निकायमा सुरु निकायबाट भएका आदेश बदर गर्नका लागि पुनरावेदन

सरकारी वकील कार्यालयमा पेश गरिएका प्रस्ताव संख्या उल्लेख गर्ने,

- सफल भएकोले पुनरावेदन गर्ने नपर्ने कोलममा माग दाबीका आधारमा मुद्दा हेर्ने निकायबाट निर्णय भएको मुद्दा संख्या उल्लेख गर्ने,
- पुनरावेदन प्रस्तावको महल अन्तर्गत पुनरावेदन गर्ने कोलममा मुद्दा हेर्ने निकायबाट भएको अन्तिम निर्णय उपर माथिल्लो अदालतमा पुनरावेदन गर्नु पर्ने भएका मुद्दा संख्या उल्लेख गर्ने,
- पुनरावेदन प्रस्तावको महल अन्तर्गत पुनरावेदन नगर्ने कोलममा न्यायिक निकायबाट भएको अन्तिम निर्णय उपर माथिल्लो अदालतमा पुनरावेदन गर्नु नपर्ने भएका मुद्दा संख्या उल्लेख गर्ने,
- गत महिनासम्मको महलमा प्रतिवेदन तयार गरिने महिना भन्दा अघिल्लो महिनासम्मको (असोज महिनाको प्रतिवेदन हो भने भदौ सम्मको) को विवरण उल्लेख गर्ने र यस महिनाको महलमा प्रतिवेदन महिना (असोज महिनाको) को संख्या उल्लेख गर्ने,

## फाराम नं. ३

- यस फाराममा अदालत तथा न्यायिक निकायहरूमा सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका (अनुसूची भित्र तथा बाहिरका सबै) मुद्दाहरूको विषय अनुसार वर्गीकरण गरी विवरण भर्ने, **तर यस फाराममा रिट निवेदनको विवरण समावेश नगर्ने,**
- विषयगत फाराममा सकेसम्म एकै विषय अन्तर्गतका विषयलाई सगैं समावेश गर्न अंगभंग, आर्थिक, करणी, चोरी, देवानी, प्रविधि, विवाह आदि समूहमा वर्गीकरण गरिएको छ, यस विषय अन्तर्गत उल्लेख गरिएका विषय भित्रका मुद्दाहरूलाई सोही वर्गीकरण अनुसार तथ्यांक भर्ने, विषय उल्लेख नभएको तर त्यही समूह भित्र पर्ने जस्तैः आर्थिकसँग सम्बन्धित मुद्दा तर सि.नं.४ को क देखि च सम्म समावेश गर्न नमिल्नेलाई त्यही समूहको (छ)मा उल्लेख भएको अन्यमा विवरण भर्ने, यस्तै देवानी विषयको विवाद तर सि.नं. ९ को क देखि ग सम्म नपर्नेलाई (घ) मा रहेको अन्यको महलमा विवरण भर्ने,
- माथि उल्लेखित विधिबाट विवरण भर्दा पनि विषयगत रूपमा नछुट्टिएका तर सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने बाँकी मुद्दाहरूलाई सि.नं. २० विविध समूहमा रहेको (ञ) मा उल्लेख गरिएको अन्यको महलमा विवरण भर्ने,
- एउटै मुद्दामा एक भन्दा वारदातमा सजाय माग दाबी गरिएकोमा मूल अपराध वा बढी सजाय हुने मुद्दाको आधारमा विषयगत वर्गीकरण निर्धारण गर्ने जस्तै आगलागी र कर्तव्य ज्यानको वारदातमा अभियोग माग दाबी रहेको मुद्दालाई यस फाराम बमोजिम विषय चयन गर्दा कर्तव्य ज्यानको महलमा तथ्यांक भर्ने,
- फछ्र्यौटको कारबाही विवरणमा फौजदारी मुद्दाको हकमा कसुर कायम भएका र देवानी मुद्दाको हकमा दाबी ठहर भएका मुद्दालाई एक कोलममा र फौजदारी मुद्दाको हकमा कसुरमा सफाइ, देवानी मुद्दाको हकमा दाबी नपुगेका मुद्दालाई अर्को कोलममा राखी विवरण भर्ने, त्यस्तै मुद्दा फिर्ता, मिलापत्र, मुल्तवीबाट फछ्र्यौट भएकोमा सोही बमोजिम निर्धारित महलमा विवरण भर्ने, उल्लेखित बाहेक अन्य कुनै तवरबाट मुद्दाको फछ्र्यौट भएको संख्यालाई अन्यको महलमा राखी विवरण भर्ने,

- धेरै प्रतिवादी रहेका मुद्दामा कसैलाई सफाइ, दाबी नपुग्ने र कसैलाई कसुर कायम वा दाबी कायम भएको सम्बन्धमा मुद्दाको महलमा कसुर कायम उल्लेख गर्ने प्रतिवादीको महलमा जे जसरी निर्णय भएको छ सोही अनुसार प्रतिवादीको संख्या उल्लेख गर्ने, मुद्दामा रहेका सबै प्रतिवादीलाई सफाइ भएकोमा कसुरमा सफाइ, दाबी नपुग्ने महलको मुद्दा तथा प्रतिवादीको कोलममा मुद्दा संख्या र प्रतिवादीको संख्या उल्लेख गर्ने,
- जम्मा लगतमा रहेको मुद्दा तथा प्रतिवादीको संख्याबाट फछ्र्यौट महलमा उल्लेख भएका जम्मा फछ्र्यौट मुद्दा तथा प्रतिवादी संख्या घटाई बाँकी हुन आउने संख्या बाँकीको महलमा उल्लेख गर्ने,
- यस फारामको कुल जम्माको महलमा हुन आएको लगत, फछ्र्यौट (कसुर कायर र सफाइ, मुल्तवी, तामेली र अन्य समेत) र बाँकीको संख्या फाराम नं. १ को मुद्दाको मात्र (रिट समेतको होइन) लाइनमा उल्लेख भएको लगत, फछ्र्यौट र बाँकीको विवरण एक आपसमा मिले नमिलेको हेर्ने र असमान भएमा कहाँ के कति संख्यामा नमिलेनको हो भिडाई समान अंक कायम गरी विवरण तयार पार्ने,

## फाराम नं. ४

- यस फाराममा सरकारी वकील कार्यालयबाट अभियोजन गर्ने निर्णय भएका अनुसूची भित्र र बाहिरका फौजदारी मुद्दामा प्रतिवादी बनाइएका मध्ये पक्राउ, फरार भएका प्रतिवादीहरूको संख्या उल्लेख गर्ने र जम्माको महलमा दुवै संख्या जोड गरी संख्या भर्ने,
- न्यायिक निकायमा मुद्दा दायर गरे पश्चात प्रतिवादीलाई मुद्दाको सुनुवाइको क्रममा थुनामा राखी, धरौट/जमानीमा राखी वा तारेखमा राखी मुद्दाको कारबाही हुने गरी आदेश भए अनुसार तत्तत् संख्या थुनामा, धरौटमा र तारेखको महलमा उल्लेख गर्ने र तीनै महलको जोड गरी आउने संख्या जम्माको महलमा उल्लेख गर्ने,
- अनुसूची भित्र बाहिरका मुद्दाका विवरणलाई फाराम बमोजिम वर्गीकरण गरी अलग अलग विवरण भर्ने,

## फाराम नं. ५

- यस फाराममा जिल्ला सरकारी वकील कार्यालयबाट तामेलीमा राख्ने निर्णय भई पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता समक्ष निकासाका लागि पठाइएको मुद्दाको विषयका आधारमा फाराम बमोजिम संख्या छुट्टयाई विवरण भर्ने,
- तामेलीमा राख्ने निर्णय भएका मुद्दाहरूको फाराममा उल्लेखित विषय अनुसार घटित वारदात अनुसार वर्गीकरण गरी फाराम बमोजिम विवरण भर्ने,
- तामेलीमा राख्ने निर्णय भएका तर फाराममा उल्लेख नभएका अन्य वारदातलाई मुद्दालाई अन्यको महलमा उल्लेख गर्ने,
- फाराम नं. २ मा उल्लेख गरिएको तामेली निर्णयको कुल जम्मा संख्या र यस फाराममा रहेको जम्माको महलमा उल्लेखित संख्या समान भए नभएको भिडाई हेरी समान अंक कायम गर्ने,

## फाराम नं. ६

- यस फाराममा जिल्ला सरकारी वकील कार्यालयमा विभिन्न सरकारी कार्यालयहरूबाट कानूनी द्विविधा परी कानूनी राय माग गरी आएको संख्या, कार्यालय तथा राय प्रदान गरिएको संख्या उल्लेख गर्ने,
- फाराम नं. २ मा उल्लेख गरिएको कानूनी राय प्रदान गरेको कुल जम्मा संख्या र यस फाराममा रहेको जम्माको महलमा उल्लेखित संख्या समान भए नभएको भिडाई हेरी समान अंक कायम गर्ने,
- कानूनी रायको संख्या उल्लेख गर्दा लिखित रूपमा प्रदान गरिएको राय संख्या मात्र उल्लेख गर्ने,

## फाराम नं. ७

- यस फाराममा जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन भएका मुद्दा मध्ये महिला तथा बालबालिका पीडित र प्रतिवादी भएका मुद्दाहरूमा महिला तथा बालबालिकाको प्रतिवादी र पीडित संख्या फाराम बमोजिम विषयगत रूपमा भर्ने,
- विषयहरू उल्लेख भएकोमा सोही विषय अन्तर्गत संख्या उल्लेख गर्ने र महिला तथा बालबालिका पीडित र प्रतिवादी भएका तर फाराममा विषय उल्लेख नभएकोमा फारामको अन्त्यमा अन्यको महलमा उल्लेख गर्ने,
- बायाँ पट्टिको जम्माको रोमा रहेको महिला र बालबालिकाको कोलममा गत महिलासम्मको र यस महिनाको महिला र बालबालिकाको पीडितको र प्रतिवादीको संख्या फाराम बमोजिम छुट्टाछुट्टै जोड गरी उल्लेख गर्ने र फारामको दायाँ पट्टिको अन्त्यमा रहेको जम्माको महलमा रो अनुसारको संख्या जोड गर्दा हुन आउने संख्या उल्लेख गर्ने,
- पीडित संख्या उल्लेख गर्दा वारदातबाट प्रत्यक्ष रूपमा असर पर्ने व्यक्ति संख्या मात्र उल्लेख गर्ने हो, पीडितको परिवार समेतको संख्या होइन,

## फाराम नं. ८

- यस फाराममा जिल्ला सरकारी वकील कार्यालयको भौतिक स्थिति उल्लेख गर्ने,
- जग्गाको क्षेत्रफल भनेको कोलममा त्यस कार्यालयको नाममा रहेको जग्गाको कुल क्षेत्रफल उल्लेख गर्ने र कोष्ठ भित्र नापको इकाई समेत राखी पठाउने जस्तैः १-२-३-० (रोपनी/विगाहा/वर्गमिटर), यदि एक भन्दा धेरै ठाउँमा जग्गा रहेकोमा सबै जग्गाको कुल योग निकाली एकमुष्ठ रूपमा फाराममा विवरण भरी कैफियतमा कित्ता संख्या उल्लेख गर्ने,
- कार्यालय, आवास नभएमा छैन लेख्ने र भएकोमा छुट्टाछुट्टै महलमा कार्यालय तथा आवासको संख्या उल्लेख गर्ने,
- अरु फाराममा उल्लेख गरिएका भौतिक सामाग्रीहरू के कति संख्यामा छन संख्यामा उल्लेख गर्ने, नभएमा ड्यास (-) वा छैन लेख्ने,

# फाराम नं. ९

- यस फाराममा सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरवन्दी, पदपूर्ति र खालीको विवरण पद, श्रेणी तथा सेवा समूह समेत फाराम बमोजिम छुट्टाएर भर्ने,
- दरवन्दी संख्याबाट पदपूर्ति संख्या घटाई बांकी संख्या उल्लेख गर्ने,
- कार्यालयमा पदाधिकार रही अन्यत्र काजमा गएकोमा सो पदलाई पनि पदपूर्तिमा उल्लेख गरी विवरण भर्ने,
- नि.से.ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवा भएका कर्मचारीको विवरण भर्दा जुन पदमा कार्यरत रही सो दफा बमोजिम बढुवा भएको हो सो पदको दरबन्दी संख्या, पदपूर्ति सख्यामा चढाई फारामको त्यही लाइनको अन्तिम कोलममा रहेको बढुबा* महलमा संख्या भर्ने, (जस्तै ना.सु.पदबाट शाखा अधिकृतको पदमा विशेष बढुवा भएको सख्यालाई ना.सु. पदको दरवन्दी संख्यामा त्यो संख्या उल्लेख गर्ने, यसैगरी पदपूर्तिमा पनि उल्लेख गरी त्यही पदको अन्त्यमा रहेको बढुबा* लेखेको महलमा त्यसरी विशेष पदमा बढुवा भई समायोजन हुन बांकी संख्या लेख्ने ।
- कार्यालयमा दरबन्दी रहेको तर तत्काल करारबाट पदपूर्ति रहेको पदको हकमा जुन पद करार सेवामा लिई काम काज गरिरहेको हो सोही पदको दायाँ पट्टिको करारको कोलममा पद संख्या उल्लेख गर्ने,
- कुनै कुरा थप प्रष्ट उल्लेख गर्नु पर्ने भएमा कैफियत खोली उल्लेख गर्ने,